
# धातुभेदानुपस्सना

( धातु भेदलाई बिचार गरी हेर्ने पद्धति )



अनुवादक:
आर. बि. वन्द्य

प्रकाशक:
नन्द सिद्धि गुभाजु

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# धातुभेदानुपस्सना

(धातु भेदलाई विचार गरी हेर्ने पद्धति)


मूल लेखक

**भिक्खु ऊ. ञाण महास्थविर**

नेपाल भाषाका प्रथम अनुवादक

**संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर**

अनुवादक

**आर. बि. वन्द्य**



प्रकाशक

**नन्द सिद्धि गुभाजु**


Downloaded from http://dhamma.digital

प्रकाशक

नक्ष सिद्धि गुभाजु
मखं बही, मखन टोल,
काठमाडौं, नेपाल ।

प्रथम संस्करण १००० प्रति
२५३१ औं बुद्ध जयन्ती

(सर्वाधिकार अनुवादकमा सुरक्षित)

बुद्ध सम्बत् : २५३१
नेपाल सम्बत् : ११०७
विक्रम सम्बत् : २०४४
ईस्वी सम्बत् : १९८७

मुद्रक

शारदा प्रिन्टिङ्ग प्रेस
२१३ न्हूसाल (धर्मपथ)
काठमाडौं, नेपाल ।
फोनः २-२२५२७, २-१२३७६

Downloaded from http://dhamma.digital

"यो धम्मं पस्सति, सो मं पस्सति"

–भगवान बुद्ध

"परमत्थ तो एकेकस्मिं धम्मे उपपरिक्खिय माने अस्मिति'वा अहन्ति'वाति गाहस्स वत्थु भूतो सत्तोवाम नत्थि ।
परमत्थतो पन नामरूपमत्तमेव अत्थि ।"

–विशुद्धिमार्ग अर्थकथा
दृष्टिविशुद्धि काण्ड

Downloaded from http://dhamma.digital

# समर्पण

जगत संसार सत्व प्राणी मात्रको हित सुख मंगलार्थ

सद्धर्मको सेवामा पनि समयका लगानी गर्न

सदैव प्रेरणा दिइरहनु हुने

प्रातः स्मरणीय महोपकारी

पूज्य दिवंगत सद्धर्मप्रेमी पिता

श्री चिढो रत्न शाक्यको

पुण्य स्मृतिमा

सादर साञ्जली समर्पित ।

—आर. बि. वन्द्य

Dhamma.Digital

Downloaded from http://dhamma.digital

"मत्ता सुख परिच्चागा पस्से चे विपुलं सुखं ।
चजे मत्ता सुखं धीरो सम्पस्सं विपुलं सुखं ॥"

अर्थ

विपुल सुखको लागि अल्प सुखलाई त्याग्नु पर्दछ ।
धीर पण्डितजन निर्वाणमा विपुल सुखलाई देखी
संसारको अल्प सुखलाई परित्याग गर्दछन् ॥

**बुद्धका अन्तिम वचन**

"हन्ददानि भिक्खवे, आमन्तयामि वो, वयधम्मा संखारा अप्पमादेन सम्पादेथ ।"

Downloaded from http://dhamma.digital

# विषय सूची


| विषय | पृष्ठ संकेत |
|---|---|
| प्राक्कथन | क – ङ |
| दुई शब्द | ढ – प |
| प्रकाशकीय | फ – भ |
| धातु भेदको बिचार | १ – १० |
| ञात परिञ्ञाण | १० – १८ |
| सम्मसन ञाण | १८ – २३ |
| उदय ब्बय ञाण | २३ – २४ |
| भङ्ग ञाण | २४ |
| निब्बिन्द ञाण | २४ – २७ |
| मुञ्चितुकम्यता ञाण | २७ |
| पटिसङ्खाण ञाण | २७ – ३० |
| सङ्खारुपेक्खा ञाण | ३१ |
| लौकिक दु:ख सत्य | ३१ – ३५ |
| चतुरार्यसत्य अवबोध | ३६ – ४३ |
| परिशिष्ट | ४४ – ४८ |
| गिरिमानन्द सुत्त | ४९ – ५३ |
| बोज्झङ्ग सुत्त | ५४ |
| पट्ठान पाठ | ५५ |


Downloaded from http://dhamma.digital

# प्राक्कथन

भगवान बुद्धको धर्मलाई सूत्र, विनय र अभिधर्म गरी तीन पिटकमा बिभाजित गरिएको पाइन्छ। ती मध्ये सूत्र र विनयलाई मर्त्यलोकमा उपदेश गर्नु भए पनि भगवान बुद्धले अभिधर्मको देशना मनुष्य लोकमा गर्नु भएको थिएन। किनभने बर्षावास तीन महीना सम्म अर्थात् ९० दिन सम्म देशना गर्नु पर्ने अभिधर्मको उपदेश मर्त्यलोकमा गर्न अनुकूल उपयुक्त हुंदो रहेन छ। स्वयं तथागतले यस गम्भीर धर्मलाई मनुष्य लोकमा देशना गर्न चाहनु भए पनि यो धर्म श्रवण गर्ने मनुष्य परिषद्मा यस्तो गम्भीरातिगम्भीर सूक्ष्मातिसूक्ष्म धर्मोपदेशलाई अविचलित भई अनविच्छिन्न रूपले ध्यान लगाई श्रवण गर्न सामर्थ्य युक्त ईर्यापथ सामान्य मानव जातिमा उपलब्ध हुन सक्तो रहेन छ।

दिन रात अटूट रूपले ३ महीना सम्म धर्म श्रवण गर्ने कुरालाई त परै राखौं, तीन दिन सम्म पनि सुत्दै नसुतीकन धर्म श्रवण गर्ने सामर्थ्य मानिसमा हुंदैन। आजकाल त एक जना भिक्षुले ३ घण्टा मात्र पनि धर्म देशना गर्दा कतिपय श्रोताहरू निदाउन लागेका देखिन्छन् भने कतिपय श्रोतागण उकुस मुकुस भई आफ्ना आसनबाट उठिसकेका हुन्छन्। तसर्थ मनुष्य जातिको हिसाबले ३ महीना लाग्ने भए तापनि तावतिंस देवलोकका देवताहरूको लागि १ घण्टा जति समय लाग्ने यस अभिधर्मको उपदेशलाई भगवान बुद्धले तावतिंस देवलोकमा उपदेश गर्नु हुनाको कारण एउटा यही पनि थियो। अर्को कारणमा देवताको समय अनुसार पनि एक घण्टा लाग्ने यस धर्मोपदेशलाई अविचलित रही धर्म श्रवण गर्न सक्ने देव ब्रह्मा



Downloaded from http://dhamma.digital

परिषदहरूलाई छानो भगवान बुद्धले अभिधर्मको देशना तावतिंस देवलोकमा गर्नु भएको थियो ।

गण्ड नामक उद्यानपालले रोपी राखेको सेतो आँपको रूख (गंडम्ब - रूक्ख) को मुनि तीर्थङ्करहरूलाई दमन गर्नको लागि यमक प्रतिहार्य देखाई सक्नु भए पछि अभिधर्मको उपदेश गर्नको लागि भगवान बुद्ध तावतिंस देवलोक (त्रयस्त्रिंश देवलोक) मा जानु भई पारि-छत्रक बृक्षको मुनिको पाण्डु - कम्बल शिलासनमा सूर्य समान शोभायमान हुने गरी बिराजमान भई सन्तुस्सित देवपुत्रको रूपमा त्रयस्त्रिंश देवलोकमा उत्पत्ति हुनु भएका आफ्नी माता महामाया देवीलाई प्रमुख गरी दश सहश्र चक्रवालबाट जम्मा हुन आएका देव ब्रह्मा परिषदहरूलाई मनुष्य सम्पदा, दिव्य सम्पदा र निर्वाण सम्पदा प्राप्त गराई दिने अभिधर्मको देशना बर्षावासको तीन महीना सम्म अटूट रूपमा गर्नु भएको थियो ।

भगवान बुद्धले बर्षाबास तीन महीना सम्म ब्याख्यान गर्नु भएको अभिधर्मको देशनालाई वित्थारनय, सङ्खेपनय, नातिविस्थार नातिसङ्खेपनय नामक तीन भागमा विभाजित गरिएको छ । ती तीन भाग मध्ये त्रयस्त्रिंश देवलोकमा देव ब्रह्माहरूलाई उपदेश गर्नु भएका अभिधर्म अत्यन्त विस्तृत रूपबाट देशना गर्नु भएको हुंदा सो अभिधर्म देशनालाई वित्थारनय भनी भनिन्छ । श्रीखण्ड वनमा रहंदाको समयमा सारिपुत्र स्थविरलाई उपदेश गर्नु भएको अभिधर्मको देशना अत्यन्त संक्षिप्त रूपबाट उपदेश गर्नु भएको हुंदा सो अभिधर्म देशनालाई सङ्खेपनय भनी भनिन्छ। अनि सारिपुत्र स्थविरले आफ्ना अधीनका पांच सय शिष्य भिक्षुहरूलाई पुनः व्याख्यान गर्नु भएका अभिधर्म देशना अत्यन्त विस्तृत पनि नभएको र अत्यन्त संक्षिप्त पनि नभएको हुंदा सो अभिधर्म देशनालाई नातिवित्थार नातिसङ्खेपनय भनी भनिन्छ ।

निदान सोनेबटाबाट सम्पूर्ण भएको अभिधर्म देशनालाई प्रकरण परिच्छेदको हिसावबाट धम्म सङ्गणी, बिभङ्ग, धातुकथा,



Downloaded from http://dhamma.digital

पुग्गल पञ्ञति, कथावस्थु, यमक र पट्ठान समेत जम्मा सात ग्रन्थमा संग्रहित गरिएको पाइन्छ ।

आजकाल स्थविरवादी बौद्ध देशहरूमा प्रचलनमा रहेको अभिधर्म चाहिं सारिपुत्र स्थविरले आफ्ना अधीनका पांच सय शिष्य भिक्षुहरूलाई उपदेश गर्नु भएको अभिधर्म हो । यस प्रकार अभिधर्मको आचार्य शिष्य परम्परा आज यद्यपि चलिरहेकै छ ।

धातुभेदानुपस्सना नामक प्रस्तुत पुस्तक अभिधर्म सात ग्रन्थ-हरू मध्येको धातु कथा नामक ग्रन्थ अन्तर्गत रहेको एक अंश हो । यस पुस्तकमा समुल्लेख गरिएका धातुहरूलाई तीन परिञ्ञाद्वारा अवबोध गरिलिनु पर्दछ । यसलाई बुझ्न सकेको खण्डमा माग फल तथा निर्वाण प्राप्त भई दुःखबाट सदाको लागि मुक्त हुन सकिने हुन्छ ।

तीन परिञ्ञा यस प्रकारका छन् :–

१) ञात परिञ्ञा
२) तीरण परिञ्ञा
३) पहान परिञ्ञा

परिञ्ञाको अर्थ हो ज्ञानबाट जानी बुझी लिनु ।

१) ञात परिञ्ञा

ञात परिञ्ञा भन्नु १८ प्रकारका धातुलाई संक्षिप्त रूपबाट रूप धर्म, नाम धर्म, एवम् निर्वाण धर्मको स्वभाव र ती स्वभाव धर्मलाई राम्ररी अवबोध गरी दक्षता प्राप्त गर्नु हो । प्रस्तुत पुस्तकमा १८ प्रकारको धातुको स्वभावलाई राम्ररी दर्शाइएको पाइन्छ ।

रूप धर्म, नाम धर्म र निर्वाण धर्मको स्वभावको बारेमा यस पुस्तकमा यसरी वर्णन गरिएको पाइन्छ ।

"परमत्थतो एकेकस्मिं धम्मे उपपरिक्खियमाने अस्मीति वा अहन्ति वा ति गाहस्स वत्थुभूतो सत्तो नाम नत्थि । परमत्थतो पन नाम रूप मेव अत्थि ।"



Downloaded from http://dhamma.digital

भावार्थ – एक एक वटा स्वभाव धर्मलाई लिएर बिचार गरेर हेरेको खण्डमा म नै भनी, म नै हुं भनीकन परमार्थको दृष्टिबाट भित्रै देखि विश्वास गरीकन समाई राख्न सकिने द्रव्य सत्ता रूपी सत्व भन्ने केही छैन। यसरी प्रमाण दिइराखिएको तथ्यलाई बुझमा म, ऊ, स्त्री, पुरुष, ऋषि, परिव्राजक भन्ने बास्तवमा केही नभएको तथ्यलाई देख्ने हुन्छ। केही नभएको कुरोलाई देखाई अब केही भएको कुरालाई दर्शाउछु। परमार्थको दृष्टिबाट हेर्ने हो भने बास्तवमा नाम रूपै मात्र छन्। यसरी अवबोध हुनुलाई ञात परिञ्ञा भनिन्छ।

पुनः ञात परिञ्ञाको बिषयमा यसरी भनिएको छ :–

रूप लक्खणं रूप वेदयित लक्खणा वेदना'ति एवं तेसं तेसं धम्मानं पच्चत्तलक्खणा सल्लक्खण वसेन पवत्ता "ञात परिञ्ञा नाम"।

भावार्थ – रूप भनेको परिवर्तित हुंदै बिनष्ट भएर जाने लक्षणवाला रहेछ। वेदना भनेको अनुभव गर्ने लक्षण रहेछ। यसरी तत् तत् स्वभाव धर्मका भिन्न भिन्न लक्षणलाई राम्ररी जान्न बुझ्न सकिने प्रज्ञालाई "ञात परिञ्ञा" भनी भनिन्छ।

२) तीरण परिञ्ञा

त्रि लक्षण भन्नाले लक्षण तीन प्रकारका छन्।

क) अनित्य लक्षण

ख) दुःख लक्षण

ग) अनात्म लक्षण

नाम रूपलाई अनित्य, दुःख र अनात्माको रूपबाट देख्नुलाई "तीरण परिञ्ञा" भनिन्छ।

अनित्य लक्षण

अनित्य लक्षण भनेको विपरिणाम अन्यथा भावलाई भनिएको हो। बिपरिणाम भनेको साविक बमोजिम नभई विपरीत हुंदै जाने स्वभावलाई भनिएको हो। अन्यथा भाव भनेको शिर



Downloaded from http://dhamma.digital

पुच्छर (छेउ टुप्पा) मिलेको आकार प्रकारमा फरक भएर जाने प्रकृयालाई भनिएको हो। रूपारम्मण नामक वर्णधातु र चक्खु प्रसाद धातु बीच स्पर्श हुना साथ देखें भनि थाहा पाउने चक्खु विञ्ञाण धातु फुट्ट फुट्ट उत्पत्ति भई विनाश भएर जांदो रहेछ। जसरी चकमक नामक ढुंगा दुई टुक्रालाई आपसमा जुडाउना साथ आगोको झिल्का निस्की विलीन भएर जाने हुन्छ त्यसरी नै रूपारम्मण नामक वर्ण धातु र चक्खु पसादका बीच जति पटक आपसमा स्पर्श हुन्छ त्यति नै पटक चक्खु विञ्ञाण धातु नामक थाहा पाउने स्वभाव फुट्ट फुट्ट उत्पत्ति भई अनगिन्ति रूपबाट बिनष्ट भएर जाने गर्दछ।

त्यसरी नै पांच आरम्मण, पञ्च द्वार र पञ्च विञ्ञाण पनि माथि भनिए झैं उत्पत्ति हुदै विनष्ट भएर जांदा रहेछन्। यस प्रकारले रूप धर्म र नाम धर्म सांच्चिकै अनित्य हुन् भनी थाहा पाउन सकिएमा अनित्य लक्षण देखेको भनी भनिन्छ।

## दुःख लक्षण

यस प्रकारले अटूट अविराम गतिले निरन्तर रूपबाट विनाश भएर गइरहेका नाम रूप धर्ममा केही सुख आनन्द महशूस गर्ने ठाउं छ कि भनी राम्ररी विचार गरेर हेर्ने हो भने रेणु मात्र पनि सुख आनन्द अनुभव गर्न सकिने भन्ने छैन भन्ने कुरा स्पष्ट देखिने छ। जसरी शस्त्र अस्त्रबाट सुसज्जित भई बाटो ढुकी बसेका शत्रुबाट हरेक पटक आवत जावत गर्दा शस्त्र प्रहार गरिएका कुनै व्यक्ति सो शत्रु भएको बाटोबाट हिड्न डराउने हुन्छ त्यसरी नै म, ऊ, ऋषि, परिव्राजक भनी सम्झी राखिएकोलाई धातुका रूपबाट हेरेर लाने बेलामा ती उत्पत्ति भएका विञ्ञाण आदि धातु समूह पनि शस्त्र प्रहारबाट विनाश भएको भन्दा बढी मात्रामा विनाश भएर जांदा रहेछन् भन्ने सत्यलाई राम्ररी देख्न थाले पछि सुख आनन्द लिने इच्छा भनेको केही पनि बांकी रहन्न। केवल दुःखकै ढिक्का, दुःखकै राशलाई मात्र निरन्तर रूपमा



Downloaded from http://dhamma.digital

देखिन थाल्ने हुन्छ। यस प्रकारले दुःख भयलाई देख्नुलाई दुःख लक्षण देखेको भनी भनिन्छ।

अनात्म लक्षण

यसरी विनाश भएर गइरहेका र दुःखको मुहान भइरहेका स्वभाव धर्महरूमा म, ऊ, स्त्री, पुरूष, सत्व भन्ने सांच्चिकै केही छ कि त भनी राम्ररी बिचार गरेर हेर्ने हो भने म, ऊ, स्त्री, पुरूष, सत्व भन्ने सांच्चिकै केही हुंदो रहेनछ भन्ने सत्य स्पष्ट रूपमा देखिन थाल्ने छ। यसरी अनुभव गर्दाको प्रत्येक क्षणमा म, ऊ भन्ने केही वास्तवमा हुंदो रहेनछ भनीकन बारम्बार विचार गर्दै हेर्दै लांदा म, ऊ, स्त्री, पुरूष, पुद्गल, सत्व संज्ञा अर्थात् अत्तदिट्ठि (आत्मा दृष्टि) लोप भएर गई केवल अनत्त स्वभावलाई मात्र दृष्टान्त रूपमा देख्न थाल्ने हुन्छ। यसरी देखेकोलाई "अनत्त" देखेको भनी भनिन्छ। अनि पछि मात्र अनात्म ज्ञान अनात्मा लक्षण साक्षात्कार हुने हुन्छ।

यसरी अनित्य, दुःख र अनात्मालाई देख्नुलाई तीरण परिञ्ञा भनी भनिन्छ।

३) पहान परिञ्ञा

पहान परिञ्ञा भनेको बिपल्लास धर्मलाई हटाई निपुणता प्राप्त गर्नुलाई भनिएको हो।

पहान धर्म पांच किसिमका छन् :—

१) तदङ्ग पहान
२) विक्खम्मन पहान
३) समुच्छेद पहान
४) पटिपस्सद्धि पहान
५) निस्सरण पहान

यी पांच पहानलाई स्पष्ट गर्नका लागि प्रथमतः क्लेशको भूमि तीनलाई दर्शाउनु पर्ने हुन्छ। तीन किसिमका भूमि भेद यस प्रकार छन् :—



Downloaded from http://dhamma.digital

१) अनुसय भूमि
२) परियुट्ठान भूमि
३) वीतिक्कम भूमि

उत्पत्ति, स्थिति, भङ्ग हुने चित्त चैतसिकहरू उत्पन्न नभई चित्त सन्तती मात्र अविच्छिन्न रूपबाट टाँस्सिएर बस्ने, लुकेर बस्ने, दबिएर बस्ने, निद्रित स्थितिमा रहने क्लेशको अनुशय स्थितिलाई अनुसय भूमि भनिन्छ ।

६ द्वार मध्ये कुनै एउटा द्वारमा क्लेश उत्पन्न हुनलाई सर्वं प्रथम आरम्मण फेला परोकन मनोद्वारको भित्र लुप्त भएर रहेको क्लेशको उत्पत्ति भएर आउने अवस्थालाई परियुट्ठान भूमि भनी भनिन्छ ।

मनोद्वारमा मात्र क्लेश अवस्थित नरही शरीर र वचनद्वारा पनि उल्लंघन समेत गरिने अवस्थालाई वीतिक्कम भूमि भनी भनिन्छ ।

आदि अन्त्य रहित संसारमा प्रत्येक प्राणीमा लोभ चित्त एउटैको पनि तीनवटा भूमि हुन्छन् । त्यसरी नै द्वेष चित्तमा पनि भूमि तीनैवटा हुन्छन् । मोह क्लेश, दिट्ठि क्लेश, मान क्लेशहरू पनि अलग अलग तीन तीन वटै हुन्छन् ।

शील, समाधि र प्रज्ञा नामक शिक्षा मध्ये शीलले केवल क्लेशको तृतीय भूमिलाई मात्र हटाई दिन सक्छ। क्लेशका द्वितीय भूमि र प्रथम भूमि बांकी नै रहिरहने हुदा शीलद्वारा हटाइएका क्लेशहरू पुनः पुनः उत्पत्ति भएर आउन सक्ने भई वीतिक्कम भूमि सम्म पनि क्लेश पुनः उत्पन्न भएर आउन सक्तछ। त्यसैले शीलद्वारा क्लेश हटाउनुलाई तदङ्ग पहान भनिन्छ ।

प्रथम ध्यान द्वितीय ध्यान आदि ध्यान समाधि नामक समाधि शिक्षाले शीलद्वारा हटाई बांको रहेको द्वितीय परियुट्ठान भूमि नामक दोश्रो भूमिलाई हटाउन सक्तछ। यसलाई विक्खम्भन



Downloaded from http://dhamma.digital

पहान भनी भनिन्छ । क्लेशको अनुसय भूमि शेष रहिरहेको हुंदा ध्यान समापत्तिद्वारा हटाई सकिएका क्लेशहरू पनि ध्यान समापत्तिका विरोधी क्लेशहरू अभिमुख हुने अवस्थामा समाधिलाई समेत ध्वस्त पारी वीतिक्कम भूमि सम्म पनि क्लेशहरू उत्पन्न हुन सक्छन् । वोधिसत्व हरितच तपस्वी दीर्घकाल सम्म ध्यान अभिज्ञा प्राप्त भई राज उद्यानमा बसिरहेका थिए । उनी दिनहुं आकाश मार्गबाट दरवारमा भिक्षाटन गर्न जान्थे । एक दिन आकाश मार्गबाट भिक्षाटनको लागि गमन गरिरहंदा सो राजाका रानीले हतार हतार गरीकन शयनासनबाट जागा हुंदा अनायास उनका बस्त्र खस्न पुगेछ । आकाश मार्गबाट उडेर आइरहेका उक्त तपस्वीले रानीको नग्न रूप देखी आशक्त हुन पुग्दा तत्क्षणमै उक्त ऋषि ध्यानबाट च्यूत भयो । अनि सो ऋषि रानीबाट आकर्षित भई आफ्नो तपस्या र साधनाको शिक्षालाई समेत भूलीकन रानीको सम्मुख उभिन पुगेछ । यस वृतान्तबाट पनि स्पष्ट हुन्छ कि ध्यान समापत्तिका विरोधी क्लेशहरू अभिमुख हुने अवस्थामा क्लेशले समाधिलाई समेत बिगारीकन बितिक्कम भूमि सम्म पनि क्लेश उत्पत्ति हुन सक्ने रहेछ ।

ध्यान समाधि कुशल भनेको शील कुशल भन्दा बढी प्रभावशाली भएको हुंदा यसले क्लेशलाई कट्ट उठी उपद्रव गर्न नसकिने गरी दूरसम्म हटाई दिन्छ ।

विपश्यना प्रज्ञा, लोकोत्तर मार्ग प्रज्ञा नामक तृतीय शिक्षाले शील र समाधिद्वारा पनि हटाउन नसकिने क्लेशको अनुसय भूमि नामक प्रथम भूमिलाई हटाई दिन्छ । प्रथम भूमिलाई हटाईदिने भनेको क्लेशको शेष पनि बांकी नरहने गरी समूल नष्ट गर्नुलाई भनिएको हो ।

प्रज्ञाद्वारा क्लेशको प्रथम भूमिको रूपमा रहेको अनुसय भूमि सम्म नै समूल निर्मूल गरी सकिएका क्लेशहरू त्यस व्यक्तिमा पछि एक वार फेरि सो क्लेशहरू उत्पत्ति हुन सकिने सम्भावना नै रहंदैन । यस प्रकार क्लेश हटाउनलाई सच्मुछेद पहान भनी



Downloaded from http://dhamma.digital

भनिन्छ । जरा समेत उखेली शेष कसर समेत केही बांकी नरहने गरी क्लेश हटाउनुलाई समुच्छेद पहान भनिएको हो । लोकोत्तर मार्ग प्रज्ञाद्वारा हटाइएका क्लेशलाई लोकोत्तर फल प्रज्ञाले पनि बहुत वेग शक्तिका साथ हावा सम्म पनि केही बांकी नरहने गरी पुन: एकपटक शान्त गरी पठाउनुलाई "पटिपस्सद्धि पहान" भनी भनिन्छ । निर्वाणद्वारा हटाउनुलाई "निस्सरण पहान" भनी भनिन्छ ।

श्रोतापत्ति मार्ग प्रज्ञाद्वारा दृष्टि र विचिकित्सालाई जरा समेत केही बांकी नरहने गरी निर्मूल गरिदिन्छ । अपायगामी दुश्चरित्र र अपाय भूमिलाई पनि पुन: एकपटक उत्पत्ति हुन नसकिने गरी समूल हटाई दिन्छ ।

सकृदागामी मार्ग प्रज्ञाले त्यस पुद्गलमा बांकी रहेका अत्यन्त स्थूल काम राग, व्यापादलाई हटाई सूक्ष्म पारि दिन्छ ।

अनागामी मार्ग प्रज्ञाले त्यस पुद्गलमा शेष रहेका सूक्ष्म काम राग व्यापादलाई शेष नै बांकी नरहने गरी समूल निर्मूल गरिदिन्छ । अब त्यस व्यक्तिको कामको लहरो नै चुंडिन्छ । मृत्यु पर्यन्त अनागामीले शुद्धावास भूमिमा जन्म ग्रहण गर्दछ ।

अरहन्त मार्ग प्रज्ञाद्वारा त्यस पुद्गलमा बांकी रहेका सम्पूर्ण क्लेशलाई पूर्ण रूपमा नष्ट गरी निर्मूल गरिदिन्छ । सो पुद्गल क्लेश शान्त भएको अरहन्त हुन पुग्दछ । तीनै भवबाट मुक्त हुन्छ । त्यसैले बुद्ध धर्ममा समुच्छेद पहान नै मुख्य महत्वपूर्ण पहान हुन्छ ।

यस प्रकार ज्ञात परिञ्ञाद्वारा धातु स्वभावलाई भिन्न भिन्न किसिमबाट फारी फारीकन तीरण परिञ्ञा द्वारा उक्त धातुलाई अनित्य, दु:ख र अनात्माको रूपबाट देखी हेरी पहान परिञ्ञा द्वारा सम्पूर्ण क्लेशलाई आर्य मार्गद्वारा पहान गरी अन्तत्वो:गत्वा सम्पूर्ण दु:खबाट विमुक्त रहेको निर्वाण सम्मलाई प्राप्त हुने तथ्यलाई प्रस्तुत पुस्तकमा राम्ररी दर्शाइएको छ ।



Downloaded from http://dhamma.digital

धातुभेदानुपस्सना नामक प्रस्तुत पुस्तकको लेखक भदन्त ञाण महास्थविर हुनु हुन्छ। उहाँले भदन्त तिखिन्द्रिय महास्थविरको अन्तेवासी शिष्य भइकन धातु कर्मस्थान भावना अध्ययन गर्नु भई सोही आधारमा प्रस्तुत पुस्तक लेख्नु भएको हो। त्यस पुस्तकलाई सर्वप्रथम नेपाल भाषामा अनुवाद गर्ने हो सघ महानायक भिक्षु पूज्य प्रज्ञानन्द महास्थविर। नेपालका संघ महानायक भन्तेले १) परित्राण, २) धातुभेदानुपस्सना, ३) बुद्धोपदेश, ४) विशुद्धि ज्ञान दर्शन, ५) महाजय मङ्गल पाठ, ६) त्रिलक्खण दीपनी, ७) धातु विवण्णक प्रेत कथा, ८) अनागत वंश, ९) विशुद्धि प्रज्ञा दर्पन, १०) स्वंगः मिखा स्वयेगु (तीन मैत्रबाट हेर्ने), ११) अनन्तोपकारक बुद्ध, १२) द्वितीय विशुद्ध ज्ञान दर्शन, १३) महासति चट्टान भावना, १४) सम्बुल जातक, १५) भगवान बुद्ध र जन्मान्तरवाद, १६) महासमय सूत्र, १७) काकवलीय महाजन कथा, १८) संसारय् छु दु ? (संसारमा के छ ?), १९) सङ्खार भाजनी र २०) मातुपोषक जातक आदि पुस्तकहरू लेख्नु भएको छ। ती पुस्तक मध्ये कतिपय पुस्तक बर्मेली भाषाका पुस्तकबाट अनुवाद र कतिपय हिन्दी पुस्तकबाट अनुवाद गर्नु भई नेपाल भाषा साहित्य र धर्मको भण्डार भरि दिनु भए झैं उहाँले धातु भेदानुपस्सना पुस्तक पनि बर्मी भाषाको पुस्तकबाट अनुवाद गर्नु भएको रहेछ। विज्ञ पाठक वर्ग विशेषतः परमार्थ प्रेमी पाठक वर्गले यस पुस्तकलाई हार्दिक स्वागत गर्नेछन् भन्ने कुरामा म पूर्ण आशावादी एवम् विश्वस्त छु।

**प्रस्तुत पुस्तक कसरी प्रकाशनावस्थामा आएको हो भन्ने विषयमा पनि म केही चर्चा गर्न चाहन्छु।**

"जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" तथा "पञ्च आलोक" नामक पुस्तक प्रकाशित भई सकेपछि संघमहानायक प्रज्ञानन्द महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गर्नु भएको "धातु भेदानुपस्सना" पुस्तक लिई साहु श्री नन्द सिद्धि गुभाजु



Downloaded from http://dhamma.digital

कहाँ म गएको थिएँ । त्यो पुस्तक हेर्नु भई यसको महामता बुझनु भए पछि त्यस पुस्तकलाई नेपाली भाषामै अनुवाद गरी प्रकाशित गर्ने इच्छा साहुजीले प्रकट गर्नु भयो । सो पुस्तकको अनुवाद कार्य पनि श्री आर. बि. वन्द्यबाट नै भएमा मात्र राम्रो होला । तसर्थ यस विषयमा श्री वन्द्यज्यूलाई अनुरोध गरिदिनु पऱ्यो भनी साहुजीले मलाई आग्रह गर्नु भयो । त्यसैले एकदिन फूर्सदको समय मिलाई म धातुभेदानुपस्सना पुस्तक लिई श्री आर. बि. वन्द्यको घरमा गई श्री नन्द सिद्धि गुभाजुको अनुरोध समेत सुनाई सो पुस्तकलाई नेपाली भाषामा अनुवाद गरिदिन अनुरोध गर्दा उहाँले सहर्ष स्वीकार गर्नु भयो ।

भदन्त प्रज्ञानन्द महास्थविरज्यूले ४०/४५ बर्ष अघि अनुवाद गर्नु भएको सो पुस्तकमा भाषा केही विलष्ट र अस्पष्ट भएको देखिएबाट एक पटक बर्मी भाषाको मूल पुस्तक संग नै भिडाई हेरी भाषा परिशुद्ध र परिमार्जित गर्नु पर्ने आवश्यकता महशूस भए-बाट मैले बर्मी मूल पुस्तक सग भिडाई शुरू देखिनै नेपाल भाषामा नै धातुभेदानुपस्सनाको भाषा सशोधन गर्ने काम शुरू गरें । किन्तु समयाभावले गर्दा फूर्सद फूर्सदमा मात्र संशोधनको काम गर्नु परेकोले शुरू शुरूमा महीनौं महीना सम्म त किताबलाई त्यसै अन्त्याई राख्नु पऱ्यो । पछि फूर्सद फूर्सदको समय मिलाउँदै अलि अलि गरी पुस्तकको भाषा संशोधन गर्ने क्रम जारी गर्दै करीब एक बर्ष व्यतीत भए पछि मात्र संशोधनको काम मैले पूरा गर्न पाएं । अनि सो संशोधित पुस्तकको पाण्डुलिपी लिईकन नेपाली भाषामा अनुवाद गराउन म श्री आर. बि. बन्द्यज्यूलाई भेट्न गएं । संयोगवश त्यस बेला श्री बन्द्यज्यू पनि आफ्नो काममा अति न व्यस्त हुनु हुन्थ्यो । त्यसैले श्री बन्द्यज्यूले पनि फूर्सदको समय मिलाई अलि अलि गरेरै मात्र अनुवाद गर्ने काम शुरू गर्न लाग्नु भयो । तसर्थ अनुवादको गति निकै ढीलो हुनु अस्वाभाविक थिएन । त्यसै बीचमा अनुवादकलाई अल्फाईको रोगले ग्रस्त गर्दा पनि अनुवाद कार्यमा बाधा हुन पुग्यो । किन्तु प्रस्तुत पुस्तकको



Downloaded from http://dhamma.digital

अनुवादको लागि मैले बरावर ताकेता गर्न गएको हुंदा श्री बन्द्य ज्यूले सदधर्म प्रतिको आफ्नो गह्रिरो आस्था र निष्ठालाई प्रदर्शन गर्दै विरामीको अवस्थामा पनि आलस्य नगरीकन प्रस्तुत पुस्तकको अनुवाद कार्य सम्पन्न गरी मलाई पाण्डुलिपी बुझाइ दिनु भयो। साथै प्रस्तुत पुस्तकको लागि प्राक्कथन लेखिदिन पनि मलाई नै अनुरोध गर्नु भयो। प्रस्तुत पुस्तकको भूमिका लेख्नु हुंदा अभिधर्मको प्रारम्भ कसरी भएको हो सो को वृतान्त पनि देखिने गरी लेख्नु भएमा पाठकवर्गलाई उपयोगी हुने राय सुझाउ पनि उहांले मलाई दिनु भयो। सोही सुझाउ अनुरुप प्राक्कथनमा अभिधर्य सम्बन्धी धार्मिक परम्पराको केही चर्चा गर्ने प्रयास गरेको छु।

प्रस्तुत पुस्तकको अनुवाद समाप्त भएपछि पाण्डुलिपी मैले श्री नन्द सिद्धी साहुजीलाई दिन जांदा उहाँ प्रस्तुत पुस्तकको अनुवाद हेरी हर्षित हुनु भई यसलाई प्रकाशित गर्न तत्पर हुनु भयो। यसरी धातुभेदानुपस्सनाको प्रस्तुत अनुवाद प्रकाशित भएको छ।

यस पुस्तकमा उल्लेख गरिएका धातु स्वभावलाई जान्नु बुझ्नु र अनुभव गर्नु भनेको निश्चय नै सरल काम चाहि होइन। धातु स्वभावलाई जानी बुझी रसास्वादन गर्न महान धैर्य, प्रज्ञा र अविचलित अभ्यासको आवश्यकता पर्दछ। किन्तु अप्रमादी भई स्मृतिलाई अक्षुण्ण राख्न सकेको खण्डमा आधुनिक यन्त्रको सहयोगले पत्ता लगाउन नसकिने धातु स्वभावलाई सामान्य व्यक्तिले पनि यथार्थ रुपबाट देख्न जान्न अनुभव गर्न सक्छ। आजकल नेपालमा विपश्यना भावनाको अभ्यास गर्ने इच्छा र अभिरुचीमा सुबृद्धि भइरहेको हुंदा यस्तो अवस्थामा धातुभेदानुपस्सना जस्तो गम्भीर अभिधर्म सम्बन्धी पुस्तकको प्रकाशन हुनु निश्चय पनि समय सापेक्ष र समानुकूल कार्य हो भन्ने सम्झेको छु। मलाई पूर्ण आशा एवम् विश्वास छ प्रस्तुत पुस्तकबाट नेपाली धार्मिक जन निकै लाभान्वित हुने छन्। अनि भगवान सम्यक्



Downloaded from http://dhamma.digital

सम्बुद्धको सूक्ष्म एवम् गम्भोर धर्म र दर्शनको अझ बढो अध्ययन र अभ्यासमा पाठक वर्ग आकर्षित भई सूक्ष्माति सूक्ष्म गम्भोराति गम्भोर प्रज्ञा ज्ञानका अधिकारी स्वयं भई बुद्ध धर्मको गहनता र उपयोग बारेमा अझ बढी जानकारी हासिल गर्न सफल हुनेछन् र बुद्ध धर्मको उद्देश्य अनुसार जीवनको लक्ष सम्पादन गरि लिन समर्थवान् हुनेछन् ।

अत्यन्त कार्य व्यस्तता र प्रतिकूल स्वास्थ्यको समयमा पनि श्री आर. बि. वन्द्यज्यूले यस्तो अमूल्य ग्रन्थको नेपाली भाषामा स्तरीय अनुवाद गर्नु भएकोमा म उहाँलाई हार्दिक साधुवाद सह मङ्गल कामना व्यक्त गर्न चाहन्छु । साथै भविष्यमा पनि अन्य अमूल्य पुस्तकका अनुवाद कार्य पनि अहिले जस्तै राम्ररी सम्पादन गर्न सकून् भनी हार्दिक शुभेच्छा म अनुवादकलाई दिन चाहन्छु ।

यस्तो गम्भीर बुद्धधर्मको पुस्तक प्रकाशित गर्नु हुने प्रकाशक साहु श्री नन्द सिद्धि गुभाजुलाई पनि हार्दिक साधुवाद छ । उहाँले यस अघि पनि "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" र "पञ्च आलोक" जस्ता महत्वपूर्ण पुस्तकहरू प्रकाशित गर्नु भएको छ । ती पुस्तकले गर्दा परमार्थ प्रेमीहरूलाई निकै उपकार भएको छ । भविष्यमा पनि यस्तै अमूल्य बुद्ध धर्म र दर्शनका किताबहरू प्रकाशित गर्दै जान सकुन् भनी म शुभ मङ्गल कामना व्यक्त गर्दछु ।

प्रस्तुत पुस्तकको शुरू देखि प्रकाशनको कार्य सम्ममा प्रत्यक्ष एवम् अप्रत्यक्ष रूपमा सहयोग गर्ने सद्धर्म प्रेमी सम्पूर्ण महानुभाव-हरू धन्यवादका पात्र हुनु हुन्छ । अस्तु ।

श्री सुमङ्गल विहार
ललितपुर
१ चैत्र २०४३

भिक्षु बुद्धघोष महास्थविर



Downloaded from http://dhamma.digital

# दुई शब्द

आधुनिक विज्ञानका भौतिक शास्त्र एवम् रसायन शास्त्रका आजका विद्वान र विद्यार्थीहरूलाई थाहा छ उक्त शास्त्रहरूमा धातु भनिने सुन, चाँडी, फलाम, अक्सिजन, हाइड्रोजन आदि द्रव्य एवम् अन्य पदार्थहरूको वाह्य स्वरूप जे जस्तो कडा, नरम र सूक्ष्म देखिए पनि ती पदार्थहरूको वैज्ञानिक विश्लेषणबाट त्यस धातु नामक रूप पदार्थ बास्तवमा क्षण क्षणमा परिवर्तन हुने एक पला एक क्षण पनि स्थिर नरहने इलेक्ट्रोन, प्रोटन, न्यूट्रन जस्ता विद्युत तरंग वा प्रवाहको सम्मिश्रनबाट निर्मित पदार्थ मात्र हुन्। बास्तबमा ती सुन, चाँदी, फलाम आदि कडा धातुहरूमा पनि ठोसभूत सारभूत अपरिवर्तनीय तत्व भन्ने बस्तु केही हुँदैनन्। बुद्ध धर्मको अभिधर्मको भाषामा भन्ने हो भने विज्ञान र वैज्ञानिकले धातु भन्ने गरेको कुनै पनि पदार्थ बस्तुको अन्तिम वैज्ञानिक विश्लेषणमा वस्तुतः क्षण क्षणमा परिबर्तन हुदै निरन्तर उत्पति र विनाश भइरहेको अनित्य स्वभाव धर्म स्कन्ध मात्र हो भन्न सकिन्छ। ती धातु पदार्थमा ठोस, नित्य र सारयुक्त अपरिवर्तनीय पदार्थ तत्व भन्ने केही हुँदैनन्।

भगवान सम्यक् सम्बुद्ध हुनु भएका शाक्यमुनि तथागतले पनि आफ्नो विशुद्ध सुविकसित एवम् सुपरिष्कृत प्रज्ञा चक्षुद्वारा रूप धातु पदार्थ जस्ता भौतिक धर्महरूलाई मात्र होइन कि सूक्ष्मातिसूक्ष्म गम्भीरातिगम्भीर मानसिक नाम धर्म स्वभावहरूको सन्तती समेतलाई विशुद्ध प्रज्ञा ज्ञानद्वारा गहिरो रूपबाट अध्ययन अनुसन्धान, विभाजन र विश्लेषण, अभ्यास र अनुभव गरी आधुनिक वैज्ञानिकले रासायनिक प्रक्रया, गणित र सूक्ष्मातिसूक्ष्म



Downloaded from http://dhamma.digital

दर्शक अति विशिष्ट यन्त्रको सहयोगद्वारा रूप धातुलाई फारी फारीकन विभाजन र विश्लेषण गरेर हेरे जस्तै अदृष्य नाम धातु स्वभाव र सूक्ष्मातिसूक्ष्म चतुर्महाभूत र अष्ट कल्लाप धर्मस्वभाव-लाई समेत फारो फारीकन केलाई केलाईकन नाम र रूपलाई मात्र अलग अलग छुटयाउनु भएको होइन कि रूपधातुबाट चतु-र्महाभूत र अष्ट कलापलाई अलग अलग गरी छुटयाउनाको साथै नाम धातुबाट पनि चित्त र चेतसिकलाई, वेदना, संज्ञा संस्कार र विज्ञान धातु स्वभावलाई अलग अलग गरी छुटयाउनु भई अनन्त विभाजन र विश्लेषण गरेर हेर्नु भई के यथार्थ सत्यको प्रतिपादन गर्नु भयो भने वास्तबमा लोकजनको चर्म चक्षु र स्थूल बुद्धि र ज्ञानको अगाडि देव, ब्रह्मा, मनुष्य, सत्व, पुद्गल, घर, मोटर, टेबुल, मेच, सुन, चांदी, फलाम, हाड, छाला, आगो, पानी, वायु, माटो, किरण आदिको रूपमा देखिएका सम्पूर्ण कुराहरूलाई परमार्थ दृष्टिबाट हेर्दा ती सबै संखार धर्महरू त वस्तुतः केवल दुई परमार्थ धर्म स्वभाव मात्र रहेछन् – नाम अथवा नाम धातु स्वभाव र रूप अथवा रूप धातु स्वभाव । ती नाम रूप धर्महरू निरन्तर रूपबाट क्षण क्षण मै उत्पत्ति हुंदै परिवर्तन हुंदै विनाश अथवा निरोधमा प्राप्त भइरहेका अनित्य धर्महरू हुन्, अन्तिम विश्लेषणमा संखार धर्म जति ती सबै पञ्च उपादान स्कन्धहरू दुःखै दुःख, दुःखकै कारण मात्र हुन् र अविद्या र तृष्णा कर्म र विपाकको कारण सन्ततिबद्ध भई उत्पत्ति र विनाशको, जीवन र मृत्युको प्रवाहको रूपमा अनादिकालदेखि प्रवर्तित हुंदै प्रवाहित हुंदै आइरहेका ती सम्पूर्ण ससंस्कृत नाम रूप धर्महरू कसैको पनि आफ्नो इच्छा, वश र अधीनमा नरहेका, कुनै पनि ठोसभूत, सारभूत, अपरिवर्तनीय तत्व रूपी द्रव्य, सण्ठान, रूपाकार समेत केही नभएका र हेतुका कारण उत्पत्ति हुँदै निरन्तर रूपमा विनाशमा प्राप्त भइरहेका अनन्त धर्म स्वभाव मात्र रहेछन् ।

ती सम्पूर्ण ससंस्कृत धर्महरू वस्तुतः अनित्य हुन्, दुःख र दुःखका कारण हुन् र अनात्मा स्वभाव हुन् भन्ने यथार्थ सत्य र



Downloaded from http://dhamma.digital

बास्तविक तथ्यको बोध गराउनको लागि नै भगवान शास्ताले नाम रूप धर्महरूलाई पनि धातुको संज्ञा दिनु भएको रहेछ भन्ने कुरा हामी बुझ्न सक्छौं। दैनिक लोक व्यवहारमा हामी जुन कुरालाई शाश्वत, स्थिर, अपरिबर्तनशील, अजरामर आत्मा भनी ग्रहण गर्दछौं ती त बास्तवमा हेतुहरूको कारण उत्पत्ति भई पुन: निरूद्ध भएर जाने नाम धातुहरू र रूप धातुहरू मात्र रहेछन्। जसरी पानी आत्म नभएको एक धातु मात्र हो र यो हेतुको कारण उत्पत्ति हुने र निरोध हुने एउटा रूप सम्म हो, त्यसरी नै चक्षु र वर्ण, दर्शन र मनोविज्ञान धातु समेत केवल आत्मा रहित धातु मात्र हुन् जुन् हेतुको कारण उत्पत्ति भई तत्काल निरोध वा विनाशमा प्राप्त हुने रूप र नाम मात्र हुन्।

धातुभेदानुपस्सना नामक प्रस्तुत ग्रन्थमा यिनै नाम रूप धर्मलाई क) चक्षु-धातु, रूप-धातु र चक्षु-विज्ञान-धातु, ख) श्रोत-धातु, शब्द-धातु र श्रोत-विज्ञान-धातु. ग) घ्राण-धातु, गन्ध-धातु र घ्राण-विज्ञान-धातु, घ) जिह्वा-धातु, रस-धातु र जिह्वा-विज्ञान-धातु, ङ) काय-धातु, स्प्रष्टव्य-धातु र काय-विज्ञान-धातु र च) मन-धातु, धर्म-धातु र मन:-विज्ञान-धातुको रूपबाट १८ धातुहरूमा विभाजित गरी अध्ययन, मनन र चिन्तन गरी अभ्यास र अनुभव गरी हेर्दै लगी अन्ततोगत्वा: उच्च स्तरको लोकोत्तर आर्य मार्ग ज्ञान द्वारा चतुरार्य सत्यलाई राम्ररी अवबोध गरी दु:ख निरोध सत्य स्वयं निर्वाण धर्मलाई प्रत्यक्ष रूपमा कसरी साक्षात्कार गरी अनुभव गर्न सकिन्छ र जाति जरा व्याधि मरण भयादि दु:खमय भवचक्रलाई समूल उच्छेद उन्मूलन गरी कसरी अरहन्त मार्ग र फल द्वारा स्वयं यसै जीवनमा नै यहीं निर्बाणलाई प्राप्त गर्न सकिन्छ भन्ने गहन धर्म बिषयलाई उपमा र उदाहरण सहित विस्तृत रूपमा व्याख्या र बिवेचना गरिएको पाइन्छ। बुद्ध धर्ममा धातु भन्ने शब्दले परमार्थ धर्म स्वभावलाई जनाउने गर्दछ। धातुले आफ्नो स्वभावलाई कहिल्यै पनि अविपरीत हुने गरी धारण गरी राख्ने हुनाले परमार्थ धर्म

स्वभावलाई पनि धातुको संज्ञा दिइएको पाइन्छ र हेतुको कारण निरन्तर उत्पत्ति हुंदै तत्काल निरोधमा प्राप्त हुने यस्ता धर्म स्वभावहरू र धातुहरूलाई ससंस्कृत धर्म भनी बुद्ध धर्ममा उल्लेख गरिएको हामी पाउंछौं ।

प्रस्तुत ग्रन्थ अभिधर्म अन्तर्गतको एउटा अङ्ग भएकोले प्रस्तुत ग्रन्थको विषय निश्चय पनि कठीन छ, यसमा शंका छैन । तर यस प्रकारको प्रज्ञा चक्षुलाई विकसित गर्न सम्यक् स्मृतिलाई सुविकसित गरी सम्यक् रूपबाट अविचलित श्रद्धा, धैर्य, वीर्य, स्मृति र जांगर सहितको सत् आकांक्षालाई बिकास गर्दै लगा निरन्तर प्रयास गरेमा पञ्चमहापापबाट मुक्त रहेका जुनसुकै पुद्गललाई पनि अत्यन्त गम्भीर र सूक्ष्म देखिने यो धर्म चक्षु प्रज्ञा चक्षुको लाभ हुन सक्तछ भन्ने अटल विश्वास नै बौद्धहरूको लागि यस्तो गम्भीर धर्माभ्यासमा सतत: सक्रिय रहने प्रेरणाको श्रोत रहि आएको छ । पूर्व संस्कार हुनेले यस्तो गूढ धर्म र ज्ञान पनि सजिलैसित प्राप्त गर्न सक्ता रहेछन् भन्ने तथ्यको असंख्य उदाहरणले त्रिपिटक भरिएको हामी पाउंछौं । तसर्थ मूल ग्रन्थाकारको सल्लाह र प्रेरणा अनुरूप यस दिशामा सतत: प्रयास गर्ने क्रम जारी राख्नु श्रेयष्कर हुन्छ भन्दा अतिशयोक्ति हुने छैन ।

प्रस्तुत धातुभेदानुपस्सना जस्तो गम्भीर कठीन दार्शनिक ग्रन्थलाई सर्वप्रथम नेपालभाषा (नेवारी) मा अनुवाद गरी बुद्धको जन्म भूमि नेपालका सद्धर्म प्रेमीहरूलाई गम्भीर अभिधर्मको धर्मामृत रस पान गराउने महत्पूर्ण श्रेय अखिल नेपाल भिक्षु महासंघका आजीवन धर्मानुशासक अरिय धम्म रक्खित नेपाल बुद्ध सासन वंसालंकार सिरि संघ महानायक पूज्यवर भदन्त प्रज्ञानन्द महास्थविरज्यूलाई प्राप्त छ। उहाँले सर्वप्रथम नेपालभाषामा अनुवाद गरी प्रकाशित गर्नु भएको धातुभेदानुपस्सना नामक अनुवाद ग्रन्थलाई मूल बर्मी लेखक भदन्त ऊ. ञाण महास्थविरको वर्मी पुस्तक संग पुन: भिडाई रूजु गरी ठाउं ठाउंमा सुधार एवम् संशोधन कार्य गरी पटक पटक अनुवाद कार्यलाई रूजु गर्नु भई



Downloaded from http://dhamma.digital

धातुभेदानुपस्सनाको नेवारी अनुवादको संशोधित संस्करणलाई तेश्रो पटक लेख्नु भई यथाशक्य परिमार्जित र परिष्कृत गर्ने कठीन कार्य नेपालमा बौद्ध परियत्ति शिक्षाको संस्थापक र हाल सम्मको सुसंचालनमा कठीन परिश्रम गर्दै आउनु भएका श्रद्धेय भदन्त बुद्ध घोष महास्थविरज्यूले सम्पादन गर्नु भएको हो। श्रद्धेय भदन्त बुद्ध घोष महास्थविरज्यूको विशुद्ध शिक्षा एवम् प्रेरणाको फल स्वरूप विगत यौवन कालको समयमा पनि बुद्ध धर्मको अत्यन्त कठीन मानिने धार्मिक पक्ष – अभिधर्म जस्तो गम्भीर ज्ञान दर्शनको अध्ययन, अभ्यास र अनुशरण गर्ने दिशामा ठूलो श्रद्धा एवम् निष्ठा दर्शाइ आउनु भएका श्रद्धालु उपासक श्री नन्द सिद्धि गुभाजुले "दैनिक जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" नामक अभिधर्म सम्बन्धी ग्रन्थ र "पञ्च आलोक" नामक गम्भीर धार्मिक ग्रन्थको प्रकाशन कार्य सम्पन्न गर्नु भए पछि "धातुभेदानुपस्सना" नामक प्रस्तुत ग्रन्थको पनि नेपाली भाषामा अनुवाद गरिएको पुस्तक प्रकाशित गर्न पाए पूर्व संस्कार भएका र सद्धर्म प्रति श्रद्धा, आष्ठा एवम् निष्ठा राख्ने सम्पूर्ण विद्वत् जन र श्रद्धालु धार्मिक जनको निमित्त ठूलो मंगल र लाभ हुन सक्ने तथ्य महशूस गर्नु भई पूज्यवर संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरज्यूको स्वीकृति साथै श्रद्धेय भदन्त बुद्ध घोष महास्थविरज्यूद्वारा अत्यन्त कठोन परिश्रम गरी ससंशोधन पुनर्लेखन गर्नु भएको नेपाल भाषामै अनुवाद गरिएको "धातुभेदानुपस्सना" नामक प्रस्तुत ग्रन्थलाई नेपाली भाषामा अनुवाद गरि दिन उहाँहरूले अनुरोध गर्नु भयो।

"धातुभेदानुपस्सना" जस्तो गम्भीर अभिधर्म सम्बन्धी गहन ग्रन्थको अनुवाद गर्ने कार्यको निमित्त आफूलाई त्यति सक्षम म आफैले मान्न नसके पनि प्रकाशक श्री गुभाजुको सद्धर्म प्रतिको श्रद्धा र पूज्यवर भदन्तज्यूहरूको सदिच्छा र मेहनतलाई विचार गरो सद्धर्मको स्वेच्छिक सेवाको रूपमा प्रस्तुत अनुवाद गर्ने कार्यबाट पुनः सद्धर्मको सेवा गर्न उपलब्ध अवसरलाई मैले नकार्न



Downloaded from http://dhamma.digital

सकिन र उहाँहरूको अनुवाद गरि दिने अनुरोधलाई स्वीकारें। शुरू शुरूमा तत्कालीन् दैनिक कार्य बोझ र कार्य व्यस्तताको दृष्टिबाट प्रस्तुत समय मलाई यस प्रकार गहन धार्मिक ग्रन्थको अनुवाद कार्य गर्न फूर्सद निकाल्न साह्रै नै कठीन समय महशूस भइरहेको कारणले गर्दा पूज्य भदन्त बुद्धघोष महास्थविरज्यूको अनेकौं ताकेताको बावजूद पनि यस ग्रन्थको अनुवाद कार्य बहुतै ढीलो गतिमा कछुवाको चालले बाहेक मैले अघि बढाउन सकेको थिइन भने पछि आएर व्याधि धर्मबाट आक्रान्त हुनु पर्दा पनि यस ग्रन्थको अनुवाद कार्य शिघ्र सम्पन्न गर्नमा केही व्यवधान नै खडा गरेको अनुभव मैले गरें। किन्तु यस ग्रन्थको अन्तिम केही अंशको नेवारी अनुवादको संशोधन र परिमाजन गर्ने कार्यमा भदन्त बुद्धघोष महास्थविरज्यूलाई पनि दैनिक कार्य व्यस्तताले छोपी अलमल्याइ राखिएको समय पारी पूज्यवर भदन्त बुद्धघोष महास्थविरज्यूको प्रेरणा बलको परिणाम स्वरूप प्रतिकूल स्वास्थ्यको अवस्थामा पनि मैले यस ग्रन्थको अनुवाद कार्य सकी भदन्तज्यूको करकमलमा सुम्पिदिन पाउंदा मलाई अत्यन्त सन्तोष र प्रमुदित भावको अनुभव भयो। प्रस्तुत अनुवादको संशोधन गर्ने कार्य पनि श्रद्धेय भदन्त बुद्धघोष महास्थविरज्यूबाट नै सुसम्पन्न भई प्रकाशक सद्धर्म प्रेमी श्री गुभाजुले यस अनुवादलाई आद्योपान्त अध्ययन गरो सहर्ष प्रकाशित गर्ने श्रद्धा प्रदर्शन गर्नु भएको हुंदा नै यति चांडो प्रस्तुत पुस्तक पाठकहरूको हातमा पुग्न सकेको हो।

प्रस्तुत ग्रन्थमा बुद्ध धर्मको गम्भीर पक्ष अभिधर्म विषयमा सविस्तार विवेचना गरिएकोले स्वतः ग्रन्थको विषय कठीन, सूक्ष्म र जटील भएकोमा प्रस्तुत पुस्तकको भाषा शैली पनि त्यति सजिलो नभएको अवस्थामा पनि पाठक वर्गमा कैयन ठाउंमा अनुवादको सिलसिलामा पालि शब्दको प्रयोग जारी राख्नु परेको कारणले गर्दा प्रस्तुत अनुवादमा सरलताको अभावले थप गरेको समस्या पनि थोपरिन गएको छैन भनी ठोकुवा गर्न मैले



Downloaded from http://dhamma.digital

सकिन । यसैले विद्वान पाठकहरूले गम्भीर धर्मावबोधको निमित्त अवश्यमेव धैर्यका साथ प्रस्तुत ग्रन्थको अध्ययन गर्नु हुने आशा मैले लिएको छु ।

यस ग्रन्थलाई आफ्नो नेपाल भाषाको अनुवाद समेतबाट पुनः नेपाली भाषामा अनुदित गर्ने स्वीकृति र प्रेरणा प्रदान गर्नु हुने पूज्यवर संघमहानायक भदन्त प्रज्ञानन्द महास्थविरज्यूमा हार्दिक साधुवाद टक्र्याउन चाहन्छु । पूज्यवर सघ महानायकको नेपाली अनुवादलाई बर्मी मूल पुस्तक संग भिडाईं नेवारीमै पुन लेखन गर्नुका अतिरिक्त यस पुस्तकको अनुवाद गर्नमा बिचार सहयोग प्रेरणा सहयोग प्रदान गर्ने र सदधर्मको सेवार्थ पाटन देखि काठमाडौं प्यूखा सम्म कति पनि कष्ट र झिजो नमानी मेरो घर सम्म बारम्बार पाल्नु भई मलाई उत्प्रेरित गर्नु हुने पूज्यवर भदन्त बुद्धघोष महास्थविरज्यूमा म हार्दिक कृतज्ञता एवम् साधुवाद व्यक्त गर्न चाहन्छु । नेपालमा परियति शासनको संरक्षण सम्बर्द्धन र प्रबर्द्धन गर्ने दिशामा भदन्तज्यूको अनुपम देन र योगदान रहिआएको तथ्य सबैको सामु प्रस्टै छ । ७९ बर्षको परिपक्व उमेरमा पनि अभिधर्म जस्तो गूढ ग्रन्थमा अत्यन्त ठूलो अभिरुची राख्नु भई सद्धर्मप्रेमीको हित सुख र मंगल र बुद्ध धर्मको सम्वर्द्धन र प्रवर्द्धन गर्ने सदिच्छाबाट प्रेरित भई अति शिघ्र प्रस्तुत पुस्तकको प्रकाशन गर्ने अभिभारा बहन गर्नु हुने प्रकाशक श्री नन्द सिद्धि गुभाजु निश्चय पनि धन्यबादका पात्र हुनु हुन्छ । प्रस्तुत पुस्तकको लागि विवेचना सहितको भूमिका लेखिदिनु भई प्रोत्साहित गर्नु भएकोमा म भदन्त बुद्धघोष महास्थविरज्यूमा पुनः साधुबाद व्यक्त गर्दछु ।

प्रस्तुत पुस्तकलाई शिघ्र मुद्रण गर्ने कार्यमा विशेष अभिरुची लिनु हुने शारदा प्रिन्टिङ्ग प्रेसका प्रोप्राइटर र उहाँका सुपुत्रहरू धन्यवादका पात्र हुनु हुन्छ । पुस्तकको मुद्रण कार्यमा र प्रुफ ल्याउने र लाने काममा समेत तन मन परिश्रम लगाई मेहनत



Downloaded from http://dhamma.digital

गर्नु हुने सो प्रेसका सम्पूर्ण कम्पोजिटरहरू र प्रिण्टरहरू समेतलाई धन्यवाद नदिई रहन सकिन्न ।

मुद्रणको क्रममा देखिएका साना तिना त्रुटीहरुका अतिरिक्त प्रस्तुत पुस्तकको अनुवादमा अज्ञानता वा प्रमादवस केही त्रुटीहरू रहन गएको देखिएमा विज्ञ पाठकहरूबाट त्रुटीको संशोधनार्थ सूचना दिनु भएमा अवश्यमेव अनुगृहित हुनेछु । प्रस्तुत अनुवाद कार्य गर्दा पाठकहरूको सुविधालाई ख्याल गरी भावानुवाद गर्ने तर्फ जोड दिई ठाउँ ठाउँमा भाव विस्तारमा पनि अनुवादमा जोड दिइएको कुरा पनि निवेदन गर्न चाहन्छु ।

प्रस्तुत पुस्तकको अनुवाद कार्य सुसम्पन्न गर्न श्रम सहयोग, समय सहयोग, विचार सहयोग र प्रेरणा सहयोग प्रदान गरी प्रोत्साहित गर्ने मेरो श्रीमती अमीर कुमारी शाक्य, दिदी रत्न माया शाक्य लगायत मेरो परिवारका सम्पूर्ण सदस्यहरू र खास गरीकन मेरा दुई जना भाइहरू प्रकाश राज शाक्य र तेज रत्न शाक्य प्रति म आभारी छु ।

यो पुस्तकले पाठकहरूमा सम्पूर्ण संस्कृत धातु स्वभावका त्रिलक्षण धर्म स्वभावको बारेमा केही बढी आभास मात्र पनि प्रदान गर्न सकेमा पाठक वृन्दको प्रयास र अनुवादकको मेहनत सार्थक भएको महशूस गरी सन्तुष्ट हुनेछु । भगवान बुद्धले पनि प्रज्ञा र ध्यानको महत्व सम्बन्धमा यसरी आज्ञा भएको छ –

यो च वस्स सतं जीवे दुप्पञ्ञो असमाहितो ।
एकाहं जीवितं सेय्यो पञ्ञावन्तस्स झायिनो ।।

प्रस्तुत पुस्तकको अध्ययन र अभ्यासबाट प्रज्ञाको अभ्यास र अनुभवमा अवश्यमेव सुबृद्धि हुने कुरामा दुई मत हुन सक्तैन । अस्तु ।

निब्बानस्स पच्चयो होतु !!

प्यूखा, काठमाडौं
२०४४/१/३०/४
बैशाख शुक्ल पूर्णिमा

विनीत
आर. बि. वन्द्य



Downloaded from http://dhamma.digital

# प्रकाशकीय

यस "धातुभेदानुपस्सना" पुस्तकका मूल लेखक भदन्त ञाण महास्थविर हुनुहुन्छ। बर्मेली भाषामा लिखित उक्त पुस्तकलाई पूज्य संघमहानायक प्रज्ञानन्द महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गर्नु भएको हो।

पूज्य भन्ते बुद्धघोष र अनुवादक श्री आर. बि. वन्द्यज्यूको कुशल सहयोगद्वारा 'पञ्चआलोक' पुस्तक हामीबाट प्रकाशित भइसके पछि पूज्य बुद्धघोष महास्थविरले 'धातुभेदानुपस्सना' नामक पुस्तक म कहाँ ल्याउनु भयो र सो पुस्तकको अध्ययन पछि त्यसको महत्व मैले बुझें। त्यसैकारण धातुभेदानुपस्सनालाई नेपाली भाषामा प्रकाशित गर्ने मेरो साह्रै इच्छा भयो। एक पटक पूज्य बुद्धघोष भन्ते म कहाँ आउनु भएको बेला यस पुस्तकबाट म प्रभावित भएको कुरा उहाँलाई बताउँदा उहाँ अति खुशी हुनुभयो। तदपश्चात धातुभेदानुपस्सनाको नेपाली भाषामा अनुवाद गर्ने काम शुरू भयो।

आजभोलि साहित्य, कला र सांसारिक विषयका ज्ञान विज्ञानलाई सामन्यतः आधुनिक विद्यामा समावेश गरेको पाइन्छ। तर यस प्रकारको विद्या कुनै पनि आध्यात्मिक भावना-सित संबन्ध भएको पाइएको छैन, न त यस प्रकारका विद्यालाई कुनै किसिमको कुशल धर्म नै भन्न मिल्छ। किनभने आजभोलो यही विद्याद्वारा नै वैज्ञानिकहरू विभिन्न प्रकारका ध्वंसात्मक शस्त्रअस्त्रहरू आविष्कार गरिरहेका छन् जसको फलस्वरुप आज-का मानिसहरू लोभ, द्वेष, मोह जस्ता अकुशल कर्म नै बढीमात्रा-मा सञ्चित गर्दै गइसकेका छन्। बास्तवमा साच्चैको विद्या त



Downloaded from http://dhamma.digital

ध्वंसात्मक हुनु हुदैन । वरु अति गहन र प्राणी मात्रका लागि लाभदायक हुनु पर्छ। त्यस्तो ज्ञान विद्यालाई हामी धर्म पनि भन्न सक्दछौं । यसै आधारमा अग्गमहापण्डित लेडि सयादोले "पञ्च आलोक" पुस्तकमा आफ्नो विचार यस प्रकार प्रकट गर्नु भएको छ– "धर्मको विषयमा सघन अन्धकारको रुपमा रहेको यो धर्म सम्मोह भनेको कुरा ज्यादै भयावह कुरो हो । बुद्ध शासनको सम्पर्कमा आइसकेपछि मात्र लोकजनले पञ्च स्कन्धको रुपमा रहेका नाम र रुप नै मात्र वास्तवमा सत्य धर्म हुन् भन्ने कुरालाई सम्झन बुझन सक्दछन् । अन्यथा लाखौं करोडौं र असख्य कल्पहरू बितेर गए तापनि लोकजनले धर्मको रुपबाट चिन्ह जान्न सक्दैनन् । त्यस्तो अवस्थामा तिनीहरुको जीवन सन्ततीमा धर्म परिच्छेद ज्ञानको आलोकको उत्पत्ति हुने संयोग नै उपलब्ध हुदैन ।"

प्रस्तुत पुस्तकमा अति भयावह भइरहेको धम्म सम्मोहलाई नष्ट गर्न १८ प्रकारका धातुहरूलाई छुट्याई व्याख्या गरिएको छ । यसलाई पाठकवर्गले अध्ययन गरी धातु ज्ञान उपलब्ध गर्नु हुनेछ भन्ने मैले आशा लिएको छु । साथै, यस अध्ययनबाट आफ्नो अमूल्य जीवनको सफलता प्राप्त गर्ने मार्गमा पाठकवर्ग पुग्ने छन् भन्नमा म आशावादी छु ।

भदन्त ञाण महास्थविरले बर्मेली भाषामा लेख्नु भएको यस धातुभेदानुपस्सनाको नेपाल भाषामा अनुवाद पूज्य संघमहानायक महास्थविरले गर्नु भई प्रकाशित गर्नु भएको हो जुन पुस्तकलाई नेपाली भाषामा प्रकाशित गर्न उहाँबाट सहर्ष अनुमति दिनु भएकोमा पूज्य संघमहानायक प्रति आभार व्यक्त गर्दछु । जसले गर्दा धातुभेदानुपस्सना संबन्धी ज्ञान सर्वसाधारण नेपालीले अध्ययन गर्ने मौका पाएका छन् । यसै गरी हामीद्वारा प्रकाशित "जीवनको प्रत्येक घडीमा अभिधर्मको उपयोग" नामक उत्कृष्ट पुस्तक र "पञ्च आलोक" पुस्तकका अनुवादक नै यस पुस्तकको पनि



Downloaded from http://dhamma.digital

अनुवादक हुनु हुन्छ। आफ्नो अमूल्य समयलाई ख्याल नराखी यस्तो महत्वपूर्ण गहन विषयको पुस्तकलाई अनुबाद गर्नु भई हामीलाई फेरी एकपल्ट बुद्ध धर्म सम्बन्धी गहन विषयको पुस्तक पाठकवर्ग समक्ष पुऱ्याउने मौका दिनु भएकोमा अनुवादक श्री आर. वि. वन्द्यज्यूलाई धन्यवाद नदिई बस्न सक्दिन।

यस प्रकाशकीय कथनलाई अन्त गर्नु भन्दा अगाडि पूज्यवर बुद्धघोष महास्थविरले यस पुस्तक प्रकाशित गर्न ज्यादै मेहनत र यस पुस्तकमा प्राक्कथन लेख्नु भई सहयोग गर्नु भएकोमा वहाँ पनि हाम्रो धन्यवादका मुख्य पात्र हुनु हुन्छ। यस पुस्तकको मुद्रण कार्य शिघ्रताका साथ सम्पन्न गर्नु भएकोमा मुद्रक शारदा प्रिन्टिङ्ग प्रेसलाई पनि धन्यवाद दिन चाहन्छु। फेरी एक पल्ट यस पुस्तक प्रकाशित गर्न सहयोग गर्नु हुने सबै महानुभावहरू प्रति मेरो धन्यवाद टक्र्याउदै मेरो प्रकाशकीय यहीं टुग्याउन अनुमति चाहन्छु।

२०४४ बैशाख ३० गते — **नन्द सिद्धि गुभाजु**
बैशाख पूर्णिमा — ताहाचल, काठमाडौं



Downloaded from http://dhamma.digital

# धातु भेदानुपस्सना

अनन्त गोचरं बुद्धं नत्वा सन्त निसेवितं ।
नाना धातु सुदस्सेन्त धम्मं विसुद्ध दायकं ॥१॥
चक्खादि धातु पस्सन्तं संघंच मनसंवरं ।
सीलवन्तं उपज्झायं पुब्बाचेर परं परे ॥२॥
वन्दित्वा सिरसा चेरे धातु भेदानुपस्सनं ।
मोक्ख कामा नमत्थाय कस्सं पस्यन्तु साधवो ॥३॥

## अर्थ

('अहं') रूप, वेदना, संज्ञा, संस्कार, विज्ञान सहित स्कन्ध पाँचको समूहलाई शरीर भनी प्रज्ञप्ति भइरहेको म, (अनन्त गोचरं) यति उति भन्न संख्या गर्न नसकिने अनन्त सर्वज्ञ ज्ञान रत्न भन्ने आरम्मण गर्नु भएका ('सन्त निसेवित') सज्जन वर्गले सदैव सेवन गरिआएका ('नाना धातु सुदस्सेन्तं') अनेक प्रकारका धातु भेदलाई भिन्न भिन्न रूपबाट अलग अलग छुट्याई हत्केला माथि राखिएको मणिलाई देखाए झैं देखाउन समर्थवान हुनु भएका सम्यक् सम्बुद्धले ('ञ्ञेय') ज्ञेय धर्म पाँच अर्थात सङ्खार-संस्कार, बिकार - विकार, लक्खन - लक्षण, निब्बाण - निर्वाण, पञ्ञत्ति - प्रज्ञप्तिलाई पूर्ण रूपबाट थाहा जानकारी पाउनु भएको हुँदा त्यस्ता सम्यक् सम्बुद्धलाई ('नत्वा') नमामि अर्थात् भय, लाभ, कुलाचार, मिथ्यादृष्टि, मोह, अज्ञानादिलाई हटाई बुद्धका अनन्त गुणलाई स्मरण गरी महान् कुशल श्रद्धा चेतना राखी आदरपूर्बक नमस्कार गर्दछु ।

('नत्वा') — यसरी नमस्कार गरिसकेपछि,

('विसुद्ध') दायकं अनादि कालदेखि अटूट रूपमा गासिंदै आएका हेतु स्वरूपका तृष्णा, दृष्टि आदि चित्त मललाई अलग गरी विशेष रूपबाट परिशुद्ध गर्न सकिने ('धम्मञ्च') मार्ग चार,



Downloaded from http://dhamma.digital

फल चार, निर्वाण र परियत्ति नामक दश उत्तम धर्मलाई ('नत्वा') नमामि अर्थात् भय, लाभ, कुलाचार, मिथ्यादृष्टि र मोहबाट सर्वथा अलग्ग रही लोकमा व्याप्त भइरहेका अनन्त गुणलाई अनुस्मरण गर्दै भित्री हृदयदेखि श्रद्धा भाव राख्दै कर कमल जोडी वन्दना गर्दछु ।

('नत्वा') – यसरी नमस्कार गरि सकेपछि,

'(चक्खादि धातु पस्सन्तं)' चक्षु आदि धातुलाई भिन्न भिन्न रूपबाट अलग अलग छुटयाई यथार्थ रूपबाट हेर्नु भएका ('मन संवरं') महोत्तम चित्तले युक्त हुनु भएका ('संघञ्च') मार्ग चार र फल चारमा आरूढ हुनु भएका आर्य संघ गणहरूलाई पनि ('नत्वा') नमामि अर्थात् भय, लाभ, कुलाचार, मिथ्या दृष्टि र मोहबाट सर्वथा अलग रही लोकमा व्याप्त भइरहेका अनन्त गुणलाई अनुस्मरण गर्दै भित्री अन्तस्करणदेखि श्रद्धा भाव प्रकट गर्दै दशाञ्जली जोड्दै वन्दना गर्दछु ।

('नत्वा') – यसरी नमस्कार गरिसकेपछि,

('सीलवन्तं') शिक्षाकमी नामक शील गुणबाट सम्पूर्ण हुनु भएका ('उपज्झायञ्च') उपाध्याय गुरूलाई पनि ('नत्वा') नमामि अर्थात् भय, लाभ, कुलाचार, मिथ्यादृष्टि र मोहबाट सर्वथा अलग रही लोकमा व्याप्त भइरहेका अनन्त गुणलाई अनुस्मरण गर्दै भित्री अन्तस्करणदेखि श्रद्धा भाव व्यक्त गर्दै दशाञ्जली जोड्दै नमस्कार गर्दछु ।

('नत्वा') – यसरी नमस्कार गरिसकेपछि,

'(पुब्बाचरे परंपरे)' महाकाश्यप महास्थविर समेत परम्परागत रूपबाट चलेर आएका गुरू परम्पराका गुरूहरूलाई पनि ('नत्वा') नमामि अर्थात् भय, लाभ, कुलाचार, मिथ्यादृष्टि र मोहबाट सर्वथा अलग रही लोकमा व्याप्त भइरहेका अनन्त गुणलाई अनुस्मरण गर्दै भित्री अन्तस्करणदेखि श्रद्धा भाव प्रदर्शित गर्दै दशाञ्जली जोड्दै वन्दना गर्दछु ।

('नत्वा') – यसरी नमस्कार गरि सकेपछि,

('आचेरेच') ओवादाचार्य, धर्माचार्य, ग्रन्थाचार्य हुनु भएका आचार्यहरूलाई '(सिरसा)' उत्तम शीरबाट ('वन्दित्वा') वन्दामि अर्थात् वन्दना गर्दछु । ('वन्दित्वा') वन्दना गरि सकेपछि ('मोक्खकामानं)' संसार चक्रमा संचरण गर्दै हिड्नु पर्ने दुःखबाट सर्वथा मुक्त भइरहेको स्वभाव धर्म निर्वाणलाई प्राप्त गर्न तिव्र इच्छा गरिरहेका सज्जन वर्गका ('अत्थाय') लागि ('धातु भेदानुपस्सनं') १८ प्रकारका धातुलाई भाविता गर्नु पर्ने कारण भइरहेका 'धातु भेदानुपस्सना' नामक ग्रन्थलाई ('कस्सं') कस्सामि अर्थात् लेख्न लागिरहेको छु । ('तं') उपर्युक्त लेख्न लागेको ग्रन्थलाई ('साधवो') निर्वाण कामना गरिरहेका सज्जनवर्गले ('पस्सन्तु') सदैव हर्षले प्रफुल्लित प्रमुदित भई हेर्नु हुने नै छ ।

माथि उल्लेख गरिएका १८ प्रकारका धातु भनिएका कुरा निम्नानुसारका धातु हुन्:–

चक्षु धातु, रूप धातु, चक्षु विज्ञान धातु ।
श्रोत धातु, शब्द धातु, श्रोत विज्ञान धातु ।
घ्राण धातु, गन्ध धातु, घ्राण विज्ञान धातु ।
जिह्वा धातु, रस धातु जिह्वा विज्ञान धातु ।
काय धातु, स्प्रष्टब्य धातु, कायविज्ञान धातु ।
मनोधातु, धर्मधातु, मनोविज्ञान धातु ।

तसर्थ विभङ्ग पालिमा 'अट्ठारस धातुयो चक्खु धातु, रूप धातु, चक्खु विञ्ञाण धातु, . . .' आदि माथि उल्लेख गरिए अनुसार १८ प्रकारका धातुको वर्णन गरिएको हो ।

ती १८ प्रकारका धातु मध्ये चक्षु – आँखामा रहेको सफा निर्मल धातु स्वभाव अर्थात् चक्षु प्रसादलाई चक्खु धातु (चक्षु धातु) भनिएको छ । महाभूतको आधारबाट उत्पत्ति भएका वर्ण रंगको स्वभावलाई रूप धातु भनिएको हो । चक्षु प्रसादको



Downloaded from http://dhamma.digital

आधारबाट वर्ण रंगलाई देखें भनी थाहा पाउने चित्त स्वभाव चक्खु विञ्ञाण धातु (चक्षु विज्ञान धातु) हो ।

कण – कानमा रहेको शुद्ध निर्मल धातु स्वभाव अर्थात् श्रोत प्रसादलाई सोत धातु (श्रोत धातु) भनिएको हो । कानबाट सुनिने शब्द स्वभावलाई सद्द धातु (शब्द धातु) भनिएको हो । श्रोत प्रसादको आधारबाट शब्द सुनें भनी थाहा पाउने चित्त स्वभावलाई सोत विञ्ञाण धातु (श्रोत विज्ञान धातु) भनिएको हो ।

घ्राण – नाकमा रहेको शुद्ध निर्मल धातु स्वभाव अर्थात् घ्राण प्रसादलाई घान धातु (घ्राण धातु) भनिएको छ । घ्राण प्रसादबाट सुंघिने गन्ध स्वभावलाई गन्ध धातु भनिएको हो । घ्राण प्रसादको आधारबाट गन्ध सुंघें भनी थाहा पाउने चित्त स्वभावलाई घान विञ्ञाण धातु (घ्राण विज्ञान धातु) भनिएको छ ।

जिह्वा – जिब्रोमा रहेको शुद्ध निर्मल धातु स्वभाव अर्थात जिह्वा प्रसादलाई जिह्वा धातु भनिएको हो। जिब्रोबाट आस्वादन गरिने रस स्वभावलाई रस धातु भनिएको हो । जिह्वा प्रसादको आधारबाट जिब्रोबाट आस्वाद पाएं भनी थाहा पाउने चित्त स्वभावलाई जिह्वा विञ्ञाण धातु (जिह्वा विज्ञान धातु) भनिएको हो ।

सम्पूर्ण शरीर भरि फिंजिएर व्याप्त भइरहेको शुद्ध निर्मल धातु स्वभाव अर्थात् कायप्रसादलाई काय धातु भनिएको हो । उक्त काय प्रसादसग घट्टन हुने स्पर्श स्वभावलाई फोट्ठब्ब धातु (स्प्रष्टब्य धातु) भनिएको हो । काय प्रसाद धातुको आधारबाट स्पर्श भयो भनी थाहा पाउने चित्त स्वभावलाई काय विज्ञान धातु (काय बिज्ञान धातु) भनिएको हो ।

पञ्च विञ्ञाण – पञ्च विज्ञानका अगाडि र पछाडिको भागबाट पाँच प्रकारका आरम्मण अर्थात् आलम्बनलाई विचार

गर्ने र ग्रहण गर्ने मनो धातु तीनलाई थाहा पाउने स्वभाव धातुलाई मनोधातु भनिएको हो । आपो, इत्थिन्द्रिय पुरिसिन्द्रिय, हृदय रूप, जीवित रूप, आहार रूप, परिच्छेद रूप, काय बिञ्ञत्ति, वचि विञ्ञत्ति, रूपस्स लहुता, मुदुता, कम्मञ्ञता, उपचय, सन्तति, जरता, अनिच्चता अर्थात् आप, स्त्रीन्द्रीय, पुरुषेन्द्रीय, हृदय रूप, जीवित रूप, आहार रूप, परिच्छेद रूप, कार्याविज्ञप्ति, वचन विज्ञप्ति, रूपस्य लघुता, मृदुता, कर्मज्ञता, उपचय, सन्तति, जरता, अनित्यता नामक १६ प्रकारका सूक्ष्म रूपहरू, बेदना स्कन्ध संज्ञा स्कन्ध, संस्कार स्कन्ध र निर्वाण आदि स्वभाव धमलाई धम धातु भनिएको हो । रूपारम्मण अर्थात् रूपालम्बन आदि आलम्बन ६ वटालाई आलम्बन गरी थाहा पाउने ७६ किसिमका कुशल चित्त, अकुशल चित्त र अव्याकृत चित्त स्वभावलाई मनो विञ्ञाण धातु अर्थात् मनोविज्ञान धातु भनिएको हो ।

चक्षु आदि धातु १८ को समूहमा स्त्री, पुरुष, ऋषि, परिब्राजक, देव, ब्रम्हा, पुद्गल, सत्व, म, ऊ भन्ने वा भन्न सुहाउने कुरा केही नभएको हुंदा ती १८ धातु समूहलाई स्वभाव भनिएको हो । ती चक्षु आदि १८ धातुको समूहमा द्रव्य पदार्थ सण्ठान (अर्थात् आकार) को रूपबाट राम्ररी नियालेर खोजी गरेर हेरेमा पनि ती धातु समूहमा अणु प्रमाण पनि द्रव्य पदार्थ सण्ठान रूप पाइने छैन । ती धातु समूहमा पाइन्छन् केही भने ती हुन् केवल शुद्ध निर्मल धातु स्वभाव । त्यसैले चक्षु आदि १८ प्रकारकै धातुलाई स्वभाव मात्र भनिएको हो ।

ती धातु स्वभावमा "म" "ऊ" भनी देखाउन सकिने दृष्टान्त रूप, आकार केही हुंदैनन् । केवल स्वभाव मात्रनै फेला पदछन् । तसर्थ ती धातु जम्मै केवल स्वभावै मात्र हुन्, त्याहाँ स्वभाव धर्मै मात्र रहन्छन् । यस तथ्यलाई, यस सत्यलाई दृष्टान्त रूपबाट थाहा पाउन चक्षु प्रसाद नामक रूप धातु गोलाकार बाटुलाकार, चार पाते, लामो वा छोटो के आकारको कस्तो रूप हो भनी ज्ञानबाट



Downloaded from http://dhamma.digital

राम्ररी बिचार गरी आंखा बन्द गरीकन खोजी गरेर हेरेको खण्डमा त्यस धातुमा वालुवाको कण प्रमाण वा धुलोको कण प्रमाण पनि रूपाकार फेला पर्ने छैन । त्यति मात्र होइन धुलोको कणको शत सहश्र खण्डको एक खण्ड बराबरको रूपआकार सम्म पनि फेला पर्ने छैन । त्यसबाट चक्षु प्रसाद भनेको धातु स्वभाव मात्र रहेछ, स्वभाव धर्म नै मात्र रहेछ भन्ने कुरा आफ्नै ज्ञान-बाट थाहा पाइने छ ।

त्यसरी नै चक्षुमा प्रकट हुने वर्ण रंगलाई देखें भनी थाहा पाउने चक्षु विज्ञान स्वभावलाई पनि लामो हो कि, छोटो हो कि, के कुन आकारको धातु हो भनी यसको रूप आकारलाई खोजी गरेर हेरेको खण्डमा त्यस चक्षु विज्ञान धातुमा अणु प्रमाण सम्म पनि देखाउन सकिने कुरा केही पाइने छैन । ज्ञान मात्र चक्षुमा प्रकट भएको वर्ण (रूप) लाई देखें भनी थाहा पाउने स्वभाव मात्र रहेछ, स्वभाव धर्म मात्र रहेछ भन्ने कुरा आफ्नै ज्ञान चक्षु बाट प्रष्ट बोध भएर आउने छ ।

त्यसरी नै श्रोत प्रसाद र शब्दारम्मण (शब्द) को स्पर्श भई शब्दलाई सुनें भनी थाहा पाउने श्रोत विज्ञान धातुलाई पनि त्यसमा अणु प्रमाण सम्म पनि द्रव्य पदार्थ सण्ठान रूप छ कि भनी खोजी गरेर हेरेको खण्डमा श्रोत विज्ञान धातुमा पनि माथि भनिए मुताबिक नै अणु प्रमाण सम्म पनि केही नपाई स्वभाव मात्र विद्यमान रहेछ भन्ने तथ्यलाई यथार्थ रूपबाट राम्ररी बोध भएर आउने छ ।

त्यसरी नै घ्राण प्रसाद र गन्धारम्मण (गन्ध) बीच स्पर्श भई गन्धलाई बासना आयो भनी थाहा पाउने घ्राण विज्ञान धातुमा, जिह्वा प्रसाद र रसारम्मण (रस) को स्पर्श भई स्वाद आयो भनी थाहा पाउने जिह्वा विज्ञान धातुमा र काय प्रसाद र फोट्ठब्बारम्मण (स्पर्श) बीच स्पर्श भई स्पर्श भयो भनी थाहा पाउने काय विज्ञान धातुमा पनि माथि उल्लेख गरि आए

मुताबिक नै तो धातु गोलाकार छन् कि चारपाते छन् कि लामा, छोटा के कस्तो रूप आकारका छन् भनी राम्ररी नियालेर खोजी गरेमा पनि केवल स्वभाव मात्र रहेछ, अरू द्रव्य पदार्थ केही रहेन छ भन्ने कुरा ज्ञान चक्षुबाटै बोध भएर आउने छ ।

अब १६ प्रकारका सूक्ष्म रूपका स्वभाव बारेमा उल्लेख गरिने छ ।

बगेर जाने र ढिक्का बन्ने बनाउने स्वभावलाई 'आपो' भन्दछ। स्त्री नै हो भनी थाहा पाउन सकिने स्वभाव हो 'इत्थिन्द्रिय'। पुरुष नै हो भनी थाहा पाउन सकिने स्वभाव हो 'पुरिसिन्द्रिय' । मनोधातु चाहीं मनोविज्ञान धातुको आधार स्वभाव रहेको छ । 'हृदयवत्थु' (अर्थात् हृदय वस्तु) रक्षा गरि राख्ने स्वभाव 'जावितिन्द्रिय' हो। सारतत्त्व स्वभाव हो 'ओजा'। रूप कलापलाई अलग अलग छुट्याउने स्वभाव हो परिच्छेद रूप अर्थात् आकाश। शरीर चलनाले थाहा पाउन सकिने हाउ भाउ, संकेतको स्वभावलाई 'काय विञ्ञत्ति' अर्थात् काय विज्ञप्ति भनिन्छ। मुखबाट उच्चारण हुनाले थाहा पाउन सकिने संकेत हो 'वची विञ्ञत्ति'। रूपको वजन रहित भई हलुंगो हुने स्वभाव हो "लहुता" । रूपको कोमलता नरमोपनाको स्वभावलाई 'मुदुता' भनिन्छ। रूपको कार्यमा सक्षम हुने स्वभावलाई 'काय कम्मञ्ञता', रूपको प्रथम उत्पत्ति हुने स्वभावलाई 'जाति', गाँसिदै जोडिंदै अटूट रूपमा प्रवाहित भइरहने स्वभावलाई 'सन्तति', रूपको जीर्ण हुने स्वभावलाई 'जरता' र रूपको विनाश हुने स्वभावलाई 'अनिच्चता' भनिन्छ । यी १६ प्रकारका रूपलाई सूक्ष्म रूप भनिन्छ । यी १६ प्रकारका सूक्ष्म रूपलाई पनि धर्म धातु भनिएको छ । (द्रस्टब्य:- धर्मधातु अन्तर्गत चित्त, चैतसिक, सूक्ष्म रूप, निर्वाण र प्रज्ञप्तिलाई पनि समावेश गर्ने गरिन्छ ।) धर्मधातुलाई पनि लामा छन् कि छोटा छन् कि के कस्ता आकारका छन् भनी प्रत्येक धर्म धातुलाई पनि केलाई नियालेर हेरेको खण्डमा पनि त्यसमा अणु प्रमाण सम्म पनि द्रव्य



Downloaded from http://dhamma.digital

पदार्थ सण्ठान रूपाकार केही फेला पार्न सकिने छैन । केवल स्वभाव धर्म मात्र रहेछ भन्ने कुरा बोध हुनेछ । केवल धर्मधातुको धातु स्वभाव मात्र नै त्याहाँ फेला पर्ने हुन्छ ।

त्यसरी नै स्पर्श हुने स्वभाव "फस्स", अनुभव गर्ने स्वभाव "बेदना", चिनी राख्ने वा सम्झी राख्ने स्वभाव "सञ्ञा" अर्थात् संज्ञा, प्रेरित गर्ने स्वभाव 'चेतना', आरम्मण (आलम्बन) मा स्थिर भएर रहने स्वभाव "एकग्गता" (अर्थात् एकाग्रता), रक्षा गर्ने स्वभाव "जीवितिन्द्रिय" र मनन गर्ने स्वभाव "मनसिकार"नामक सर्वचित साधारण चैतसिक ७ सातलाई केलाई फारी फारीकन नियालेर हेरौं–

त्यस्तै आलम्बन (आरम्मण) मा कायम गरिदिने स्वभाव "वितक्क" (वितर्क) आलम्बनलाई बारंबार विचार गर्ने स्वभाव "विचार" (विचार) निर्णय गर्ने स्वभाव "अधिमोक्ख" (अधिमोक्ष), प्रयास गर्ने स्वभाव वीरिय (वीर्य), हर्षित प्रफुल्लित हुने स्वभाव प्रीति [प्रीति] र केही गरौं भन्ने इच्छा गर्ने स्वभाव छन्द यसरी प्रकीर्णक चैतसिक ६ छ, लाई केलाई फारी फारीकन नियालेर हेरौं–

त्यस्तै विस्मृती बेहोशी हुने स्वभाव मोह, दुश्चारित्र कार्य गर्नमा लाज नमान्ने स्वभाव अहिरिक, दुश्चारित्रिक कार्य गर्नमा डर त्रास नमान्ने स्वभाव अनोतप्प, चित्त स्थिर नरहने स्वभाव उद्धच्च, लालची बन्ने स्वभाव लोभ, उल्टो विपरीत धारणा रहने स्वभाव दिट्ठि, घमण्ड गरिने स्वभाव मान, अपराधमा प्रबृत हुने स्वभाव दोष, ईर्ष्या गर्ने स्वभाव इस्सा, कञ्जुसपनाको स्वभाव मच्छरिय, पछितो गर्ने स्वभाव कुक्कुच्च, चित्त शक्ति हीन भई आलस्य हुने स्वभाव थिन, चैतसिकको तेज शक्ति रहित भई अर्ध निद्राको अवस्थामा रहने स्वभाव मिद्ध र सशंकित रहने आशंका गर्ने स्वभाव विचिकिच्छा नामक अकुशल चैतसिक १४ चौध, लाई केलाई केलाईकन हेरौं–

त्यस्तै आस्था निष्ठा प्राप्त भई प्रफुल्लित रहने स्वभाव 'सद्धा', होस मर्ने स्मृति राख्ने स्वभाव 'सति', दुश्चारित्रिक कार्यमा लाज मान्ने स्वभाव 'हिरि', दुश्चारित्रिक कर्ममा भय मान्ने स्वभाव 'ओतप्प', लालची नरहने स्वभाव 'अलोभ', अपराध नगर्ने स्वभाव 'अदोष', तत् तत् आलम्वनमा मध्यस्थ रहने स्वभाव 'तत्रमज्झत्तता', चैतसिकको शान्त रहने स्वभाव 'कायपस्सद्धि' चित्तको शान्त रहने स्वभाव 'चित्तपस्सद्धि', चैतसिकको हलुंगो हुने स्वभाव 'काय लहुता' चित्तको हलुंगो हुने स्वभाव 'चित्त लहुता', चेतसिकको कोमलता, नरमीपनको स्वभाव 'काय मुदुता, चित्तको कोमलता, नरमीपनको स्वभाव 'चित्त मुदुता', चैतसिकको तेज शक्ति युक्त हुने स्वभाव 'काय कम्मञ्ञता' चित्तको तेज शक्ति युक्त रहने स्वभाव 'चित्त कम्मञ्ञता', चैतसिकको प्रागुण्य दक्षता स्वभाव 'काय पागुञ्ञता', चित्तको प्रागुण्य दक्षता स्वभाव "चित्तपागुञ्ञता', चैतसिकको सोझो रहने स्वभाव कायुजुकता', चित्तको सोझो रहने स्वभाव 'चित्तुजुकता', सम्यक् रूपले बचन दुश्चरित्रबाट रहित हुने स्वभाव 'सम्मावाचा', सम्यक् रूपले काय दुश्चरित्रबाट रहित हुने स्वभाव 'सम्मा कमन्त', सम्यक् रूपले मिथ्या जीविकाबाट रहित हुने स्वभाव 'सम्मा आजीव', दीन हीन-का उपर सहानुभूति राखी दया राख्ने स्वभाव 'करूणा' अर्काको सुख देखी हर्षित प्रफुल्लित रहने स्वभाव 'मुदिता' र स्वभाव धर्मलाई यथार्थ रूपबाट फारी फारीकन जान्ने, चिन्ने र बोध गर्ने स्वभाव 'पञ्ञा' नामक शोभन चैतसिक २५ का साथै चित्त, चैतसिक र रूपबाट सर्वथा अलग रहिरहने स्वभाव 'निब्बान' लाई पनि त्यसरी नै केलाई केलाई फारी फारीकन नियालेर हेरौं-

उपर्युक्त प्रकरणहरूमा उल्लेख गरिएका नाम धर्महरूलाई पनि अलग अलग छुट्याइकन ती नाम धर्म लामा छन् कि, छोटा छन् कि, के कस्ता आकारका छन् भनी प्रत्येक नाम धर्मलाई केलाई केलाई नियाली नियालीकन खोजी गरेको खण्डमा हेरेको



Downloaded from http://dhamma.digital

खण्डमा पनि ती कुनै पनि नाम धातुमा अणु प्रमाण सम्म पनि द्रव्य पदार्थ सण्ठान रूपाकार धर्म केही फेला नपरी ती नाम धर्म सबै नै केवल स्वभाव धर्ममात्र विद्यमान भइरहेका रहेछन् भन्ने कुरा स्वज्ञानबाटै बोध भएर आउने छ । त्यस पछि बांकी रहेका मनोधातु, मनोविज्ञान धातु नामक थाहा पाउने जान्ने विञ्ञाण स्वभावलाई पनि एउटा एउटा अलग गरी माथि भनिए जस्तै खोजी गरी हेरेको खण्डमा सम्पूर्ण देह शरीर मै द्रव्य पदार्थ नामक केही कुरा कतै पत्ता लगाउन नसकी नाम रूप धर्म सबै नै वस्तुतः स्वभाव धर्म मात्र रहेछन् भन्ने ज्ञानोदय हुनेछ ।

यसरी स्वभाव धर्महरूलाई भिन्न भिन्न रूपबाट अलग अलग गरी छुट्याई सकेपछि पुनः विचार गरेर हेर्नु पर्ने कुरा के छन् भने आफ्नो स्कन्ध शरीरमा र अर्काको स्कन्ध शरीरमा विद्यमान भइरहेका, वर्ण-रूप-धातु-स्वभाव र शब्द-धातु-स्वभाव आपसमा समान छन् त? यसरी विचार गरेर हेरेको खण्डमा हामी के थाहा पाउँदै जाने छौं भने आफ्नो स्कन्ध शरीरको वर्ण-रूप-धातु-स्वभाव र शब्द-धातु-स्वभाव र अर्काको स्कन्ध शरीरको वर्ण-रूप-धातु-स्वभाव र शब्द-धातु-स्वभाव समान हुँदा रहेनछन् । यसरी असमान रहेका स्वभाव मध्ये कुन चाहीं स्वभावलाई म, ऋषि, परिब्राजक पुद्गल वा सत्व भनी मान्ने त ? के म, ऋषि, परिब्राजक, पुद्गल वा सत्व भन्न लायक कुनै कुरा, कुनै स्वभाव धर्म छ त ?

यस प्रकारले विचार गरीकन हेरेर लगेको खण्डमा ती स्वभाव-धर्म मध्ये कुनै पनि स्वभावलाई यो चाहिं त 'म' हुँ, त्यो चाहिं त 'ऊ' हो, वा ऋषि, परिब्राजक, पुद्गल वा सत्व हो भनी वास्तवमा भन्न, देखाउन, चिनाउन सकिने केही कुरा फेला पार्न सकिने छैन । केवल संसारमा अलग अलग स्वभाव नै मात्र विद्यमान भइरहेका रहेछन् भन्ने कुरा बोध भएर आउने छ । यसरी यस संसारमा केवल अलग अलग स्वभाव धर्महरू मात्रै



Downloaded from http://dhamma.digital

विद्यमान रहिरहेका रहेछन् भन्ने कुरालाई स्वज्ञानबाट थाहा पाए पछि, आफ्नै प्रज्ञाले देखे पछि म, ऊ, ऋषि, परिब्राजक, पुद्गल, सत्व आदि भनिआएका मिथ्या ज्ञान सम्पूर्ण लोप भई स्वभाव समूह मात्र अवस्थित रहेको तथ्य देखिने हुन्छ। यसरी देख्ने ज्ञानलाई 'विपस्सना सम्मा दिट्ठि ञाण' भनी भनिन्छ।

त्यसरी नै शब्द र गन्धको स्वभाव समान छैन। गन्ध र रसको स्वभाव पनि समान छैन। रस र स्पर्शको स्वभाव पनि समान छैन। स्पर्शको स्वभाव र धम्मारमणको स्वभाव समान छैन। धम्मारमणमा पनि वग्ने, ढिक्का बन्ने स्वभाव र स्त्रीभाव पुरुष भावलाई प्रदर्शित गर्ने रूप स्वभाव समान छैनन्। ती रूप संग हृदय वत्थु, जीवित रूप र आजा रूप समान छैनन्। ती रूप संग आकाश आदि रूप समान छैनन् इत्यादि। यसरी एउटा धातु स्वभावको अर्को धातु स्वभाव संग समान नहुने विभिन्न कुराहरूलाई दाँज्दै तुलना गर्दै अनिच्चता सम्म एउटा धातु स्वभावको अर्को धातु स्वभाव संग समान नहुने तथ्यलाई दाँजीकन राम्ररी हेरेर लानु पर्दछ। यसरी हेरेर लांदा एक स्वभाव संग आर्को स्वभाव मेल नखाने विभिन्न धातुहरूको असमान स्वभाव मध्ये कुन चाहिं स्वभावलाई यथार्थमा 'म' 'ऊ' ऋषि, परिब्राजक आदि भनी मान्ने त भन्ने कुरालाई विचार गरेर हेर्नु पर्दछ। यसरी विचार गरी हेरेर लांदा धातुहरूको समूहको रूपमा मात्र रहेको वाहेक 'म', 'ऊ', सत्व, पुद्गल, ऋषि, परिब्राजक आदि भनी छुट्याई समाउन सकिने कुरा केही फेला पर्ने छैनन्। केवल स्वभाव धर्म समूह मात्र रहेछन् भन्ने कुरा अनि स्पष्ट भएर आउने हुन्छ।

त्यसरी नै अनुभव गर्ने स्वभाव र संक्रिराख्ने स्वभाव समान छ कि छैन, संक्रिराख्ने स्वभाव र स्पर्श हुने स्वभाव समान छ कि छैन भनी दांजेर हेरेको खण्डमा ती स्वभाव आपसमा समान छैनन् भन्ने कुरा थाहा हुनेछ। यस्तै किसिमबाट पञ्ञाचेतसिक



Downloaded from http://dhamma.digital

सम्म दांजेर हेरेर लांदा पनि एउटा स्वभाव संग आर्को स्वभाव मेल नखाई प्रत्येकको अलग अलग स्वभाव भएको तथ्य बोध भएर आउने हुन्छ । यसरी अलग अलग भइरहेको स्वभाव मध्ये कुन चाहिं स्वभावलाई 'म', 'ऊ', ऋषि, परिब्राजक भनी मान्ने हो त भनी विचार गरेर हेरेर लगेको खण्डमा 'म' 'ऊ' भन्ने कुरा लोप भएर गई केवल स्वभावधर्म मात्रको समूह जम्मा भइरहेको तथ्य बोध भएर आउने छ ।

यसरी नै देख्न बुझ्न थाले पछि निश्चय पनि 'तिमी', 'हामी' अनुभव गरिराखेका होइनौं वेदना स्वभावबाट मात्र अनुभव भइ रहेको हो; तिमी हामीले चिनीराखेका होइनौं, केवल सञ्ञा स्वभावले मात्र चिनिराखेको हो; तिमी हामीले स्पर्श गरेका होइनौं, फस्स स्वभावबाट मात्र स्पर्श भइरहेको हो; तिमी हामीले प्रेरणा दिइराखेका होइनौं, चेतना स्वभावबाट मात्र प्रेरणा प्रदान भइरहेको हो; तिमी हामी स्थिर भइरहेका होइनौं, आरम्मणमा एकग्गताको स्वभाव मात्र स्थिर भइरहेको हो। तिमी हामीले रक्षा गरिराखेका होइनौं, जीवितिन्द्रिय स्वभावले मात्र रक्षा गरिराखेको हो; तिमी हामीले मनबाट सम्झना गरि-राखेका होइनौं, केवल मनसिकार स्वभावले मात्र मनबाट स्मरण गरिराखेको हो; तिमी हामीले चिन्तना गरेका होइनौं, बितक्क स्वभावले मात्र चिन्तना गरेको हो; तिमी हामीले विचार गरेका होइनौं, विचारको स्वभावले मात्र विचार गरेको हो; तिमी हामीले निर्णय गरेका होइनौं, अधिमोक्ख स्वभावले मात्र निर्णय गरेको हो; तिमी हामीले प्रयास गरेका होइनौं, विरिय स्वभावले मात्र प्रयत्न गरेको हो; तिमी हामी हर्षित प्रफुल्लित भएका होइनौं, प्रीति स्वभावनै हर्षित प्रफुल्लित भएको हो; तिमी हामीलाई केही गर्न इच्छा लागेको होइन, छन्द स्वभावले गर्दा मात्र केही गर्ने इच्छा भएको हो; तिमी हामी बेहोश विस्मृत भएका होइनौं, मोह स्वभावले गर्दा मात्र बेहोश बिस्मृत भएका हो; तिमी हामीले दुश्चरित्र काम



Downloaded from http://dhamma.digital

गर्नमा लाज नमानेका होइनौं, अहिरिक स्वभावले मात्र दुश्चरित्र कार्यमा लाज नमानेको हो; तिमी हामीले दुश्चरित्र कर्ममा त्राश नमानेको होइन, अनोतप्प स्वभावले मात्र दुश्चरित्र कर्ममा त्राश नमान्नेको हो; तिम्रो हाम्रो चित्त अस्थिर भएको होइन, उद्धच्च स्वभावले गर्दा मात्र चित्त अस्थिर भएको हो; तिमी हामी लालची बनेका होइनौं, लोभ स्वभाव मात्र लालची भएको हो; तिमी हामीले भिन्न दृष्टि राखेका होइनौं, दिट्ठि स्वभावले मात्र गलत दृष्टि राखेको हो; तिमी हामीले अभिमान गरेका होइनौं, मान स्वभावले मात्र अभिमान गरेको हो; तिमी हामीले अपराध गरेका होइनौं, दोष स्वभावले मात्र अपराध गरेको हो; तिमी हामीले ईर्ष्या गरेका होइनौं, केवल इस्सा स्वभावले मात्र ईर्ष्या गरेको हो; तिमी हामीले कृपणता दर्शाएका होइनौं, मच्छरिय स्वभावले मात्र कन्जूसी गरेको हो; तिमी हामीले पश्चाताप गरेका होइनौं, कुक्कुच्च स्वभावले मात्र पश्चाताप गरेको हो; तिमी हामी अलसी बनेका होइनौं, थिन स्वभावले मात्र आलस्य गरेको हो; तिमी हामी अकमण्य बनेका होइनौं, मिद्ध स्वभावले अकर्मण्यता दर्शाएको हो; तिमी हामीले सन्देह गरेका होइनौं, विचिकिच्छा स्वभावले मात्र सन्देह गरेको हो; तिमी हामीले विश्वाश गरेको होइनौं, सद्धा स्वभावले मात्र विश्वास गरेको हो; तिमी हामी होसियार बनेका होइनौं, सति स्वभावले मात्र होसियारपन देखाएको हो; तिमी हामीले अकुशल कर्ममा शर्म मानेका होइनौं, हिरि स्वभावले मात्र अकुशल कर्ममा शर्म मानेको हो; तिमी हामीले गलत कर्ममा भय त्राश मानेका होइनौं, ओतप्प स्वभावले मात्र गलत कर्ममा भय त्रास मानेको हो; तिमी हामी लोभी लालची नबनेका होइनौं, अलोभ स्वभाव मात्र लोभी लालची नबनेको हो; तिमी हामीले अपराध नगरेका होइनौं, अदोष स्वभावले मात्र अपराध नगरेको हो; तिमी हामी तत् तत् आरम्मणमा मध्यस्थ बनेका होइनौं, तत्र मज्झत्तताको स्वभावले मात्र मध्यस्थ बनेको हो; तिमी हामीले गर्दा चेतसिक शान्त



Downloaded from http://dhamma.digital

भएका होइनन्, बल्कि कायपस्सद्धि स्वभावले गर्दा मात्र चेतसिक शान्त भएका हुन्; तिमी हामीले गर्दा चित्त शान्त भएका होइनन् चित्तपस्सद्धिको स्वभावले मात्र चित्त शान्त भएका हुन्; तिमी हामीले गर्दा चेतसिक हलुंगा भएका होइनन्, कायलहुताको स्वभावले गर्दा मात्र चित्त हलुंगा भएका हुन्; तिमी हामीले गर्दा चित्त हलुंगा भएका होइनन्, चित्त लहुताको स्वभावले गर्दा मात्र चित्त हलुंगा भएका हुन्; तिमी हामीले गर्दा चेतसिक कोमल नरम भएका होइनन्, कायमुदुताको स्वभावले गर्दा मात्र चेतसिक कोमल नरम भएका हुन्; तिमी हामीले गर्दा चित्त कोमल नरम भएका होइनन्, चित्तमुदुताको स्वभावले गर्दा मात्र चित्त कोमल नरम भएका हुन्; तिमी हामीले गर्दा चेतसिकको शक्ति (कार्य उपयोगिता) भएको होइन, काय कम्मञ्ञताको स्वभावले गर्दा मात्र चेतसिकको शक्ति (कार्य उपयोगिता) रहेको हो; तिमी हामीले गर्दा चित्तको तेज शक्ति (कार्य उपयोगिता) भएको होइन, चित्त कम्मञ्ञताको स्वभावले गर्दा मात्र चित्तको तेज शक्ति (कार्य उपयोगिता) भएको हो; तिमी हामीले गर्दा चेतसिकको प्रगुणता (दक्षता) भएको होइन, काय पागुञ्ञताको स्वभावले गर्दा मात्र चेतसिकको प्रगुणता भएको हो; तिमी हामीले गर्दा चित्तको प्रगुणता भएको होइन, चित्तपागुञ्ञताको स्वभावले गर्दामात्र चित्तको प्रगुणता (दक्षता) भएको हो; तिमी हामीले गर्दा चेतसिक सिधा बनेका होइनन्, कायुजुकताको स्वभावले गर्दा मात्र चेतसिक सीधा बनेका हुन्; तिमी हामीले गर्दा चित्त सोधा भएका होइनन् चित्त जुकताको स्वभावले गर्दा मात्र चित्त सीधा बनेका हुन्; तिमी हामीले गरेर वची दुश्चरित्र रहित भएका होइन, सम्मावाचाको स्वभावले गर्दा मात्र वची दुश्चरित्र रहित भएको हो; तिमी हामीले गरेर काय दुश्चरित्र रहित बनेको होइन, सम्मा कम्मन्त स्वभावले गर्दा मात्र काय दुश्चरित्र रहित बनेको हो; तिमीहामी मिथ्या आजीबिका रहित बनेका होइनौं, सम्माआजीविकाको स्वभावले गर्दा मिथ्या आजीविकाबाट रहित भएका हौं; तिमी



Downloaded from http://dhamma.digital

हामीले दुःखीका उपर दया गरेका होइनौं, करुणाको स्वभावले मात्र दुःखी माथि दया गरेको हो; तिमी हामी अर्काकोसुख देखेर हर्ष प्रफुल्लित भएका होइनौं, मुदिताको स्वभाव मात्र परेको सुख देखी हर्षित प्रफुल्लित भएको हो; तिमी हामीले यथार्थ रूपबाट छुट्याई छुट्याईकन जानेका होइनौं, प्रज्ञाको स्वभावले मात्र यथार्थ रूपबाट छुट्याई छुट्याईकन जानेको हो, भन्ने किसिमबाट यथार्थ रूपबाट देख्न बुझ्न थाले पछि अनि मात्र 'म', 'तिमी' भनी धारणा भइरहेको आत्मा दृष्टि जम्मै लोप भएर गई अनात्म स्वभावलाई जान्ने सम्यक् दृष्टि मार्गमा आरूढ हुने हुन्छ ।

यसरी नै रूपारम्मण आदि धातुलाई पनि 'म', 'तिमी' भन्ने व्यवहारलाई लोप हुने गरी र अनात्म स्वभाव प्रकाश हुन सक्ने किसिमबाट बारम्बार ती धातु स्वभाव ५१ प्रकारलाई भिन्न भिन्न हुने गरी अलग अलग छुट्याई छुट्याईकन हेर्नु पर्दछ। यसरी हेरेर विचार गरेर लांदा स्वभाव धर्मलाई प्रत्यक्ष रूपबाट अलग अलग छुट्याई हेरे देखे पछि यथार्थ रूपमा अनात्म स्वभावलाई अलग अलग गरी विभाजन गरी थाहा पाउने सम्यक् दृष्टि मार्गमा अवश्यमेव पुगिने हुन्छ ।

यसरी सम्यक् दृष्टि मार्गमा आरूढ भइसकेपछि पुनः चक्षु आदिलाई पनि चक्षु प्रसाद र श्रोत प्रसाद समान छ कि छैन ? श्रोत प्रसाद र घ्राण प्रसाद समान छ कि छैन ? घ्राण प्रसाद र जिह्वा प्रसाद समान छ कि छेन ? जिह्वा प्रसाद र काय प्रसाद समान छ कि छैन ? भनी इत्यादि किसिमबाट भिन्न भिन्न प्रकारबाट दाँजेर हेर्नु पर्छ । यसरी हेरेर लाँदा एउटा धातु स्वभाव अर्को धातु स्वभावसंग समान नभई भिन्न भिन्न रहेको तथ्य बोध भएर आउने छ । यसरी अलग अलग रहेको कुरा देख्न बुझ्न थाले पछि उक्त पाँच प्रसाद स्वभाव मध्ये कुनचाहिं स्वभावलाई 'म', 'ऊ' भनी मान्ने हो भन्ने कुरालाई बिचार गरेर हेर्नु पर्छ । यस किसिमबाट हेरेर लाँदा यथार्थमा 'म' 'तिमी' भन्ने



Downloaded from http://dhamma.digital

कुरा केही नभई केवल धातु स्वभाव पुञ्ज मात्र विद्यमान रहेको तथ्य विस्तारै देखिन थाल्दछ । यस्तो अवस्थामा ऋषि, परिब्राजक म, तिमी इत्यादि आत्म भाव लोप भएर जाने छ र आत्म भाव लोप भएर जानासाथ स्वभाव धर्मलाई यथार्थ रूपबाट छुट्याई अलग अलग गरी थाहा पाउने विपस्सना सम्मा दिट्ठिको मार्गमा नै पुगिने हुन्छ ।

त्यस पछि विज्ञान धातुलाई पनि माथि उल्लेखित तरीका अनुसार नै दांजेर हेर्नु पर्छ । हेर्ने तरीका के हो त भने देखें भनी थाहा पाउनु र सुनें भनी थाहा पाउनुमा समान छ कि छैन ? सुनें भनी थाहा पाउनुमा र गन्ध सुघें भनी थाहा पाउनुमा समान छ कि छैन ? गन्ध सुघें भनी थाहा पाउनु र स्वाद पाएं भनी थाहा पाउनु उही कुरा हो होइन ? आस्वादन भयो भनी थाहा पाउनुमा र स्पर्श भयो भनी थाहा पाउनुमा समानता छ छैन ? स्पर्श भयो भनी जान्नु र मनले बिचार गरी थाहा पाउने मनोधातु, मनो-विञ्ञाण धातु उही कुरा हुन्, होइनन् ? भन्ने कुराहरूलाई बारम्बार तुलना गरेर दाँजेर हेर्नु पर्दछ । यसरी हेरेर लांदा थाहा पाउने विञ्ञाण धातु पनि एक अर्कासंग आपसमा समान नभएको तथ्य बिस्तारै बोध भएर आउने छ । अनि ऋषि, परिब्राजक, म, तिमी आदि भन्ने अत्तभाव दिट्ठिभाव सम्पूर्ण लोप भएर गई केवल स्वभाव धर्म मात्र विद्यमान रहेको बास्तबिकतालाई अलग अलग छुट्याई थाहा पाउने विपस्सना सम्मादिट्ठि मार्गमा पुगिने हुन्छ । यसरी बिपश्यना सम्यक् दृष्टि मार्गमा आरूढ हुना साथ यथार्थतः बास्तवमा 'म' 'तिमी' भन्ने केही छैन, केवल स्वभाव मात्र रहेछन् भन्ने ज्ञान लाभ हुने छ । यस प्रकारको ज्ञान प्राप्त भए देखि मै म, तिमी भनिरहेको आत्मभाव बिलीन भएर गई धातु स्वभाव भनिएका नाम रूप मात्र विद्यमान रहेछन् भन्ने कुरा यकीन भएर आउने हुन्छ । यसरी म, तिमी भन्नु केही छैन, नाम रूप धातु स्वभाव मात्र रहेछन् भन्ने तथ्य दर्शाउन विशुद्धि मार्ग अर्थ कथा



Downloaded from http://dhamma.digital

दृष्टि विशुद्धि काण्ड (पालिमा बिसुद्धि मग्ग अट्ठ कथा दिट्ठि बिसुद्धि काण्ड) मा यसरी उल्लेख गरिएको पाइन्छ :-

'परमत्थतो एकेकस्मि धम्मे उपपरिक्खियमाने अस्मितिवा अहन्ति वातिगाहस्स वत्थुभूतो सत्तो नाम नत्थि परमत्थतो पन नामरूप मत्तमेव अत्थि ।'

'एकेकस्मि धम्मे' – एक एक स्वभाव धर्मलाई 'उपपरिक्खियमाने' – विचार गरेर हेर्दा 'अस्मि ति वा' – म नै भनी वा 'अहंति' – म नै हुं भनी 'परमत्थतो' – परमार्थ स्वभावबाट 'अतिगाहस्स' – भित्र देखि विश्वास गरी ग्रहण गरी राख्न सकिने 'वत्थुभूतो' – द्रव्य सत्ता भएको 'सत्तो नाम' – सत्व भन्ने 'नत्थि' – छैन ।

यसरो प्रमाण दिइ राखिएको कुरालाई बुझने हो भने म, ऊ, स्त्री, पुरुष, ऋषि, परिब्राजक आदि भन्ने कुरा केही रहेनछ भन्ने कुरा स्पष्टत: बोध भएर आउने हुन्छ। केही नभएको नकारात्मक पक्षको कुरा बताई सकेपछि अब के छ त भन्ने सकारात्मक पक्षको कुरा चर्चा गरिने छ ।

'परमत्थतो पन नाम रूप मतमेव अत्थि' – परमार्थको हिसाबबाट हेर्दा यस संसारमा केवल नाम रूप मात्र बास्तवमा विद्यमान छन् । उपर्युक्त प्रकारबाट दिइराखिएको प्रमाणलाई राम्ररी मनन गरी 'म', 'तिमी' भन्ने केही छैन, केवल यस संसारमा नाम धातु र रूप धातु भनिएका धातु समूह मात्र निश्चित रूपमा विद्यमान रहेछन् भन्ने तथ्यलाई हृदयङ्गम गरी बुझनु पर्दछ । यस प्रकारबाट धातुलाई फारी फारोकन अलग अलग छुट्याई हेरेर लान सक्ने भएपछि निश्चित रूपबाट म तिमी भन्ने भाव विलीन भएर गई स्वभाव धातु समूह मात्र रहेछन् भन्ने तथ्यलाई माथि उल्लेख गरिए बमोजिम राम्ररी प्रत्यक्ष रूपमा अवबोध भएर आउने हुन्छ। यसरी अवबोध भएको ज्ञानलाई नै ज्ञात परिञ्ञाण भनी भनिन्छ ।



Downloaded from http://dhamma.digital

त्यसकारण 'रूप्पण लक्खणं रूपं, वेदयित लक्खणा वेदनाति एवं तेसं तेसं धम्मानं पच्चत्तलक्खणा सल्लक्खणा वसेन पवत्ता पञ्ञा ञात परिञ्ञा नाम' भनी मग्गा मग्ग ञाण दस्सन विसुद्धिको व्याख्या बिशुद्धि मार्ग अर्थकथामा उल्लेख गरिएको रहेछ। अर्थ :- 'रूपं' – रूप 'रूप्पनलक्खणं' – परिवर्तन भई बिनाश हुने लक्षण वाला हो। 'वेदना' – वेदना भन्नु 'वेदयित लक्खणा' – अनुभव गर्ने लक्षण हो। 'इति एवं' – यस प्रकार 'तेसं तेसं धम्मानं' – त्यस् त्यस् स्वभाव धर्ममा 'पच्चत्तलक्खणा' भिन्न भिन्न लक्षणलाई 'सल्लक्खण वसेन' – राम्ररी थाहा पाउन सकिने किसिमले 'पवत्ता' – रहेको 'पञ्ञा' – प्रज्ञालाई 'ञात परिञ्ञा नाम' – ञात परिञा भनी भनिन्छ। (यसरी उल्लेख भइ रहेको तथ्यलाई मनन गरी ञात परिञाणलाई बुझ्नु पर्दछ।)

यस्तो स्वभाव भएको 'ञात परिञा' द्वारा स्वभाव धर्म सबैलाई अलग अलग छुट्याई राम्ररी देख्न जान्न सक्ने अवस्थामा पुगिसकेका योगी पुद्गलहरूले तिरण परिञा सम्म नै माथि उल्लेख गरिएका १८ धातुलाई आरम्मण आरम्मणिक र वत्थु-लाई चिनेर निरन्तर अनित्य, दुःख र अनात्मा नामक त्रिलक्षणमा राखो हेर्न सक्नु पर्दछ। हेर्ने तरीका के हो त भने रूपारम्मण नामक वर्ण धातुलाई देखें भनी थाहा पाउनु चक्षु विज्ञान धातुको गोचरको विषय रहेछ। आंखामा भएको सफा निर्मल चक्षु प्रसाद नामक चक्खु धातु चक्खु विञ्ञाण धातुको आधार वस्तु रहेछ। त्यसरी नै शब्दारम्मण नामक सद्द धातु सुनी थाहा पाउनु सोत विञ्ञाणको गोचर विषय रहेछ। कानमा भएको सफा निर्मल श्रोत प्रसाद नामक सोत धातु सोत बिञ्ञाण धातुको आधार बस्तु रहेछ। गन्धारम्मण नामक गन्ध धातु सुंघी थाहा पाउनु घान विञ्ञाणको गोचर विषय रहेछ। नाकमा रहेको सफा निर्मल घ्राण प्रसाद नामक घान धातु सुघें भनी थाहा पाउने घ्राण विज्ञान धातुको आधार बस्तु नै रहेछ। रसारम्मण नामक रस धातु जिह्वा विञ्ञाण धातुको गोचर विषय रहेछ। जिब्रोमा



Downloaded from http://dhamma.digital

रहेको सफा निर्मल जिह्वा प्रसाद जिह्वा विज्ञान धातुको आधार बस्तु नै रहेछ । फोट्ठब्बारम्मण नामक फोट्ठब्बधातु स्पर्शलाई थाहा पाउनु काय विज्ञान धातुको गोचर विषय रहेछ । शरीरमा रहेको सफा निर्मल काय प्रसाद नामक काय धातु स्पर्श भयो भनी थाहा पाउने काय विज्ञान धातुको आधार बस्तु नै रहेछ । उपर्युक्त आरम्मण पाँच देखि बाहेकका अन्य शेष स्वभाव समूह धम्मारम्मण मनोविज्ञान धातुको गोचर विषय रहेछन् । मनोधातु भन्नु चक्षु विज्ञान आदि पञ्च विज्ञानको अगाडि पछाडि खण्डमा रही आरम्मणलाई थाहा पाउने स्वभाव मात्र रहेछ । ती मनोधातु मनोविज्ञान धातुले चाँहि हृदय बत्थु भनिने हृदय (मुटु) को रगतको आधार लिएका हुन्छन् । यस प्रकारबाट आधार बस्तु आरम्मणलाई पहिचान गरी अब वर्णन गर्न लागिएको बिधिपूर्वक अनित्य, दुःख र अनात्मा भनिने त्रिलक्षणमा राखी विचार गरी सम्मसनञाण आदिलाई क्रमशः पूर्ण गरेर लम्नु पर्दछ ।

विचार गर्ने बिधि हो :–

रूपारम्मण नामक वर्ण धातु र चक्षु प्रसाद धातुको आपसमा स्पर्श हुँदा जति पटक स्पर्श हुन्छ त्यति पटक देखें भनी थाहा पाउने चक्षु विज्ञान झिलिक्क झिलिक्क उत्पत्ति भई विनाश भएर जान्छ । उपमा – दिया सलाईको आविष्कार हुनु अघि प्राचीन कालमा आगो बलाउन विशेष किसिमको ढुङ्गा दुई टुक्रा आपसमा जुडाई झिल्का निकाली आगो बाल्ने गर्दथ्यो । ती दुई टुक्रा ढुङ्गा आपसमा जुडाइंदा आगोको झिल्का निस्की हराएर गए जस्तै रूपारम्मण नामक बर्ण धातु र चक्षु प्रसाद धातुको प्रत्येक स्पर्शबाट रूपारम्मणलाई देखें भनी थाहा पाउने चक्षु विज्ञान धातु उत्पत्ति भई तुरुन्त तुरुन्त विनाश भएर जाने रहेछ र क्षण क्षणमै अनगिन्ति किसिमबाट विनाश भएर गइरहेका छन् भन्ने कुरा मनन गरी बुझ्नु पर्दछ । त्यसरी नै शव्दारम्मण नामक शव्द धातु र श्रोत प्रसादको आपसमा स्पर्श हुनासाथ श्रोत विज्ञान नामक थाहा पाउने स्वभाव झिलिक्क झिलिक्क उत्पत्ति भई



Downloaded from http://dhamma.digital

अनगिन्ति किसिमबाट विनाश भएर गइरहेका छन् । गन्धारम्मण भन्ने गन्धको स्वभाव र घ्राण प्रसादको प्रत्येक बार स्पर्श हुंदा घ्राण विज्ञान भन्ने थाहा पाउने स्वभाव क्लिलिक्क क्लिलिक्क उत्पन्न भई अनगिन्ति रूपबाट विनाश भएर गइरहेका छन् । रसारम्मण नामक रसधातुको जिह्वा प्रसाद संग स्पर्श हुना साथ जिह्वा विज्ञान नामक थाहा पाउने स्वभाव क्लिलिक्क क्लिलिक्क उत्पन्न भई अनगिन्ति रूपबाट विनाश भएर गइरहेका छन् । स्प्रष्टव्यारम्मण नामक स्पर्श स्वभाव र काय प्रसादको बीच प्रत्येक बार स्पर्श हुंदा काय विज्ञान भन्ने थाहा पाउने स्वभाव क्लिलिक्क क्लिलिक्क उत्पन्न भई अनगिन्ति रूपबाट बिनाश भएर गइरहेका छन् । धम्मारम्मण भन्ने स्वभाव धर्म र भवङ्ग चित्त नामक मन प्रसाद धातु बीच प्रत्येक बार स्पर्श हुँदा त्यस धम्मारम्मणलाई थाहा पाउने मनोविज्ञान धातु क्लिलिक्क क्लिलिक्क उत्पत्ति भई अनगिन्ति किसिमबाट विनाश भएर गइरहेका छन । यसरी अनित्य भएर गइरहेकोलाई निरन्तर रूपबाट हेरेर लान सक्नु पर्दछ । यसरी हेरेर लांदाको अवस्थामा निरन्तर रूपबाट चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन नामक द्वार ६ वटैमा पालै पालो परिवतन हुँदै उत्पत्ति हुँदै विनाश भएर गइरहेको तथ्यलाई अटूट रूपमा देख्न थालिने छ । यस प्रकार अटूट रूपबाट उत्पत्ति र विनाशको प्रक्रियालाई देखेकोलाई नै अनित्यलाई देखेको भनिन्छ ।

तदनन्तर पनि विचार गर्नु पर्ने कुरा त बांकी नै रहन्छ । त्यो के कुरा हो त भन्दा यस्तो प्रकारले क्षण भर पनि नरोकी अटूट रूपबाट निरन्तर तरोकाले विनाश भएर गइरहेको प्रवाहमा रत्ति भर पनि सुख आनन्दको अनुभव गर्ने भन्ने कुरा केही छ त भनी बिचार गरेर हेर्नु पर्दछ । यस प्रकारले विचार गरी हेर्दाको अवस्थामा रत्ति भर पनि सुख आनन्दको अनुभव गर्ने भन्ने कुरा केही रहेनछ भन्ने कुरा छर्लङ्ग भएर आउने छ । जसरी कुनै एक जना व्यक्तिलाई शत्रु लागी त्यस शत्रुले शस्त्रास्त्र लिई बाटो



Downloaded from http://dhamma.digital

कुरो त्यो व्यक्तिलाई प्रत्येक बार निस्किनासाथ शस्त्रबाट प्रहार गर्न थाल्ने हो भने त्यो व्यक्ति त्यो शत्रु कुरिरहेको ठाउँमा आउनै नसक्ने हुन्छ त्यसरी नै म, ऊ, ऋषि, परिब्राजक भनी धारणा भइरहेका व्यक्तिहरूले धातु भेदको रूपबाट सम्पूर्ण स्वभाव धर्मलाई हेरेर लांदाको अवस्थामा ती उत्पत्ति भएका विज्ञान आदि धातु पुञ्ज पनि शस्त्रबाट प्रहार हुने भन्दा बढी किसिमबाट विनाश भएर गइरहेको तथ्यलाई राम्ररी देख्न जान्न बुझ्न थाले पछि स्वभाव धर्मको प्रवाहमा सुख आनन्दको अनुभव गर्ने भन्ने कुरै केही बांकी रहन्न। त्यस व्यक्तिले केवल दुःखको ढिक्का, दुःखकै समूहलाई मात्र निरन्तर रूपबाट देखिरहने हुन्छ। यस प्रकार दुःखमयलाई देखेकोलाई नै दुःखलाई देखेको भनिन्छ।

यसरी उत्पत्ति हुंदै द्रुतगतिबाट विनाशमा प्राप्त भइरहेका दुःखको प्रवाह स्वभावलाई बिचार गरी म, ऊ, स्त्री, पुरूष, सत्व भनिने केही कुरा बास्तवमा छ त भनी राम्ररी बिचार गरेर हेर्नु पर्दछ। यसरी हेरेर लांदा म, ऊ, स्त्री, पुरूष, सत्व आदि भन्ने कुरा यथार्थमा केही रहेन छ भन्ने कुराको ज्ञानोदय हुने छ। यसरी ज्ञान प्राप्त भए पछि पनि 'म', 'ऊ' भन्ने केही रहेन छ भन्ने कुरालाई बारम्बार सम्झी बुझी मनन गरी बिचार गरेरलांदा लांदै म, ऊ, स्त्री, पुरूष, पुद्गल, सत्व संज्ञा अर्थात् अत्तदिट्ठि विलीन भएर गई अनत्त स्वभाव मात्र प्रत्यक्ष देखिन थाल्ने हुन्छ। यसरी देखेकोलाई देखेको अनत्त (अनात्मा) भनिन्छ। अनि मात्र अनात्म ज्ञान साक्षात्कार हुनेछ।

यसरी अनात्म ज्ञान साक्षात्कार भए पछि म, तिमी भन्ने कुरा किञ्चित मात्रामा पनि केही छैन रहेछ। यो संसार भन्नु नै निश्चय पनि भयङ्कर रूपबाट विनाश हुँदै गइरहेको दुःख अग्नि मात्र रहेछ भनी थाहा भई प्रत्येक बार हेर्दा म, तिमी, स्त्री, पुरूष आदि सत्व संज्ञा विलीन भएर जाने हुन्छ। यसरी सत्व संज्ञा लोप भएर जांदा जांदा आत्म दृष्टि पनि हराएर जाने हुन्छ। यसरी जति आत्मा



Downloaded from http://dhamma.digital

दृष्टि लोप भएर जान्छ त्यति नै यथार्थ रूपबाट जस्तो हो त्यस्तै रूपबाट अनात्म स्वभावलाई देखिने हुन्छ। यसैलाई नै सम्मादिट्ठिञाण (सम्यक् दृष्टि ज्ञान) भनिन्छ।

यसरी सम्यक् दृष्टि ज्ञान प्राप्त हुंदै आउंदा अविद्या-तृष्णाको विनाश भएर जाने छ। अविद्या-तृष्णाको विनाश हुन थाले पछि मिथ्या संकल्पको पनि विनाश भएर जाने छ। मिथ्या संकल्प नाश भएर गएको कारणले गर्दा सम्यक् संकल्प आदि शेष मार्गाङ्ग पनि सम्यक् दृष्टि ज्ञानको संग संगै एकै पटक उत्पन्न हुनेछ।

उपर्युक्त प्रकारबाट एक पटक उत्पत्ति भएका मार्ग पांचलाई लौकिक मार्ग भनी भनिन्छ। ती सम्यक् दृष्टि आदि लौकिक मार्ग पाँचलाई पूर्वोक्त विधि पूर्वक रात दिन कोशिस गरी वीर्य राखी भाविता गरिलगेको खण्डमा तिमी, म, भनी ग्रहण गरि रहेको आत्म भाव लोप भएर गई निरन्तर दु:खाग्निबाट जलन भइरहेको तथ्यलाई मात्र देख्न थालिने छ। जति जति दु:खाग्निबाट दग्ध भइरहेको देखिन थाल्छ त्यति त्यति नै हेर्दै लाने शक्ति बढाउँदै लाने प्रयास गर्नु पर्दछ। यसरी शक्ति प्रवल हुंदै गए पछि एकतीस भूवनमा प्रवर्तित भएर गइसकेका, हाल प्रवर्तित भइरहेका र भविष्यमा प्रवर्तित हुने जुन धातु पुञ्ज हुन् ती सबै निश्चय पनि म होइन, तिमी होइन, केवल अविराम अटूट रूपबाट बिनाश भई दग्ध भइरहेका धातु पुञ्ज मात्र रहेछन् भन्ने कुरालाई प्रत्यक्ष भएर आउने छ। यसरी अनित्य आदि द्वारा देखि जान्न थाहा पाउन सकिएको ज्ञानलाई सम्मसन ज्ञान भनिन्छ।

त्यसैले पटिसम्भिदा मार्ग पालिमा –

"अतीतानागत पच्चुप्पन्नानं धम्मानं संखिपित्वा ववत्थाने पञ्ञा सम्मसने ञाणं . . . . . . . . . . . . . . . . .
सब्बं रूपं अनिच्चतो ववत्थेति एकं सम्मसनं दुक्खतो ववत्थेति एकं सम्मसनं अनत्ततो ववत्थेति एकं सम्मसनं" आदि रूपबाट निकै विस्तारका साथ दर्शाइएको पाइन्छ। इच्छा हुनेले पटि



Downloaded from http://dhamma.digital

सम्भिदा मार्ग पालि हेरे हुन्छ । त्यस पछि अर्को विशुद्धि मार्ग अर्थ कथा हेरे हुन्छ । यहाँ संक्षेपमा मात्र चर्चा गरिएको हो ।

## सम्मसन ञाण समाप्त

यसरी सम्मसन ञाणद्वारा बारम्बार भाविता गर्दै लाँदा ती विज्ञानादि धातु स्वभाव प्रत्येक क्षणमै उत्पत्ति हुंदै विनाश भएर गइरहेको तथ्यलाई मात्र देखिरहने हुन्छ । उपमा – कुहिरो लागिरहेको बेलामा सूर्योदय भएर आउना साथ ती कुहिरो बिलीन् भएर गए जस्तै वा वर्षा हुंदाको समयमा कुलो, ढल, नहर, नदी, समुद्रको पानीमा फोकाफोका उठ्दै बिनाश भएर गए जस्तै उत्पत्ति भएका विज्ञानादि थाहा पाउने स्वभाव धातु समूह पनि अटूट रूपबाट अविच्छिन्न गतिले उत्पत्ति र विनाश भएर गइरहेकोलाई देखिने हुन्छ । त्यति भए पछि मात्र 'उदय ब्वय ञाण' प्राप्त भयो भन्ने कुरा थाहा पाउनु पर्छ । यसरी 'उदय ब्वय ञाण' अर्थात उदय ब्यय ज्ञान प्राप्त भइसकेका योगीले त्यस उदय ब्वय ञाणलाई नै उद्योग बृद्धि गरेर लानु पर्दछ । यसरी उद्योग बृद्धि गर्दै लगेको मात्रा निकै बढी भए पछि योगीलाई अनित्य स्वभाव, दुःख स्वभाव र अनात्म स्वभाव अन्यन्त स्पष्ट किसिमबाट प्रकट हुने हुन्छ । यसरी देखिने ज्ञानलाई तिरण परिञ्ञाण भनी भनिन्छ । त्यसैले विशुद्धि मार्ग अर्थकथामा 'रूपं अनिच्चं वेदना अनिच्चाति आदिना नयेन तेसं येव धम्मानं सामञ्ञलक्खणं आरोपेत्वा पवत्ता लक्खणारम्मणिक विपस्सना पञ्ञा तिरण परिञ्ञानाम' भनी उल्लेख गरिएको पाइन्छ ।

## अर्थ

'रूपं' – परिवर्तित भई विनाश भएर जाने रूप, 'अनिच्चं' – अटूट रूपबाट विनाश भएर गइरहेका छन्, 'वेदना' – अनुभव गर्ने वेदना 'अनिच्चा' – अविरल गतिले विनाश भएर गइरहेका छन्, 'इति आदिना नयेन' – इत्यादि किसिमबाट 'तेसं येव धम्मामं' – तत् तत् धातु स्वभावलाई नै मात्र सामञ्ञ-लक्खणं'



Downloaded from http://dhamma.digital

– अनित्य आदि सामान्य लक्षणमा 'आरोपत्वा' – राखी 'पवत्ता' – (लाभ) भएको 'लक्खणारम्मणिक विपस्सना पञ्ञा' – लक्खणारम्मणिक विपस्सना प्रज्ञालाई 'तिरण परिञ्ञाञाण' – तिरण परिञ्ञा भनी भनिन्छ। त्यो तिरण परिञ्ञा भन्ने सच्चानु लोमञाण सम्म हुनेछ। यो कुरा विशुद्धि मार्ग अर्थकथा परिञ्ञा खण्डमा हेर्नु पर्दछ।

उदयब्बयञाण समाप्त

उदयब्बयञाण प्राप्त भइ सकेका योगीले बारबार त्यस उदयब्बयञाणलाई नै अभ्यास गर्दै लाने गर्नु पर्दछ। यसरी अभ्यासमा निकै अभिबृद्धि भए पछि उत्पत्ति भएका कुरा नदेखिने भई केवल विनाश भएका कुरालाई मात्र देख्ने हुन्छ। जस्तो हुरु हुरु बलिरहेको ठूलो आगोमा पतन भए जति बल्ने पदार्थ धमाधम बलेर गइरहेको मात्र देखिन्छ, त्यसरी नै ३१ भूवनमा उत्पन्न भए जति धातु समूह जम्मै विनाश भएर गइरहेकैलाई मात्र देखिरहने हुन्छ। यसरी देखिदा भङ्गञाणलाई देखिएको हो भन्ने कुरा सम्झनु पर्दछ। विनाश भएर गइरहेकालाई मात्र देखिएको ज्ञानलाई भङ्गञाण (भंग ज्ञान) भनिन्छ।

भङ्ग ञाण संक्षेपमा सकियो

यसरी विनाश भइरहेकोलाई देखेको भङ्गञाणद्वारा चक्षु आदि धातु अनबिच्छिन्न रूपबाट अविराम गतिमा विनाश हुँदै गइरहेको सत्यलाई धमाधम देख्न थाले पछि उत्पत्ति भएका जति सम्पूर्ण रूपारम्मण वर्ण धातु चक्षु प्रसाद नामक चक्षु धातु आदि माथि वर्णन गरि आएका १८ धातु समूह जम्मै अविराम अविरल गतिले अटूट रूपबाट विनाशमा प्राप्त भई पीडा दिइ आएको कारणले गर्दा हुरुहुरु दन्किरहेको अग्नि राशी समान हुन् भनी बुझ्न थालिने छ। यसरी बुझ्ने काम कसरी हुन्छ भने नगरको ढोकाको अगाडि मानौं आगोको तीन वटा राशी दन्किरहेका छन्। ती अग्नि राशी तीनलाई चक्षु भएको एक जना पुरुषले



Downloaded from http://dhamma.digital

देख्यो भने के भन्छ भने अहो ! मानिसहरू यो आगोमा खसेको खण्डमा उनीहरू त निश्चय पनि भष्म भएर जाने छन् । त्यसरी नै ध्यान गर्ने योगीले स्वर्ग मर्त्य पाताल लोकमा अवस्थित ३१ वटै भूवनमा विद्यमान धातु सम्पूर्ण उत्पत्ति हुंदै विनाश भइरहेको कारणले गर्दा निश्चय पनि यो संसार सबै दुःखको समूह दुःखकै ढिक्का नै मात्र रहेछ भन्ने सम्झी भयभीत भएर बस्दछ। उपमा – ऐश आराम सुख विलाशमा आनन्दसंग बस्न चाहने ब्यक्ति भूत प्रेत जंगली जनावर भएका ठाउँमा पुग्दा त्रसित भए जस्तै अतीतमा उत्पन्न भए जति धातु लोप भएर गइ सकेका, वर्तमानमा उत्पन्न भइरहेका धातु पनि सबै विनाश हूंदै गइरहेका र भबिष्यमा उत्पन्न हुने धातु पनि एवं प्रकारले लोप हुंदै जानु पर्ने स्थितिलाई देख्दा योगीले संसारमा अत्यन्त भयङ्कर दुःख भयलाई मात्र देख्ने भई अणु प्रमाण सम्म पनि सुख शान्तिलाईं नपाई भयभीत भइरहन्छ । यसरी देख्ने ज्ञानलाई भयत्राण (भय ज्ञान) देखेको भनिन्छ । ध्यानबाट महा भयङ्कर देखिने हुंदा त्यस्तो देखिएको ज्ञानलाई भयत्राण भनिन्छ । शिशुहरू डराईकन रोएकोलाई भयत्राण भनिदैन । किनभने बालकहरू डराउने स्वभावलाई द्वेष चित्तको स्वभाव भनिन्छ ।

भय ज्ञान प्राप्त योगीले सो भय ज्ञानद्वारा माथि वर्णन गरिएका धातु सबैलाई म होइन, तिमी होइन, यथार्थमा महाभय मात्र रहेछन् भनी पूर्व देखिए भन्दा बढी देख्न सकिने किसिमले निरन्तर उद्योग बीर्य बढाउँदै लांदा स्वर्ग मर्त्य पातालमा अवस्थित भूवनमा विद्यमान धातु मध्ये कुनै धातुलाई पनि म, तिमी भनी देखाउन सकिने स्थिति नरहेको र ती धातु साथै धातु उत्पन्न भइरहेका भूवन समेतलाई वैरीहरू एकजूट भई चारै तिर-बाट घेरा हाली शस्त्र अस्त्रबाट लगातार प्रहार गरिरहेको स्थिति जस्तै देखिन आउने छ। यसरी देख्न थालेपछि उक्त योगीले निश्चय पनि स्वर्ग मर्त्य पाताल आदि त्रिलोक भूवनमा उत्पत्ति भइ रहुन्जेल उत्पत्ति र विनाशको प्रकृया अविराम अविरल



Downloaded from http://dhamma.digital

गतिमा चालु भइरहने हुँदा दुःखाग्निबाट मुक्त हुन सकिने अणु प्रमाण सम्म पनि रहेनछन्, केवल विनाश मात्र भइरहंदा रहेछन् भनी उत्पत्ति भएका यावत् धातुमा केवल दोष नै मात्र देख्न थाल्ने छ। सुख शान्ति भन्ने कुरा किञ्चित् मात्रामा पनि केही नदेखी केवल दोषलाई नै मात्र देखिरहने ज्ञानलाई आदिनवञाण (आदिनव ज्ञान) भनिन्छ। आदिनव ज्ञान भन्नाले नित्य स्थिर केही नरहने अनित्य दोष, बारंबार दुःख कष्ट भोग गर्नु पर्ने दुःख दोष, म, तिमो भनी देखाउन सकिने सारतत्व केही नभएको अनत्त दोष (अनात्मा दोष) लाई भनिएको हो।

उक्त आदिनव ञाण प्राप्त योगीले त्रिभूवन लोकमा उत्पत्ति भएका यावत् धातुलाई म, तिमी होइन केवल निरन्तर रूपमा उत्पत्ति हुदै विनाशमा प्राप्त भइरहेका स्वभाव धर्म मात्र हुन् र दुःखाग्निबाट दग्ध भइरहेको कारणले पीडा कष्ट मात्र भोगी रहनु पर्ने धातु पुञ्ज मात्र हुन् भन्ने कुरालाई अनुभव गरी दोष दोष मात्र ती सम्पूर्ण धातुमा निरन्तर देख्न अनुभव गर्न थालेपछि त्रिभूवन लोकमा उत्पत्ति भएका यावत् धातु प्रति आशक्ति रहित भई अत्यन्त विरक्त भएर आई वैराग्य भाव जाग्न थाल्ने छ। यसरी वैराग्य भएर आएपछि साविक भन्दा बढी उद्योग वीर्य बढाई हेर्दै लांदा झन् झन् बढी विराग उत्पन्न हुन थाल्ने छ। यसरी विराग उत्पत्ति भएर आएको कारणले गर्दा ती धातु सङ्खार धर्म प्रति अत्यन्त खिन्न र दिक्दार भएर आउने हुन्छ। उपमाः- चित्रकूट पर्वत मुनि गोचर गरि रहने राजहंसले चाण्डाल ग्रामको ढोकामा जम्मा भइरहेको फोहर मलमूत्र युक्त ढलमा विचरण गर्नमा आनन्द नदेखी हिमवन्त पर्वत छेउ अवस्थित महा-सरोवरमा बिचरण गर्दा मात्र आनन्दित महशूस गरे झैं आदिनव ज्ञान प्राप्त योगीले पनि सम्पूर्ण सङ्खार धातुमा आनन्द नदेखी विरक्त भईकन अनित्य आदि रूपबाट हेर्दै लाने विपश्यना धर्म नै मात्र आनन्द महशूस गर्न थाल्ने हुन्छ। यस प्रकार सङ्खार आदि धातुमा आनन्दित नभई विरक्त हुने विपश्यना ज्ञानलाई निब्बिन्द



Downloaded from http://dhamma.digital

ञाण भनिन्छ। निब्बिन्द ञाण भनेको विरक्त हुने ज्ञानलाई भनिएको हो।

निब्बिन्द ञाण संक्षेपमा सकियो।

उपर्युक्त निब्बिन्द ञाण प्राप्त भई वैराग्य प्रवल भएर आए पछि त्यस योगीलाई यावत् सङ्खार संखत (ससंस्कृत) धातुहरू प्रति आशक्ति नरहने हुंदा शिघ्र से शिघ्र ती ससंस्कृत धातुहरूबाट मुक्त हुन चाहेका चित्त नै मात्र उत्पन्न हुन थाल्ने छन्। बिरालोको पँजामा फंसेको मुसो र सर्पको मुखमा परेको भ्यागुतोले सो बन्धनबाट मुक्त हुन मात्र खोजे झैं त्यस योगीले पनि सम्पूर्ण संस्कार धातुबाट मुक्त हुने नै मात्र इच्छा गर्न थाल्ने छ। त्यस्तो योगीलाई किञ्चित् मात्रामा पनि आशक्त भएर बस्ने भन्ने कुरा नै केही हुने छैन। यसरी आशक्ति रहित भई मुक्ति मात्रको चाहना राख्ने चित्तलाई मुञ्चितुकम्यता ज्ञान भनी जान्नु पर्दछ। मुञ्चितुकम्यता ज्ञान भनेको मुक्त हुने सदीच्छा राख्ने ज्ञानलाई भनिएको हो।

मुञ्चितुकम्यता ज्ञान समाप्त।

यसरी सम्पूर्ण ससंस्कृत धातुबाट मुक्त हुने इच्छा रहने मुञ्चितुकम्यता ज्ञान प्रवल भएर आए पछि ती ससंस्कृत धातुहरूलाई निम्न लिखित चालीस पकारका स्वभाव धर्मका रूपबाट बिचार गरीकन हेर्नु पर्दछः—

१) सङ्खत धातु (ससंस्कृत धातु) भनेको स्थिर नरही सदैव परिवर्तन भई विनाशमा प्राप्त भइरहेका स्वभाव हुन्।
२) दन् दन् दन्किरहेको अग्नि समान हुन्।
३) राग आदि काँढाले बिझी पीप जमेको उत्तुम भइसकेको घाउ समान हुन्।
४) क्लेशरूपी घाउबाट पीप चुहिरहेको पीप समान हुन्।
५) राग द्वेष मोह आदि कांढाले घोची वेदना कष्ट भइरहेको पीडा समान हुन्।



Downloaded from http://dhamma.digital

६) निन्दा गर्न योग्य, कसिगर फाले ॐ फाल्न लायक सुख भनेको किञ्चित मात्रा पनि केही नभएको दुःख नै दुःखले मात्र परिपूर्ण भइरहेको स्वभाव मात्र हुन् ।

७) रोग व्याधि भय उपद्रवले अटूट रुपबाट पीडा कष्ट दिइ आएको स्वभाव समान हुन् ।

८) आफूले इच्छा गरे जस्तो केही नहुने भई बाहिरका अपरिचित व्यक्तिहरू समानका स्वभाव धर्म हुन् ।

९) व्याधि, मरण आदिको कारणबाट विपरीत भएर जाने स्वभावका हुन् ।

१०) एक होइ । अनेक भय उपद्रवका खानी नै भइरहेका स्वभाव हुन् ।

११) राज दण्ड आदि भय उपद्रव हुनामा मूल कारण पनि हुन् ।

१२) राज भय, चौर भय आदि भय निरन्तर आइरहने स्थान हुन् ।

१३) अनबिच्छिन्न रूपबाट दुःख, कष्ट, पीडा दिइरहने दुःखाग्निको खानी स्वरूपी स्वभाव धर्म हुन् ।

१४) जाति जरा, मरण आदि बन्धनबाट बाँधिएको कारणले अनेक भय दुःखादिबाट प्रकम्पित भइरहने स्वभाव हुन ।

१५) पर उपयोग र स्व-उपयोगद्वारा विपरीत हुंदै विनाश भएर जाने स्वभाव हुन् ।

१६) सम्पूर्ण दुःख चक्रमा पतन हुने कारणले गर्दा केही स्थिर नभएको स्वभाव हुन् ।

१७) रोग व्याधि अन्तरायादिद्वारा पीडित भइरहने स्वभाव वाला हुदा शरण लिन भरोसा लिन नसकिने स्वभाव हुन् ।

१८) भयहरूमा सबभन्दा ठूलो भय र शत्रु, वैरीहरूमा महावैरी महाशत्रुको रूपबाट दुःख कष्ट दिइरहने कारणले गर्दा सुरक्षार्थ बच्न सकिने, लुक्न सकिने स्थान कतै केही नभएको स्वभाव हुन् ।

१९) आफूकहाँ शरण लिन आएकालाई पनि भयादिबाट बचाई राख्न सामर्थ्य केही नभएका स्वभाववाला हुन् भनी बार-बार भाविता गरी हेर्ने देख्ने प्रयास गर्नु पर्दछ । अनि ती धातु समूहलाई ज्ञान चक्षुबाट पुनःनिम्न किसिमबाट विचार गरी हेरेर लग्नु पर्दछ । यथा–

२०) ती धातु समूह वास्तवमा शोभा युक्त, सबल र सुख दायक भनी भन्न सकिने केही तत्व पनि रहेन छ ।

२१) त्यसरी नित्य सुख आदि केहो पनि नरहेको कारणले गर्दा ती धातु समूह यथार्थमा व्यर्थका काम नलाग्ने स्वभाव धर्म मात्र रहेछन् ।

२२) अधिकारपूर्वक सुख लाभ गर्न सकिने तत्वबाट रहित रहेछन् ।

२३) तिमी, हामी आदि भनि धारण ग्रहण गर्न सकिने अत्तभाव-बाट सर्वथा भिन्न अलग रहेको स्वभाव धर्म रहेछन् ।

२४) अतिशय दोषैदोषबाट मात्र भरिएको स्वभाव रहेछन् ।

२५) अटूट रूपबाट परिवर्तित भई विनाश भइरहेका स्वभाव रहेछन् ।

२६) नित्य, सुख आदि भन्न नसकिने केवल असार स्वभाव रहेछन् ।

२७) दुःखको समूह जम्मा हुने मूल स्थानको रूपमा रहेको स्वभाव रहेछन् ।

२८) बाहिरबाट हित उपकार गर्ने मित्रको रूप लिई सदैव भित्र-भित्रै आघात पुऱ्याई रहने शत्रु वैरी समानको स्वभाव रहेछन् ।

२९) प्रीति दायक, आनन्द दायक, सुख दायक तत्वबाट बिल्कुल अलग रहेका स्वभाव रहेछन् ।



Downloaded from http://dhamma.digital

३०) अविरल अविराम गतिबाट चार आश्राव प्रवाहित भइरहने स्वभाव वाला रहेछन् ।

३१) कर्म, चित्त, ऋतु र आहार नामक हेतुद्वारा निरन्तर निर्मित भई रक्षा गरि रहनु पर्ने स्वभाव रहेछन् ।

३२) क्लेश आदि मारबाट दबाइएर वस्नु पर्ने स्वभाव रहेछन् ।

३३) बारम्बार उत्पन्न हुंदै गर्ने गरेका स्वभाव रहेछन् ।

३४) निरन्तर रूपबाट जीर्ण भएर गइ रहेको स्वभाव रहेछन् ।

३५) रोग व्याधि आदि द्वारा पीडा कष्ट दिलाई कष्ट सहेर बस्नु पर्ने स्वभाव रहेछन् ।

३६) मृत्यु भई विनाश भएर जाने स्वभाव रहेछन् ।

३७) शोक सन्तापबाट आक्रान्त भइरहनु पर्ने स्वभाव रहेछन् ।

३८) रोई कराई विलाप गरिरहनु पर्ने स्वभाव रहेछन् ।

३९) हैरान भइरहनु पर्ने स्वभाव रहेछन्, र

४०) तृष्णा, दृष्टि आदि क्लेश मलहरूबाट लतपत भइरहेको स्वभाव रहेछन् भनी

माथि उल्लेख गरि आए बमोजिम ४० प्रकारबाट बारम्बार बदलो बदलीकन ती धातु समूहलाई हेरर बिचारेर लानसक्नु पर्दछ ।

यसरी ज्ञान दृष्टिबाट धातु समूहका यथार्थ स्वभावलाई पहिचान गर्दै बिचार गर्दै लगेको प्रयास धेरै भएपछि ती संखार धातु समूहबाट बिलकूल मुक्त भएर जाने चित्त एकदमै प्रबल भएर आउने छ। यसरी विराग प्रवल भएर आउंदा पनि बारम्बार हेर्दै बिचार गर्दै लाने प्रयास अधिकतर वढाउदै लगे पछि आत्मा, जीव, पुद्गल आदि भनी उपादानको रूपबाट ग्रहण गरिराख्ने स्वभाव लोप भएर जाने छ। यसरी आत्मा, जीव, पुद्गल भन्ने भाव लोप भएर गएपछि पटि सङ्खण ञाण देखियो भन्ने कुरा बुझ्नु पर्दछ। पटिसङ्खण ञाण भनेको बारम्बार



Downloaded from http://dhamma.digital

अनित्य आदि रूपबाट बिचार गरीकन अनित्य दुःख अनात्मालाई अतिशय स्पष्ट हुने किसिमबाट देखिएको ज्ञानलाई भनिएको हो।

पटि सङ्खण ञाण लाभ भएका योगीले पुनः ती धातुलाई क्षणभर मात्र पनि स्थिर नरही अनित्यताको लक्षण प्रदर्शण गर्दै विनाश भएर गइरहेको हुंदा यथार्थमा निश्चय पनि म, तिमी, स्त्री, पुरूष, देव, ब्रह्मा आदि भनी धारण गरि राख्न सकिने किसिमले केही नभएको, मेरो सम्पत्ति, उसको सम्पत्ति भनी उपादान रूपबाट ग्रहण गरि राख्न सकिने सारभूत तत्व केही नरहेका स्वभाव धर्मलाई बारम्बार ध्यानबाट विचार गरी हेरेर लान सक्नु पर्दछ।

यसरी हेरेर लगेको प्रयास अधिक भए पछि निश्चय पनि ती धातु समूहमा म, तिमी, स्त्री, पुरूष, देव, ब्रह्मा, भनी उपादान रूपबाट ग्रहण गर्न सकिने केही रहेनछन्। मेरो धन उसको धन भनेर उपादान रूपबाट ग्रहण गर्न सकिने केही रहेनछन्। केवल बारम्बार बिनाश हुदै गइरहेका स्वभाव मात्र रहेछन् भन्ने तथ्य-लाई प्रष्ट रूपमा देख्न थालिने छ। यसरी देख्न थालेपछि ती सम्पूर्ण धातु पुञ्ज संखार पुञ्जमा प्रिय, अप्रिय भन्ने भाव केही नरही केवल उपेक्षा दृष्टिबाट मात्र हेर्ने प्रवृति विद्यमान भइरहने हुन्छ। यस्तो अवस्थामा सङ्खारूपेक्खा ञाण (संस्कारूपेक्षा ज्ञान) लाई देखियो भन्ने कुरा सम्झनु पर्दछ।

सस्कारूपेक्षा ज्ञान भनेको ससंस्कृत धातुहरू प्रति मन पर्ने र मन नपर्ने भन्ने दुवै भाव नरही केवल उपेक्षा दृष्टिबाट मात्र हेरिरहने ज्ञान दर्शनलाई भनिएको हो।

उपर्युक्त संस्कारूपेक्षा ज्ञान प्राप्त गरेका योगीले ती संखार धर्महरूलाई उपेक्षा दृष्टिबाट हेरिसकेपछि बिलकूल मुक्त हुने ठूलो इच्छा राखी तिमी, म होइन, निश्चय पनि नाशवान भईकन अतिशय तप्त भइरहेको दुःखाग्नि मात्र रहेछन् भन्ने तथ्यलाई



Downloaded from http://dhamma.digital

देख्न बुझ्नको निम्ति माथि उल्लेख गरि आएको विधि अनुरूप बारम्बार विचार गर्दै हेरेर लाने प्रयास गर्नु पर्दछ। यसरी गरिएको कोशिस बढी भएपछि तीनै त्रिभूवन लोकमा उत्पत्ति भए जतिका संस्कार स्कन्ध पांच धातु पुञ्जलाई तिमी, म, सत्व, आत्मा होइन, निश्चय पनि निरन्तर उत्पत्ति हुंदै बिनाश भएर गइरहेका दुःखाग्नि नै मात्र रहेछन् भन्ने कुरालाई ज्ञान चक्षुबाट दिनपर दिन देख्न थालिने छ। यो संसार दुःखको अग्नि मात्र रहेछन् सुख भनेको रत्तिभर नै मात्र पनि रहेनछन् भन्ने कुरालाई देख्ने छ। यसरी देखिएको ज्ञानलाई दुःख सत्यलाई अलग अलग छुटयाई थाहा पाउने लौकिक मार्ग ज्ञान भनी जान्नु पर्दछ। त्यस लौकिक मार्गको ज्ञानको स्थिति कालमा हुने दुःखाग्नि तर्कना वितर्क चैतसिक सम्यक् संकल्प मार्ग अङ्ग हो। सो दुःखाग्निलाई राम्ररी देख्न जान्न गरिने उद्योग वोर्य सम्यक् व्यायाम मार्ग अङ्ग हो। उक्त ज्ञान प्राप्त हुंदाको बेलामा दुःखाग्निलाई नबिर्सिने गरीकन होश गरि राखेको स्मृति चाहीं सम्यक् स्मृति मार्गङ्ग हो। यसरी होशियार भईरहेको बेलामा सो दुःखाग्नि रूपी आलम्बनमा चित्त स्थिर भइरहेको चाहीं सम्यक् समाधि मार्गङ्ग हो। यस प्रकार लौकिक मार्गङ्ग धर्म पांच एकै पटक उत्पन्न हुने गर्दछन्।

यसरी विपश्यनाबाट हेरि रहंदा काय कर्म वचो कर्म परिशुद्ध भइरहनुलाई चेतना शील मार्गङ्ग पनि पूर्ण भएको हो भन्ने जान्नु पर्दछ।

उपर्युक्त प्रकारबाट लौकिक मार्गङ्ग पांच एकै पटक उत्पन्न हुनाको कारणले शील समाधि र प्रज्ञा नामक शिक्षा तीनैवटाबाट पूर्ण भएको जान्नु पर्दछ।

यसरी शील समाधि र प्रज्ञा पूर्ण भए तापनि यहां प्रज्ञालाई नै मात्र प्रधान मानी व्याख्यान गरिने छ।

उक्त दुःख सत्यलाई राम्ररी छुट्याई थाहा पाउने लौकिक मार्ग ज्ञान पनि बास्तवमा दुःख सत्य नै हुंदो रहेछ। माथि वर्णन



Downloaded from http://dhamma.digital

गरिआए अनुसार तीनवटै भूवनमा उत्पत्ति र विनाश भई दु:खाग्नि समान भइरहेका स्कन्ध पांच नाम रूप धर्म धातु समूह जस्तै भई यस जन्ममा उत्पत्ति भएर आएको हो भन्ने कुरालाई राम्ररी बिचार गरीकन खोजी गरेर हेरेर लगेको खण्डमा यो जुनो भन्दा अघिको जन्ममा आशक्त रहिरहेको तृष्णाको कारणले वर्तमान नाम रूप धर्म उत्पन्न भएको साँच्चिकै रहेछ भन्ने तथ्य बोध भएर आउने छ। कसरी बोध भएर आउने छ त भन्दा यदि पूर्वजन्ममा आशक्त रहने तृष्णा भन्ने कुरा नभइ दिएको भए जुन दु:खाग्नि भइरहेको स्कन्ध नाम रूप धातुको समूह हो त्यो निश्चय पनि यस भवमा उत्पत्ति हुने भन्ने कुरा संभव हुने थिएन। उदाहरणार्थ जरा चुँडिइसकेको वृक्षमा पुन: फल लाग्नु भन्ने कुरा सम्भव नभए झैं पूर्व जन्ममा उत्पत्ति भएका स्कन्ध सन्तति प्रति आशक्त रहने तृष्णाको उच्छेद भइ दिएको खण्डमा यस जन्ममा उत्पन्न भइरहेका दु:ख स्कन्ध रूपी अग्नि भनिएका धातु पुञ्ज निश्चय पनि नरही लोप भएर जानु पर्ने थियो। यसरी लोप नभई उत्पत्ति भएर आउनमा निश्चय पनि पूर्व जन्ममा आशक्त भइ रहेको तृष्णाको कारण नै जिम्मेवार छ भनी हेतु धर्मलाई राम्ररी बोध भएर आउने हुन्छ। त्यस बखत-मा समुदय सत्यलाई राम्ररी थाहा पाउने ज्ञान पनि लौकिक मात्र हो। सो लौकिक ज्ञान पनि दु:ख सत्य नै मात्र हो।

यसरी अघिको जन्ममा उत्पत्ति भएको तृष्णा नामक समुदय सत्यको कारणबाट यस जन्ममा उत्पन्न भएका चक्षु आदि धातु पुञ्ज फल भइरहेको दु:ख सत्य कायम भइरहेको अवश्यमेव हो रहेछ भनी राम्ररी अवबोध भएर आउने छ। सो बेलामा समुदय सत्यलाई अवबोध गर्ने ज्ञान पनि लौकिक ज्ञान नै मात्र हो। सो लौकिक ज्ञान पनि दु:ख सत्य नै मात्र हो।

यसरी अवबोध भइसकेपछि पूर्व जन्ममा उत्पत्ति भएका चक्षु आदि धातु पुञ्ज पनि निश्चय पनि अहिलेकै जस्तै दु:खाग्नि



Downloaded from http://dhamma.digital

हुनु पर्छ। ती दुःखाग्निको हेतु त्यो जन्म भन्दा अघिको जन्ममा उत्पन्न भएको तृष्णा भएकै कारणले हुनु पर्छ भनी यसरी ज्ञान-लाई बढाउंदै लगी आदि नभएका यस संसारमा उत्पत्ति भए जतिको हेतु भइरहेको समुदय सत्यको कारणले गर्दा फल भइ-रहेको दुःख सत्य एक संग आर्को गांस्सिदै आबद्ध प्रतिबद्ध हुंदै यस जन्म सम्म आइ पुगेको र पुनः यस जन्म पछि पनि अनन्त कालसम्म उत्पत्ति हुने क्रम चालु हुंदै जाने रहेछ भन्ने तथ्यलाई अनुलोम प्रतिलोम तरीकाबाट हेरेर लांदा निश्चय पनि यस संसारमा मनुष्य, देब, ब्रह्मा, सत्व आदि कसैलाई नदेखिने भई संसार भनेको केवल दन् दन् दन्किरहेको दीर्घकालीन अग्नि स्कन्ध समूह रहेछ र हेतु र फल जोडिएको आपसमा कहित्यै पनि नछुट्टिएको दुःखाग्नि मात्र रहेछ भन्ने कुरा दिनपर दिन देखिन बुझिन थाल्ने छ। यसरी देखिएको ज्ञान दर्शन पनि अझै लौकिक मार्ग ज्ञान नै मात्र हो।

यसरी देखिन थाले पछि पुनः यस जन्ममा लौकिक स्कन्ध रूपी धातु पुञ्ज प्रति आशक्त भएर बसेमा यस जुनीमा आशक्त भइरहेका तृष्णा समुदयको कारणबाट फेरि फेरि यस्तै दुःखाग्नि स्कन्ध उत्पन्न हुने छन् भनी वर्तमान हेतुलाई साक्षी राखी अनागत फललाई देख्ने हुन्छ। यसरी देखिएको ज्ञान पनि अझै लौकिक नै हो र त्यो मार्ग ज्ञान पनि अझै दुःख सत्य नै मात्र हो। पछि भविष्यमा उत्पन्न हुने चक्षु आदि लौकिक स्कन्ध समूहको सम्बन्ध-मा पनि त्यस जन्ममा आशक्त भएमा त्यस पछिको जन्ममा यस्तै प्रकारको दुःखाग्नि रूपी धातु पुञ्ज नै मात्र उत्पन्न हुने छन् भनी अनागतमा उत्पन्न हुने हेतु फल आपसमा गांस्सिदै जोडिंदै गरेको तथ्यलाई स्वज्ञानबाट स्वतः देख्न थाल्ने छ। यसरी आपसमा आबद्ध प्रतिबद्ध भई जोडिंदै गांस्सिदै गरेको हेतु फललाई देखिएको ज्ञान पनि लौकिक नै हो। सो लौकिक ज्ञान पनि दुःख सत्य नै मात्र हो।



Downloaded from http://dhamma.digital

यसरो उत्पत्ति भइसकेका, भइरहेका र अब उत्पन्न हुने हेतु फलको आबद्धपनबाट मुक्त हुने स्वभावलाई खोजी गरेर लांदा उत्पत्ति हुने भनिएको जाति स्वभाव विद्यमान रहेसम्म त्यस हेतु फलको सन्ततिबाट मुक्त हुन नसकिने रहेछ। किनभने सो हेतु फलको आबद्धपन कायम रहेसम्म जाति धर्म कायमै रहिरहने रहेछ भन्ने तथ्यलाई यथाभूत रूपबाट प्रष्ट देखिने हुन्छ। यसरी देखि सके पछि सो सन्ततिबाट मुक्त हुने स्वभावको खोजी गर्न थालिने छ। कसरी खोजी गरिन्छ त भन्दा उत्पन्न हुने स्वभाव कायम रहेसम्म विनाश हुने स्वभाव पनि विद्यमान रहि रहने छ। उत्पत्ति हुने भन्ने कुरा केही नभए पछि विनाश हुने भन्ने कुरा पनि केही रहने छैन। त्यसैले अजाति धर्म भनेको केही अवश्यमेव हुनु पर्छ भनी अनुमान ज्ञानबाट देख्न थाल्ने छ। कसरी देखिन्छ त भन्दा पोल्ने कुरा भएपछि चीसो कुरा पनि अवश्यमेव हुनु पर्दछ। अंध्यारो भए पछि प्रकाश पनि अवश्य नै हुनु पर्दछ। त्यसरी नै उत्पत्ति स्वभाव भन्ने भए पछि त्यसको ठीक विपरीत धर्म उत्पत्ति नहुने स्वभाव पनि अवश्यमेव हुनु पर्दछ भन्ने कुरालाई अनुमान गरी अजाति स्वभाव नामक निर्वाणलाई अनुमानबाट देख्न थाल्ने छ। यसरी देखिएको उत्पत्ति नहुने स्वभावलाई अनुमानबाट मात्र हेरेको हुंदा त्यो ज्ञान पनि अझै लौकिक नै मात्र हो। सो लौकिक ज्ञान पनि दुःख सत्य नै मात्र हो। यसरी अनुमान गरी हेर्दै हेर्दै हेतु र फल मिली उत्पत्ति र विनाश भइ रहेको धर्मलाई भाविता गर्दै लग्ने क्रम निकै बढेर गएपछि वैराग्य भाव एकदमै प्रबल भएर आउने छ। अनि त्यो जातिबाट मुक्त भइरहेको उत्पत्ति नभएको अनुत्पन्न स्वभाव निरोध सत्यलाई सांच्चिकै आधार-भरोसा शरण ग्रहण गर्न लायकको धर्म हो भन्ने कुरा स्वज्ञानबाट देख्न थाल्ने छ। त्यस ज्ञान मार्गमा आरूढ भइ सके पछि पनि भाविता गर्दै लांदा यसरी भाविता गरिएको क्रम निकै बढी भए पछि त्यस अनुत्पन्न स्वभाव भइरहेको अजाति धर्मलाई प्रत्यक्ष रूपमा दर्शन हुनेछ।



Downloaded from http://dhamma.digital

त्यस्तो बखतमा अववोध गरेको ज्ञान जो छ त्यो सांच्चिकैको लोकोत्तर श्रोतापत्ति मार्ग ज्ञान भएको हुंदा यस्तो ज्ञान लाभ गरेका पुद्गल श्रोतापन्न अर्थात् श्रोतापत्ति मार्ग ज्ञान प्राप्त पुद्गल हुन्छ। यस्तो ज्ञान दर्शन एक पटक मात्र हुने हुन्छ। किन्तु एकै पटक मात्र ज्ञान दर्शन भए तापनि सो पुद्गलले चतुरार्य सत्यलाई एकै पटक अववोध गरी दर्शन प्राप्त गर्ने हुन्छ। कसरी अववोध हुन्छ त भन्दा निरोध सत्य नामक उत्पन्न नहुने लक्षण भइरहेको स्वभाव धर्म उत्पत्ति प्रक्रयाबाट सर्वथा मुक्त भइरहेको कारणले गर्दा विनाश हुने भन्ने लक्षण पनि नहुने, जरा धर्मबाट दुःख पीडा हुने भन्ने पनि केही नहुने भई बास्तवमा नित्य स्थायी सुख रहेछ र त्यसै कारण त्यो स्वभाव धर्म जो हो सांच्चिकैको नित्य सुख पनि रहेछ। त्यो स्वभाव चाहिं सत्वको जीव पनि होइन रहेछ, केवल स्वभाव धर्म मात्रै रहेछ। त्यसैले त्यो अनुत्पन्न स्वभाव धर्म जो हो त्यो अनात्म धर्म पनि रहेछ। यही स्वभाव धर्म एक मात्रै सदैव भय रहित भइरहेको कारणले गर्दा उक्त स्वभाव धर्मलाई ज्ञान चक्षु प्रज्ञा चक्षुबाट हेरेर लांदा सदैव शोभा हुने स्वभाव रहेछ भन्ने कुराको प्रत्यक्ष ज्ञान दर्शन प्राप्त हुनेछ।

तसर्थ त्यो नित्य सुख भइरहेको निरोध सत्यलाई यथार्थतः अवबोध गर्ना साथै उत्पत्ति संग सम्बन्ध भएका नाम रूप धर्म धातु पुञ्जलाई आरम्मणै (आलम्बन) नगरीकनै असम्मोह कृत्य असम्मोह चर्या द्वारा नै नित्य सुख भनेको अरू केही छैन भन्ने यथार्थ सत्यलाई समेत प्रत्यक्ष हुने गरी देखिने कार्य समेत एकै पटक पूर्ण हुनै गरो प्राप्त गर्ने छ। त्यो लोकोत्तर मार्ग ज्ञान निरोध सत्यलाई यथार्थ रूपमा अववोध गरेकै क्षणमा नित्य सुख (अत्त, शुभ) नभएको धातु पुञ्जलाई नित्य सुख हो भनी आदि रूपबाट धारण ग्रहण गरिराखेको मिथ्या धारणा जस्ति आठ प्रकारका सन्देह सोह्र प्रकारका सन्देहादि त्यस मिथ्या दृष्टि संगै मिलेर विद्यमान भइरहेका मोह आदि एकै समूह भइरहेका क्लेश मल जाति सम्पूर्ण नै शेष पनि बांकी नरहने गरी नष्ट भएर



Downloaded from http://dhamma.digital

जाने छन् । आफूले यसरी नाश गरिसकेका समुदय सत्यलाई पनि आरम्मण गरिरहन नपर्ने गरी असम्मोह कृत्य पूर्ण हुना साथ लोकोत्तर मार्ग ज्ञान अववोध हुने प्रकृया पनि एकै पटक पूर्ण हुनेछ । त्यस लोकोत्तर मार्ग ज्ञानले निरोध सत्य निर्वाण-लाई नै आरम्मण गरी भावना कृत्य पनि पूर्ण हुनेछ ।

त्यस भावना कृत्यद्वारा आफूलाई प्राप्त भएको मार्गलाई आरम्मण नगरीकनै असम्मोह कृत्यलाई पूर्ण गरी निरोध सत्यलाई नै मात्र आरम्मण गरि राख्ने हुन्छ ।

यसरी निरोध सत्य रूपी असंखत धातु (असंस्कृत धातु) निर्वाण नामक अनुत्पन्न स्वभाव लक्षणलाई आरम्मण गरी साक्षात्कार गरिरहेकै बेलामा चतुरार्य सत्यलाई एकै पटक अववोध हुने कुरोलाई माथि वर्णन गरिआए अनुसार बोध गर्नु पर्दछ ।

यसरी एकै पटक चतुरार्य सत्य धर्मलाई उक्त मार्ग ज्ञान एउटैबाट अववोध हुने विधि सम्बन्धमा सम्मोह विनोदनि अट्ठ कथा सच्च विभङ्गको व्याख्या पेज नं १०० मा चर्चा गर्दै यसरी लेखिएको छः– सो एवं कम्मं करोन्तो चत्तारि सच्चानि एकेन पटिवेधेन पटिबिज्झति । अर्थः– 'सो पुग्गलो' – त्यस योगीले 'एवं' – यसरी 'कम्मं' – विपश्यना भावना गर्ने कार्य 'करोन्तो' – गर्ने बेलामा 'चत्तारि' – चारवटै 'सच्चानि' आर्य सत्यलाई 'एकेन' – एकै मात्र 'पटिवेधेन' – अववोध गर्न सक्ने लोकोत्तर मार्ग ज्ञान द्वारा 'पटिबिज्झति' – एकै पटक अववोध गर्नेछ ।

यसरी सम्मोह विनोदनी अट्ठकथा सच्च विभङ्गको व्याख्या-मा एकै पटक चतुरार्य सत्य धर्मलाई एकै लोकोत्तर मार्ग ज्ञान द्वारा अववोध गर्न सकिने बिधिको उल्लेख भइरहेको तथ्यलाई विचार गरीकन एकै मात्र रहेको लोकोत्तर मार्ग ज्ञानद्वारा चारै



Downloaded from http://dhamma.digital

वटा आर्य सत्यलाई एकै पटक एकै लहरैमा जान्न बुझ्नु पर्दछ ।

उक्त लोकोत्तर मार्ग ज्ञान द्वारा चतुरार्य सत्यलाई एकै पटक अववोध गर्दा निरोध सत्य एउटालाई भने आरम्मण (आलम्बन) गरी अववोध गर्ने हुन्छ । बांकी तीन आर्य सत्य – दुःख सत्य, समुदय सत्य र मार्ग सत्यलाई भने आरम्मणै नगरीकन ती धर्मलाई यथार्थ रूपबाट आर्य सत्यै धर्मलाई नबुझ्ने गराउने स्वभाव भइरहेको मोह धर्मलाई जडै देखि विनष्ट गरी असम्मोह कृत्यबाट अववोध गर्ने कार्य सम्पन्न गर्ने हुन्छ ।

यस कुरालाई सविस्तार जान्ने इच्छा हुनेले उक्त अट्ठकथाचार्यले नै सम्मोह विनोदनी अट्ठकथा सच्च विभङ्गको व्याख्याको उपर्युक्त १०० पेजमा उल्लेख गरिराखेको निम्न वाक्यलाई पनि स्पष्टतः अध्ययन गर्नु वेश हुन्छ । सो अट्ठकथा चार्यले भन्नु भएको छ :– 'तीसु किच्चतो पटिवेधो होति, निरोधे आरम्णे पटिवेधो' । अर्थ :– 'तीसु' – तीनवटा 'सच्चेसु' दुःख, समुदय र मार्ग भनिएका सत्यलाई 'किच्चतो' – परिञ्ञ (परिज्ञा), पहान (प्रहान) र भावना कृत्यद्वारा पूर्ण गरीकन 'पटिवेधो' – अववोध गर्ने 'होति' – हुन्छ । 'निरोधे' – निरोध सत्यलाई 'आरम्मण पटिवेधो' – आरम्मण गरी अववोध गर्ने 'होति' – हुन्छ । यसरी उल्लेख भइरहेको तथ्यलाई बिचार गरी चतुरार्य सत्य मध्येका निरोध सत्य १ वाहेक बांकी तीनैवटा आर्य सत्यलाई असम्मोह कृत्यद्वारा पूर्ण गरी र निरोध सत्यलाई मात्र आरम्मण द्वारा पूर्ण गरी एकै लहरमा एकै पटक चतुरार्य सत्य धर्मलाई अववोध गर्ने रहेछ भन्ने वस्तुस्थितिलाई राम्ररी प्रष्ट रूपमा बुझ्नु पर्दछ ।

माथि वर्णन गरिआए मुताविक चतुरार्य सत्यलाई अववोध गर्ने लोकोत्तर मार्ग क्षणमा त्यही मार्ग एउटा मात्र उत्पत्ति हुने होइन । बल्कि त्यस मार्गको साथ साथै एकै लहर एकै पटक उत्पन्न हुने सम्यक्संकल्प आदि बांकी रहेका मार्ग सातवटाले पनि एकै पटक त्यस



Downloaded from http://dhamma.digital

निरोध सत्यलाई आरम्मण गरिरहेको हुन्छ । यसरी माथि उल्लेख गरिएका मार्ग सातवटा मात्र पनि उक्त लोकोत्तर मार्ग ज्ञान साथै उत्पन्न हुने होइनन् कि बल्कि त्यस मार्गका साथ सम्प्रयुक्त भइरहेका फस्स (स्प्रष्टव्य), बेदना आदि शेष रहेका २८ वटा चेतसिकहरूले पनि त्यो मार्गको साथ सम्प्रयुक्त चित्त १ समेत जम्मा २९ मार्ग सम्प्रयुक्त धर्महरूले एकै पटक एकै लहरमा निरोध सत्यलाई आरम्मण गरी आ–आफ्ना कृत्यद्वारा कार्य सम्पादन गर्दै लाने हुन्छ । यसरी कार्य सम्पादन गरिरहने प्रकृया भए तापनि यथार्थ सत्य तथ्यलाई अवबोध गर्ने सुगम सरल पार्ने उद्देश्यले मात्र प्रज्ञालाई प्राधान्यता प्रदान गरी माथिको वर्णनमा उल्लेख गरिएको हो। तसर्थ प्रज्ञालाई प्राधान्यता प्रदान गरी माथि मार्ग प्राप्त हुने विधिलाई सविस्तार उल्लेख गरिआएको भए तापनि शेष मार्ग पनि सबै त्यस विधिमा नै अन्तर्गत रह्विरहेका हुन्छन् भन्ने सत्यलाई पनि बुझ्नु पर्दछ ।

यस विषयमा अझ बिस्तारमा जान्न इच्छा राख्नेले गुरू भदन्त ऊ. तिखिन्द्रियले लेख्नु भएको भावना क्रम नामक ग्रन्थ समुप्पाद निरोध नामक ग्रन्थ अध्ययन गर्नु श्रेयष्कर हुनेछ ।

माथि उल्लेख गरिएको लोकोत्तर मार्ग ज्ञानले एकै पटक मात्र भए पनि आफूले साक्षात्कार गरेको निर्वाणलाई पुनः अनुभव गर्नको लागि फल नामक विपाक धर्मलाई जिम्मा दिई सो मार्ग ज्ञान निरोधमा प्राप्त हुन्छ । सो मार्ग ज्ञान निरोध हुना साथ त्यस मार्गको विपाकको रूपमा रहेको फलले उक्त मार्गले साक्षात्कार अनुभव गरेको निरोध सत्य निर्वाणलाई नै अनविच्छिन्न रूपमा आरम्मण गरी दुई वा तीन पटक उत्पन्न भई निरुद्ध भएर जाने हुन्छ ।

उक्त लोकोत्तर मार्ग ज्ञानको विपाकको रूपमा रहेको फलले निर्वाणलाई आरम्मण गरी दुई वा तीन पटक मात्र उत्पन्न भई लोप भएर जाने कारण के हो त भन्ने सम्वन्धमा सक्षेपमा उल्लेख गरिने छ ।



Downloaded from http://dhamma.digital

उक्त लोकोत्तर मार्ग ज्ञान र विपाक रूपी फलको बारेमा मार्ग ज्ञानले अनुभव गरेको निरोध सत्य निर्वाणलाई नै संग संग आरम्मण गरी दुई वा तीन पटक मात्र फल उत्पन्न हुने कारण के हो त भन्दा यदि यसरी निरोध सत्य निर्वाणलाई अनुभव साक्षात्कार गर्ने पुद्गल मन्द बुद्धिवाला पुद्गल भएको खण्डमा मार्ग वोथिद्वारा निर्वाणलाई आरम्मण गर्नु अगावै संखार धातु पुञ्जलाई आरम्मण गरी परिकर्म (परिकम्म) उपचार, अनुलोम भनिने काम जवन तीन पटक उत्पत्ति भई निरुद्ध हुने हुन्छ। तदनन्तर निरोध सत्य निर्वाण धर्मलाई आरम्मण गरो थाहा पाउने गोत्रभू चित्त एक पटक उत्पन्न भई निरुद्ध हुनेछ। गोत्रभू पछि मार्ग चित्त उत्पन्न हुने हुंदा काम जवन ४ चार पटक लोकोत्तर मार्ग जवन एक पटक गरी जम्मा यस प्रकारले पांच पटक मात्र जवन चित्त उत्पन्न हुने हुन्छ। तसर्थ जवन सात पटक पूर्ण गर्नलाई फल जवन दुई पटक मात्र उत्पन्न हुने रहेछ भन्ने कुरालाई बुझ्नु पर्दछ। यदि निरोध सत्य निर्वाणलाई अनुभव गर्ने पुद्गल तीक्ष्ण बुद्धिवाला पुद्गल भइदिएको खण्डमा संखारलाई आरम्मण गर्ने अनुलोम जवन मध्ये परिकर्म उत्पन्न नभईकनै उपचार अनुलोम भनिने दुई पटक मात्र जवन उत्पन्न हुने छन्। तदनन्तर गोत्रभू जवन एक पटक त्यस पछि मार्ग जवन एक पटक गरी यस प्रकारबाट जवन चार पटक उत्पत्ति हुने भई जवन सात पटक पूर्ण गर्नफल जवन तीन पटक उत्पति हुने छन्। ती जवन मध्ये संखार आरम्मण गरिरहने परिकर्म (परिकम्म) उपचार अनुलोम नामक चित्तुप्पादमा भएको ज्ञानलाई अनुलोम ज्ञान भनिन्छ। मार्ग जवन र फल जवनलाई लोकोत्तर जवन भनिन्छ। शेष जवनलाई लौकिक जवन भनी भनिन्छ। ती लौकिक जवन सम्पूर्ण लौकिक मार्गङ्ग नै मात्र हुन्। ती लौकिक मार्गङ्ग दुःख सत्य नै मात्र रहेछन्। लोकोत्तर मार्ग मात्र आर्यहरूले अवबोध गर्नु भएको मार्ग सत्य रहेछ भन्ने तथ्यलाई राम्ररी जान्नु बुझ्नु पर्दछ।



Downloaded from http://dhamma.digital

उक्त मार्गको पछि फल जवन दुई तीन पटक उत्पन्न भई निरोध भएर जाने छन् । त्यस पछि भवङ्ग पात हुनेछ । 'भवङ्ग पात पश्चात पच्चवेक्खणा वीथि (प्रत्यवेक्षणा वीथि) क्रम प्रारम्भ हुने छन् । पच्चवेक्खणा वीथि क्रम चल्ने प्रक्रया कस्तो हुन्छ त भन्दा आरम्मण गरी देखेको उत्पत्ति नहुने स्वभाव धर्म यथार्थमा विनाश नहुने सदैव स्थिर भएर रहिरहने स्वभाव धर्म रहेछ भन्ने कुरालाई बिचार गर्ने हुन्छ । त्यस अवस्थाको चित्त सन्तति नामक वीथिलाई निर्वाणलाई प्रत्यवेक्षण गर्ने वीथि भनिन्छ । अहा ! यस अघि पहिले पहिले कहिल्यै पनि उत्पन्न नभएको प्रज्ञा ज्ञान अहिले उत्पन्न भयो भनी बिचार गर्ने हुन्छ । त्यस बेलाको मार्गलाई बिचार गर्ने चित्त सन्तति नामक पच्चवेक्खणा वीथि प्रवर्तित हुनेछ ।

अनि अब विनाश नहुने सदैव स्थिर रहने निर्वाणलाई अनुभव गर्ने फल धर्म निश्चय पनि प्राप्त भयो भनी सम्झिने छ । त्यस बेलामा फललाई प्रत्यवेक्षण गर्ने वीथि प्रवर्तित हुने छन् । अब उप्रान्तलाई दृष्टि भूल हुने आशंका हुने भनिने क्लेश धर्म अबदेखि कहिल्यै पनि उत्पन्न हुने छैनन् भन्ने तथ्यलाई विचार गर्ने छ । त्यस बेलामा उच्छेद उन्मूलन गरिसकेका क्लेशलाई प्रत्यवेक्षण गर्ने पच्चवेक्खणा वीथि प्रवर्तित हुने छन् । त्यस पछि छुटिनसकेका वा उच्छेद समूल उन्मूलन गरिनसकिएका बांकी रहेका क्लेशलाई प्रत्यवेक्षण गर्ने वीथि चित्त प्रवर्तित हुनेछन् । त्यस वखतमा शेष बांकी रहेका क्लेशलाई प्रत्यवेक्षण गर्ने वीथि प्रवर्तित हुने छन् । यस प्रकारले पच्चवेक्खणा जवन सहित निरोध सत्यलाई प्रत्यक्ष रूपमा साक्षात्कार गरी देख्ने पुद्गललाई श्रोतापन्न पुद्गल भनिन्छ । श्रोतापन्न भावमा अवस्थित भइ सके पछि सो श्रोतापन्न पुद्गलले माथि उल्लेख भइआएका विधि अनुरूप प्रत्यवेक्षण गर्दै श्रोतापत्ति मार्गलाई जस्तै निरोध सत्य-लाई प्रत्यक्ष रूपमा साक्षात्कार गरी अनुभव गरीकन चतुरार्य सत्यलाई एकै पटक देख्ना साथ फल जवन पच्चवेक्खणा जवन



Downloaded from http://dhamma.digital

उत्पत्ति हुने छन्। यसो हुनासाथ सो पुद्‌गललाई सकृदागामी पुद्‌गल भनिन्छ। त्यस सकृदागामी पुद्‌गलमा स्थूल किसिमका काम राग व्यापाद अब रहने छैनन्। किन्तु सूक्ष्म किसिमका काम राग व्यापाद आदि क्लेश धर्म भने अझै विद्यमान रहिरहने हुन्छ। सकृदागामी भइसकेका पुद्‌गलले माथि वर्णन गरिआएका विधि अनुसार नै प्रत्यवेक्षण गर्दै श्रोतापत्ति मार्ग जस्तै निरोध सत्यलाई प्रत्यक्ष रूपमा देखी चार आर्य सत्यलाई एकै पटक एक लहरमा अनुभव गरी फल जवन पच्चवेक्खणा जवन भएको खण्डमा उक्त पुद्‌गललाई अनागामी पुद्‌गल भनिन्छ। अनागामी पुद्‌गलमा सूक्ष्मादि काम राग व्यापाद आदि पनि निर्मूल भई सकेको हुन्छ। परन्तु रूप राग, अरूप राग, मान, औद्धत्य (उद्धच्च), अविद्या (अविज्जा) दि क्लेश धर्म भने अझै विद्यमान रहि रहन्छन्।

माथि उल्लेखित आर्य पुद्‌गलहरू तीन मध्ये श्रोतापत्ति पुद्‌गलले भन्दा सकृदागामी पुद्‌गलले चतुरार्य सत्यलाई बढी मात्रामा विभाजित गरी देख्न जान्न सक्ने हुन्छ। सकृदागामी पुद्‌गलले भन्दा अनागामी पुद्‌गलले चतुरार्य सत्यलाई बढी विभाजित गरी देख्न जान्न बुझ्न सक्ने हुन्छ। त्यस पछि हटाइने क्लेश आदिलाई विचार गर्ने पच्चवेक्खणा वीथि भने समान हुन्नन्। निरोध सत्यलाई आरम्मण गर्ने विधिमा भने कुनै भिन्नता रहने हुदैन। त्यस अनागामी पुद्‌गलले माथि विभिन्न प्रसंगमा उल्लेख वर्णन गरिआएका विधि अनुसार नै प्रत्यवेक्षण गर्दै उक्त उल्लेखित विधि अनुसार बिशेष रूपबाट देख्न सकेको खण्डमा सम्पूर्ण आश्रवादि क्लेश धर्मलाई समूल उच्छेद उन्मूलन गरी अरहन्त बन्नेछ। त्यस आर्य अरहन्त पुद्‌गलमा सम्पूर्ण क्लेश धर्मादि निर्मूल भइसकेका हुन्छन्।

लोकोत्तर मार्ग ज्ञान देखि निर्वाण सम्मलाई प्रत्यवेक्षण गर्ने वीथि चित्र जम्मा यस प्रकारले ५ प्रकारका छन् भन्ने कुरा सम्झनु पर्दछ। यथा –

१) मार्ग प्रत्यवेक्षण वीथि चित्त १

२) फल प्रत्यवेक्षण वीथि चित्त १

३) उन्मूलन गरिसकिएका अर्थात् मेरा यस्ता यस्ता क्लेश हटिसकेका छन् भनी प्रत्यवेक्षण गर्ने वीथि चित्त १

४) उच्छेद उन्मूलन गर्न बांकी रहेका क्लेशलाई प्रत्यवेक्षण गर्ने वीथि चित्त १

५) निर्वाणलाई प्रत्यवेक्षण गर्ने विथि चित्त १

अरहन्त मार्ग फल प्राप्त गरिसकेका आर्य पुद्गलले आफूले गर्नु पर्ने काम सम्पूर्ण समाप्त गरी भव चक्रलाई सदाको लागि निरोध गरिसक्ने भएकोले उहाँले "मैले गर्नु पर्ने सम्पूर्ण काम गरिसकें, मेरो जाति क्षीण भयो, मैले निर्वाणलाई प्राप्त गरिसकें" भन्ने कुरालाई प्रष्ट रूपमा जान्ने हुन्छ ।

आदि नभएको यस आवागमनको भव चक्रलाई सदाको लागि निरूद्ध गरो शान्ति, उपशम, परम शान्ति निर्वाण धर्मलाई साक्षात्कार गर्ने हो भने यस ग्रन्थमा उल्लेख गरिएको विधि अनुरूप कोशिस बलोद्योग गर्नु पर्दछ । निर्वाण धर्म लाभ गर्न गरिएको सद्प्रयास बलोद्योग अनुसार आर्य मार्ग ज्ञान र फल ज्ञान लाभ गर्न सकोस्, यही पाठक वर्गमा शुभ कामना छ । – अस्तु । निब्बानस्स पच्चयो होतु !



Downloaded from http://dhamma.digital

# परिशिष्ट

सामान्य लोकजनले दैनिक व्यवहारमा देव, ब्रह्मा, मनुष्य, ऋषि, परिब्राजक, स्त्री, पुरूष, सत्व, प्राणी, पुद्गल, घर, भवन, गाडी, रथ, टेबुल, मेच आदि भनी विभिन्न जड बस्तु एवम् चेतनशील प्राणीहरूलाई प्रज्ञप्तिको रूपबाट अनेक नामकरण गरी काम राग, रूप राग र अरूप रागादिमा आशक्त भई अविद्या र तृष्णाको वशिभूत भई सत्काय दृष्टिबाट प्रगाढ प्रबल रूपबाट आबद्ध रही सम्यक् दृष्टिको लाभ गर्ने ठाउँमा अनेक प्रकारका मिथ्या दृष्टि, भ्रामक धारणा र अनेक किसिमका विपल्लास, मञ्ञना र अभिनिवेसादि धर्महरूलाई सशक्त रूपमा ग्रहण गरी धारण पालन र परिपोषण गरिआउने हुनाले सत्य धर्मको यथार्थ स्वरूपलाई पहिचान र अनुभव गर्न नसक्ता परमार्थ धर्मलाई बास्तविक रूपमा सामान्य जनले जान्ने, बुझने र अनुभव गर्ने मौका र अवसर समेत पाउन सकेका हुँदैनन् ।

संवृति सत्य – प्रज्ञप्तिको अध्ययन, मनन र चिन्तनबाट प्राप्त सामान्य जानकारीलाई सामान्य ज्ञान भनिन्छ भने ती संवृति सत्य सम्बन्धमा गहिरो रूपबाट कारण र परिणाम समेत जान्ने बुझने गरी सम्पादन गरिने सिलसिलाबद्ध लौकिक जानकारी तथा ज्ञानलाई विशेष ज्ञानको संकेत गरी आधुनिक भाषामा विज्ञान र वैज्ञानिक ज्ञानको संज्ञा दिने गरिन्छ । परन्तु यस प्रकारको जति सुकै प्रगाढ ज्ञानले पनि यस ससारमा व्याप्त भौतिक एवम् मानसिक धर्महरूको यथार्थ परमार्थ धर्म स्वभावलाई जान्ने, बुझने र सिक्ने प्रयास नगर्ने हुनाले यसबाट आदि



Downloaded from http://dhamma.digital

आरम्भ रहित भव चक्र रूपी दुःखलाई निरोध निर्मूल गर्ने शिक्षा र ज्ञान लाभ गर्न सकिदैन ।

तसर्थ बुद्ध धर्ममा सम्पूर्ण भौतिक एवम् मानसिक कृया-कलापहरूलाई प्रज्ञप्तिको रूपबाट मात्र होइन, तिनीहरूको परमार्थ स्वरूप – नाम रूप धर्मको रूपमा हेर्न, जान्न, अनुभव गर्न अभिधर्मको शिक्षा लाभमा जोड दिइन्छ । रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको रूपमा पञ्च स्कन्धमा वर्गीकृत सम्पूर्ण सत्व प्राणी समेतलाई तिनीहरूको परमार्थ स्वरूपको यथार्थ ज्ञान हासिल गर्न ती स्कन्धहरूलाई फारी फारोकन केलाई केलाई विभाजित र विश्लेषण गरी हेरेर लगेको खण्डमा वास्तवमा यस संसारमा जम्मा दुई नै प्रकारको परमार्थ धर्म स्वभाव मात्र भेट्टिने छन् । ती हुन् – नाम वा नाम धातु स्वभाव र रूप वा रूप धातु स्वभाव ।

बुद्ध धर्म अन्तर्गत अभिधर्ममा व्याख्या र विवेचना गरिएको यिनै नाम रूप धर्मलाई यथार्थ रूपमा जान्न, बुझ्न, पहिचान गर्न नसकेकै कारणले सामान्य लोकजनहरू सत्काय दृष्टिको बन्धन-बाट प्रबल रूपमा आवद्ध भई कर्म गर्दै विपाक भोग्द जाति मरण रूपी आदि अन्त रहित आवागमन चक्रमा रूमल्लिरहन बाध्य हुन्छन् । संसारमा हेतुद्वारा उत्पत्ति भएका सम्पूर्ण ससंस्कृत धर्म-हरू वास्तवमा अनित्य हुन् दुःखका कारण हुन्, र अनत्त स्वभाव-वाला धर्म हुन् भन्ने कुराको ज्ञान दिलाउन भगवान शाक्यमुनि तथागतले हामीलाई सम्पूर्ण नाम रूप धर्महरूलाई धातुको रूपमा वर्गीकरण गरी देखाउनु भएको छ र धातु भेदको अध्ययनबाट वास्तविक धर्म स्वभावलाई जान्न, बुझ्न, अनुभव गर्न प्रेरित गर्नु भएको पाइन्छ ।

धातुभेदानुपस्सना नामक प्रस्तुत पुस्तकमा अभिधर्मानुकूल सम्पूर्ण नाम रूप धर्मलाई १८ प्रकारका धातुको रूपमा विभाजित गरी नाम रूप धर्मको वास्तविक स्वरूप – अनित्य, दुःख र



Downloaded from http://dhamma.digital

अनात्मा हुन् भन्ने यथार्थ तथ्यलाई राम्ररी अनुभव गरी निर्वाण धर्मलाई साक्षात्कार गर्ने विधिको शिक्षा दिइएको पाइन्छ। यहाँ धातु भन्ने शब्दले आधुनिक भौतिक शास्त्र र रसायन शास्त्रमा प्रयोग र उपयोग गरिने अक्सिजन, हाइड्रोजन, सुन, फलाम आदि स्थूल र सूक्ष्म पदार्थलाई मात्र जनाउने होइन। बुद्ध धर्ममा धातु भन्नाले आफ्नो स्वभावलाई कहिल्यै पनि अविपरित हुने गरी धारण गरी राख्ने परमार्थ धर्म स्वभावलाई जनाइन्छ। "आत्तनो स्वभावं धारेतीति धम्मो" अर्थात् आफ्नो स्वभावलाई सदैव धारण गरी राख्ने हुनाले धर्म भनिए जस्तै बुद्ध धर्ममा धातु, धर्म र स्वभाव शब्दहरूलाई आफ्नो स्वभावलाई नछोडीकन धारण गर्ने वस्तु वा तथ्यको रूपमा पर्यायवाची शब्दको रूपमा खुल्ला रूपमा प्रयोग गरिने गरिएको पाइन्छ। यसरी संसारमा हेतुद्वारा उत्पत्ति भएका सम्पूर्ण संसंस्कृत धर्महरू यथार्थमा निरन्तर अनविच्छिन्न रूपबाट परिवर्तित हुँदै विनाशमा प्राप्त भइरहनाको कारणले अनित्य हुन्, आफूलाई मनपर्ने वस्तु, धर्म वा स्वभाव सदैव स्थिर नरहने र आफूलाई मन नपर्ने कुराको उपभोगबाट बच्न पनि नसकिने कारणले गर्दा मूलतः दुःखका कारण हुन् र आफ्नो इच्छा र अधीनमा नरहेको मात्र होइन नाम धातु देखि रूप धातु सम्म-लाई अन्तिम रूप सम्म पनि विभाजन र विश्लेषण गरी फारो फारोकन केलाई केलाई हेर्दै लगेको खण्डमा पनि नाम रूप धर्ममा कुनै पनि ठोसभूत, सारभूत तत्व पदार्थ सण्ठान रूपादि अपरि-वर्तनीय शाश्वत स्वभाव धर्म स्वभाव केही नपाइने हुनाले वस्तुतः अनात्मा हुन् भन्ने वास्तविक तथ्यको अवबोध गर्न गराउन बुद्ध धर्ममा सम्पूर्ण परमार्थ धर्मलाई धातुको रूपमा विभाजित गरी हेर्ने, जान्ने, बुझ्ने शिक्षा दिइएको पाइन्छ।

धातु भेदानुपस्सना नामक प्रस्तुत ग्रन्थमा यसरी नै सम्पूर्ण परमार्थ धर्मलाई १८ किसिमका धातुको रूपमा विभाजित गरी सोको गहन अध्ययन, मनन र चिन्तनको सततः अभ्यासद्वारा लोकोत्तर मार्ग ज्ञान लाभको माध्यमद्वारा चतुरार्य सत्यलाई



Downloaded from http://dhamma.digital

अवबोध गरी निर्वाण धर्मलाई साक्षात्कार गर्ने गंम्भिर अभिधर्मको गूढ धार्मिक पक्षको सविस्तार चर्चा, विवेचना र व्याख्यान गरिएको पाइन्छ। तसर्थ प्रस्तुत ग्रन्थको अध्ययन, अभ्यास अनुशीलन र अनुशरण गर्ने काममा गहन श्रद्धा, सकारात्मक धैर्य, उच्च जांगर र उत्साह, महान् वीर्य, अविचलित स्मृति, महान् धार्मिक आकांक्षाको आवश्यकता रहन्छ। धातु भेदलाई यथार्थ रूपमा जान्न, बुझ्न र आर्य मार्ग र फललाई प्राप्त गर्न सतत: अभ्यास र अनुभव गर्ने दृढता चाहिन्छ र पूर्व संस्कार हुनु ज्यादै लाभप्रद हुन्छ। प्रस्तुत: ज्ञानलाई केवल व्यवहारिक ज्ञान र तर्कको आधारमा मात्र यथार्थ रूपमा परमार्थ ज्ञान प्रज्ञालाई लाभ गर्न नसकिने हुनाले भौतिक संसारको वर्तमान जटील वातावरणको प्रतिकूल परिस्थितिमा जन्मिन, हुर्किन र बांच्न विवश भएका आजका सद्धर्म प्रेमी धार्मिक जनका निम्ति पूर्व संस्कार पनि उपलब्ध नभएको खण्डमा प्रस्तुत ग्रन्थको अध्ययन अभ्यास र अनुशीलनमा निकै समय र परिश्रमको लगानी गर्नु परोइन भनी ठोकुवा गर्न सकिन्न।

यस प्रकारको गम्भीर धर्मको गहन, अध्ययन, मनन र चिन्तन गरी अभ्यास र अनुभव गर्ने काममा दृढ चित्तले संलग्न रही आउने निर्वाण धर्म आकांक्षी सहृदयी सज्जन वर्गलाई पनि संसारको स्वभाव, समाजको दुष्प्रभाव र अनित्य देहको स्वभाव धर्म अनुकूल समय समयमा चारैतिरबाट विभिन्न किसिमको शारीरिक एवम् मानसिक रोग, दु:ख, व्याधि, चिन्ता कष्ट, पीडा, उपद्रव, अनिष्ट, भय, विघ्न, वाधा, अन्तरायादि समस्या आइपर्नु पनि अस्वाभाविक होइन। यस किसिमको प्रतिकूल परिस्थितिमा सद्धर्मको गम्भीर प्रज्ञा लाभ गर्ने पुनित उद्देश्यमा सतत: संलग्न रहिआएका योगी जनमा बाधा नपुगोस् र उनीहरूको प्रज्ञाको अभ्यास प्रयासमा बाधा पुग्ने गरी उनीहरूमा व्याधि धर्मादिको कारण मानसिक दुर्बलता आउन नपाओस् भन्ना खातिर "परि" अर्थात् चारैतिरबाट आउने वा आउन सक्ने सम्भाव्य रोग, दु:ख, व्याधि, चिन्ता, कष्ट, वैरभाव, उपद्रव, भय, विघ्न, वाधा,



Downloaded from http://dhamma.digital

अन्तरायादिबाट "त्राण" अर्थात् रक्षा गर्ने उद्देश्यले बौद्ध मुलुक-हरूमा बौद्ध धर्मावलम्बीहरूका बीचमा परित्राणादि पाठ गर्ने श्रद्धामय परम्परा सर्वत्र सुविकसित र सुविस्तारित भइआएको पाइन्छ। श्रद्धालु धार्मिक जनको मंगल कामना गर्दै परित्राण पाठ गर्ने यो बौद्ध परम्परा स्वयं शाक्यमुनि तथागतको जीवन काल देखि नै अटूट रूपमा प्रचलित भएर आइरहेको प्रतीत हुन्छ।

तसर्थ जाति - च्यूतिको भव चक्रबाट सदाको लागि विमुक्ति प्राप्त गर्न अविद्या तृष्णादि आश्रव क्लेश सम्पूर्णलाई समूल जरै देखि उच्छेद उन्मूलन गरी दुःख निरोध गामिनी प्रतिपदको सम्यक् अनुशीलन र अनुशरणको माध्यमद्वारा धातु भेदानुपस्सना नामक प्रस्तुत ग्रन्थमा सविस्तार उपमा सहित व्याख्या र विवेचना गरिए बमोजिम दुःख निरोध सत्य - निर्वाण धर्मलाई अनुभव गर्ने सद् आकांक्षा र सदिच्छाबाट प्रेरित भई कर्मपथमा सकृय रूपबाट सततः जुटिरहेका सद्धर्म प्रेमी श्रद्धालु जनलाई व्याधि धर्मादि सांसारिक दुःख, भय, बिघ्न, बाधा, अन्यरायादि आइपर्दा सो दुःख भय अन्तरायादिबाट मुक्त हुन सहायक हुने खालका प्रचलित केही बौद्ध सूत्रहरू र पाठलाई यहाँ पालीमै संकलन गरी यस पुस्तकमा परिशिष्टको रूपमा थप गर्ने प्रयास गरिएको छ। परित्राणादि सूत्र पाठ गर्ने र श्रवण गर्नेले पालन गर्नु पर्ने गुणाङ्ग धर्महरूको नियम निष्ठापूर्वक पालन गरी निम्न लिखित सूत्रहरू पाठ वा श्रवण गर्नाले अतीतमा मात्र होइन वर्तमानमा पनि कैयन् सद्धर्म प्रेमी श्रद्धालुजनलाई लाभ पुगेको अनुभव गरिएको कारणले यहाँ केही छानिएका बौद्ध सूत्रहरूको पाठ प्रस्तुत गरिएको हो।

यस संकलनबाट विद्वान पाठकहरू लगायत श्रद्धावन्त धार्मिक जनलाई विभिन्न पुस्तकमा छरिएका केही समयोपयोगी सूत्रहरूको अध्ययन, पाठ र अभ्यास गर्न सजिलो हुने धारणा लिइएको छ। भगवान बुद्धले पनि भन्नु भएको छः-

आरोग्य परमा लाभा सन्तुट्ठी परमं धनं।
विस्सास परमा ञाती निब्बानं परमं सुखं॥



Downloaded from http://dhamma.digital

# गिरिमानन्दसुत्तं

"नमोतस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स"

गिरिमानन्दमुत्तं
थेरो यं गिरिमानन्दो आनन्दत्थेर सन्तिका ।
सुत्वा तस्मि खणे येव अहोसि निरूपद्दवो ।
दससञ्ञुपसंयुत्तं परित्तं तं भणामहे ।।

एवं मे सुतं एकं समयं भगवा, सावत्थियं विहरति जेतवने अनाथ पिण्डिकस्स आरामे, तेन खो पन समयेन, आयस्मा गिरिमानन्दो, आबाधिको होति दुक्खितो बाल्हगिलानो । अथ खो आयस्मा आनन्दो, येन भगवा तेनुपसंङ्कमि उपसङ्कमित्वा, भगवन्तं अभिवादेत्वा एकमन्तं निसीदि । एकमन्तं निसिन्नो खो आयस्मा आनन्दो भगवन्तं एतदवोच– 'आयस्मा भन्ते ? गिरिमानन्दो आबाधिको होति दुक्खितो बाल्हगिलानो । साधु भन्ते ! भगवा येनायस्मा गिरिमानन्दो तेनुपसंङ्कमतु अनुकम्प उपादायाति ।"

सचे खो त्वं आनन्द ! गिरिमानन्दस्स भिक्खुनो उपसङ्कमित्वा दससञ्ञा भासेय्यासि, ठानं खो पनेतं विज्जति यं गिरिमानन्दस्स भिक्खुनो दससञ्ञा सुत्वा सो आबाधो ठानसो पटिप्पस्सम्भेय्य । कतमे दस ? अनिच्चसञ्ञा, अनत्तसञ्ञा, असुभसञ्ञा, आदीनवसञ्ञा, पहाणसञ्ञा, विरागसञ्ञा, निरोधसञ्ञा, सब्बलोके अनभिरतसञ्ञा, सब्बसङ्खारेसु अनिच्चसञ्ञा, आनापाणसति ।

(१) कतमाचानन्द ! अनिच्चसञ्ञा ? इधानन्द ! भिक्खु, अरञ्ञगतो वा, रूक्खमूलगतो वा, सुञ्ञागारगतो वा, इति पटिसंचिक्खति, रूपं अनिच्चं, वेदना अनिच्चा, सञ्ञा अनिच्चा, सङ्खारा अनिच्चा, विञ्ञाणं अनिच्चन्ति । इति इमेसु पञ्चसुपादानक्खन्धेसु, अनिच्चानुपस्सी विहरति, अयं वुच्चतानन्द ! अनिच्चसञ्ञा ।



Downloaded from http://dhamma.digital

(२) कमाचावन्द ! अनत्तसञ्ञा ? इधानन्द ! भिक्खु अरञ्ञगतो वा, रुक्खमूलगतो वा, सुञ्ञागारगतो वा, इति पटिसंचिक्खति– चक्खुं अनत्ता, रूपं अनत्ता, सोतं अनत्ता सद्दा अनत्ता, घाणं अनत्ता, गन्धा अनत्ता, जिह्वा अनत्ता, रसा अनत्ता, कायो अनत्ता, फोट्ठब्बा अनत्ता, मनो अनत्ता धम्मा अनत्ताति । इति इमेसु छसु अज्झत्तिकबाहिरेसु, अनत्तानुपस्सी विहरति, अयंवुच्चतानन्द ! अनत्तसञ्ञा ।

(३) कतमाचानन्द ! असुभसञ्ञा ? इधानन्द ! भिक्खु इममेव कायं उद्धं पादतला अधो केसमत्थका तचपरियन्तं पूरं नानप्पकारस्स असुचिनो पच्चवेक्खति– अत्थि इमस्मिं काये केसा लोमा नखा दन्ता तचो, मंसं नहारू अट्ठि अट्ठिमिञ्जं वक्कं, हदयं यकनं किलोमकं पिहकं पप्फासं अन्तं अन्तगुणं उदरियं करीसं, मट्ठलुङ्गं, पित्तं, सेम्हं, पुब्बो, लोहितं, सेदो, मेदो, अस्सु, वसा, खेलो, सिंघानिका, लसिका मुत्तन्ति इति इमस्मिं काये असु-भानु पस्सी विहरति, अयं वुच्चतानन्द ! असुभ सञ्ञा ।

(४) कतमाचानन्द ! आदीनवसञ्ञा ? इधानन्द ! भिक्खु अरञ्ञगतो वा, रुक्खमूल गतो वा, सुञ्ञागारगतो वा, इति पटिसंचिक्खति– बहुदुक्खो खो अयं कायो बहुआदीनवो, इति इमस्मिं काये विविधा आवाधा उपज्जन्ति । सेय्यथीदं– चक्खुरोगो, सोतरोगो, घाणरोगो, जिह्वारोगो, कायरोगो, सीसरोगो, कण्ण रोगो, मुखरोगो, दन्तरोगो, कासो सासो पीणासो डहो जरो कुच्छिरोगो, मुच्छा, पक्खन्दिका, सूला, विसूचीका, कुट्ठं, गण्डो, किलासो, सोसो, अपमारो, दद्दु, कण्डु, कच्छु, रखसा, वितच्छिका, लोहितपित्तं मधुमेहो अंसा पिलका भगन्दला । पित्तसमुट्ठाना आबाधा, सेह्मसमुट्ठाना आबाधा, वातसमुट्ठाना आबाधा, सन्निपातिका आबाधा, उतुपरिणामजा आबाधा, विसमपरिहारजा आबाधा, ओपक्कमिका आबाधा, कम्मविपाकजा आबाधा, सीतं, उण्हं, जिघच्छा, पिपासा, उच्चारो, पस्सावोति, इति इमस्मिं काये आदीनवानुपस्सी विहरति, अयं वुच्चतानन्द आदीनवसञ्ञा ।



Downloaded from http://dhamma.digital

(५) कतमाचानन्द ! पहाणसञ्ञा इधानन्द ! भिक्खु, उप्पन्नं कामवितक्कं नाधिवासेति पजहति, विनोदेति व्यन्ती करोति अनभावं गमेति । उप्पन्नं व्यापादवितक्कंनाधिवासेति पजहति, बिनोदेति, व्यन्ती करोति अनभावं गमेति । उप्पन्नं विहिंसा वितक्कं नाधिवासेति पजहति विनोदेति व्यन्ती करोति अनभावं गमेति । उप्पनुप्पन्ने पापके अकुसले धम्मे नाधिवासेति पजहति, विनोदेति व्यन्तीकरोति अनभावं गमेति । अयं वुच्चतानन्द ! पहान सञ्ञा ।

(६) कतमाचानन्द ! विरागसञ्ञा ? इधानन्द! भिक्खु अरञ्ञगतो वा, रूक्खमूलतो वा, सुञ्ञागारगतो वा, इति पटिसंचिक्खति, एतं सन्तं एतं पणीतं यदिदं सब्बसङ्खार समथो, सब्बुपधि पटिनिस्सग्गो तण्हक्खयो विरागो, निरोधो, निब्बानन्ति । अयं वुच्चतानन्द विरागसञ्ञा ।

(७) कतमाचानन्द ! निरोधसञ्ञा, इधानन्द ! भिक्खु अरञ्ञगतो वा, रूक्खमूलगतो बा, सुञ्ञागारगतो वा, इति पटिसंचिक्खति, एतं सन्तं एतं पणीतं यदिदं सब्ब सङ्खारसमथो, सब्बुपधि पटिनिस्सग्गो तण्हक्खयो विरागो निरोधो निब्बानन्ति, अयं वुच्चतानन्द ! निरोधसञ्ञा ।

(८) कतमाचानन्द सब्बलोके अनभिरतसञ्ञा, इधानन्द भिक्खु, ये लोके उपायुपादाना चेतसो, अधिट्ठानाभिनिवेसानुसया, ते पजहन्तो विरमति, न उपादियन्तो, अयं वुच्चतानन्द ! सब्बलोके अनभिरतसञ्ञा ।

(९) कतमाचानन्द सब्बसङ्खारेसु अनिच्चसञ्ञा, इधानन्द भिक्खु, सब्बसङ्खारेहि अट्टीयति हरायति जिगुच्छति, अयं वुच्चतानन्द सब्ब सङ्खारेसु अनिच्चसञ्ञा ।

(१०) कतमाचानन्द ! आनापानसति इधानन्द भिक्खु, अरञ्ञगतो वा, रूक्खमूलगतो वा, सुञ्ञागारगतो वा, निसीदति पल्लङ्कं आभुजित्वा, उजुं कायं पणीधाय परिमुखं सतिं उपट्ठपेत्वा ।



Downloaded from http://dhamma.digital

सो सतोव अस्ससति सतोवपस्ससति। दीघंवा अस्ससन्तो दीघं अस्ससामीति पजानाति, दीघंवा पस्ससन्तो दीघं पस्ससामीति पजानाति। रस्संवा अस्ससन्तो रस्सं अस्ससामीति पजानाति, रस्संवा पस्ससन्तो रस्सं पस्ससामीति पजानाति। सब्बकायपटिसंवेदी अस्ससिस्सामीति सिक्खति, सब्बकाय पटिसंवेदी पस्ससिस्सामीति सिक्खति।

पस्सम्भयं कायसङ्खारं अस्ससिस्सामीति सिक्खति, पस्सम्भयं कायसङ्खारं पस्ससिस्सामीति सिक्खति।

पीतिपटिसंवेदी अस्ससिस्सामीति सिक्खति, पीतिपटि संवेदी पस्ससिस्सामीति सिक्खति।

सुखपटिसंवेदी अस्ससिस्सामीति सिक्खति, सुखपटिसंवेदी पस्ससिस्सामीति सिक्खति।

चित्तसङ्खार पटिसंवेदी अस्ससिस्सामीति सिक्खति, चित्त-सङ्खार पटिसंवेदी पस्ससिस्सामीति सिक्खति।

पस्सम्भयं चित्तसङ्खारं अस्ससिस्सामीति सिक्खति। पस्सम्भयं चित्तसङ्खारं पस्ससिस्सामीति सिक्खति।

चित्तपटिसंवेदी अस्ससिस्सामीतिसिक्खति। चित्तपटि संवेदि पस्ससिस्सामीति सिक्खति।

अभिप्पमोदयं चित्तं अस्ससिस्सामीति सिक्खति, अभिप्प-मोदयं चित्तं पस्ससिस्सामीति सिक्खति।

समादहं चित्तं अस्ससिस्सामीति सिक्खति, समादहं चित्तं पस्ससिस्सामीति सिक्खति।

विमोचयं चित्तं अस्ससिस्सामीति सिक्खति, विमोचयं चित्तं पस्ससिस्सामीति सिक्खति।

अनिच्चानुपस्सी अस्ससिस्सामीति सिक्खति, अनिच्चानुपस्सी पस्ससिस्सामीति सिक्खति।

विरागानुपस्सी अस्ससिस्सामीति सिक्खति, विरागानुपस्सी पस्ससिस्सामीति सिक्खति।



Downloaded from http://dhamma.digital

निरोधानुपस्सी अस्ससिस्सामीति सिक्खति, निरोधानुपस्सी पस्ससिस्सामीति सिक्खति ।

पटिनिस्सग्गानुपस्सी अस्ससिस्सामीति सिक्खति, पटिनिस्सग्गानुपस्सी पस्ससिस्सामीति सिक्खति । अयं वुच्चतानन्द आनापानसति ।

सचे खो त्वं आनन्द ! गिरिमानन्दस्स भिक्खुनो उपसङ्कमित्वा इमा दससञ्ञा भासेय्यासि, ठानं खो पनेतं विज्जति यं गिरिमानन्दस्स भिक्खुनो इमा दससञ्ञा सुत्वा सो आबाधो ठानसो पटिप्पस्सम्भेय्याति ।

अथ खो आयस्मा आनन्दो भगवतो सन्तिके इमा दससञ्ञा उग्गहेत्वा । येनायस्मा गिरिमानन्दो, तेनुपसंकमि उपसंकमित्वा आयस्मातो गिरिमानन्दस्स इमा दससञ्ञा अभासि । अथ खो आयस्मतो गिरिमानन्दस्स, इमा दससञ्ञा सुत्वा सो आबाधो ठानसो पटिप्पस्सम्भि, वुट्ठाहिचायस्मा गिरिमानन्दो तह्मा आबाधा तथा पहिणो च पनायस्मतो गिरिमानन्दस्स सो आबाधो अहोसी'ति ।

।। गिरिमानन्दसुत्तं निट्ठितं



Downloaded from http://dhamma.digital

# बोज्झंग सुत्तं

संसारे संसरन्तानं, सब्ब–दुक्ख–विनासने ।
सत्त धम्मेच बोज्झङ्गे, मार–सेना–पमद्दने ।।

बुज्झित्वा येचि.मे सत्ता, ति–भवा मुत्तकु.त्तमा ।
अ–जाति.म–जरा–ब्याधि, अ–मतं निब्भयं गता ।।

एवमा.दि–गुणू.पेतं. अनेक–गुणसङ्गहं ।
ओसधञ्च इमं मन्तं, बोज्झङ्गञ्च भणाम हे !

बोज्झङ्गो सति–सङ्खातो, धम्मानं–विचयो तथा ।
वीरियं पीति–पस्सद्धि, बोज्झङ्गा च तथा.परे ।।१।।

समाधु.पेक्खा–बोज्झङ्गा, सत्ते.ते सब्ब–दस्सिना ।
मुनिना सम्म–दक्खाता, भाविता वहुली– कता ।।२।।

संवत्तन्ति अभिञ्ञाय, निब्बानायच बोधिया ।
एतेन सच्च वज्जेन, सोत्थि ते होतु सब्वदा ।।३।।

एकस्मिं समये नाथो, मोगल्लानञ्च कस्सपं ।
गिलाने दुक्खिते दिस्वा, बोज्झङ्गे सत्त देसयि ।।४।।

ते च तं अभिनन्दित्वा, रोगा मुच्चिसु तङ्खणे ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्बदा ।।५।।

एकदा धम्म–राजापि, गेलञ्ञे ना.भिपीलितो ।
चुन्दत्थेरेन तंयेव, भणापेत्वान सा.दरं ।।६।।

सम्मोदित्वान आबाधा, तह्मा वुट्ठासि ठानसो ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्बदा ।।७।।

पहीना तेच आबाधा, तिण्णन्नम्पि महेसिनं ।
मग्गा–हता किलेसा. व, पत्ता.नुपत्ति–धम्मतं ।
एतेन सच्च–वज्जेन, सोत्थि ते होतु सब्वदा ।।८।।

बोज्झङ्ग–सुत्तं निट्ठितं



Downloaded from http://dhamma.digital

# पट्ठानपालि

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

## पच्चयुद्देसपालि

१) हेतुपच्चयो
२) आरम्मणपच्चयो
३) अधिपतिपच्चयो
४) अनन्तरपच्चयो
५) समनन्तरपच्चयो
६) सहजातपच्चयो
७) अञ्ञमञ्ञपच्चयो
८) निस्सयपच्चयो
९) उपनिस्सयपच्चयो
१०) पुरेजातपच्चयो
११) पच्छाजातपच्चयो
१२) आसेवनपच्चयो
१३) कम्मपच्चयो
१४) विपाकपच्चयो
१५) आहारपच्चयो
१६) इन्द्रियपच्चयो
१७) झानपच्चयो
१८) मग्गपच्चयो
१९) सम्पयुत्तपच्चयो
२०) विप्पयुत्तपच्चयो
२१) अत्थिपच्चयो
२२) नत्थिपच्चयो
२३) विगतपच्चयो
२४) अविगतपच्चयोति

पच्चयुद्देसो निट्ठितो ।।

पट्ठान २४ गू प्रत्यय संक्षिप्त ववचाल



Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital



# लेखक परिचय

अनुवादक – श्री आर. बि. वन्द्य

शिक्षा – एम. ए. (अर्थ शास्त्र)

अतिरिक्त रूची – साहित्य र धर्म दर्शनको सेवा ।

साहित्य – विभिन्न मासिक पत्रिकाहरूमा साहित्यिक रचनाहरू प्रकाशित ।

धर्म र दर्शन – हाल सम्ममा बुद्ध धर्म बिषयको आठ वटा पुस्तक प्रकाशित ।

भ्रमण – भारत, चीन, श्रीलङ्का, माल्दीभ्स, थाइलाण्ड, फिलिपिन्स, सिंगापुर, हङकङ्ग, अष्ट्रेलिया, पपुआ न्यूगिनी, इटाली, संयुक्त अधिराज्य, फ्रान्स, इराक, युगोस्लाभिया आदि ।

प्रशंसापत्र – नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्रशंसापत्र र फिलिपिन्स, बागियोको "वाइज मेन्स क्लब" बाट प्रथम मानार्थ सदस्यता प्रदान ।

धार्मिक संघ संस्थाको सदस्यता – श्री शाक्य सिंह महाविहार, थैना, ललितपुर, श्री सुमंगल विहार, ललितपुर र श्री नगर मण्डप श्री कीर्ति महाविहार, कीर्तिपुर, काठमाडौंका आजीवन सदस्य ।

धार्मिक दृष्टिकोण – उदारवादी आर्यमार्गको उदार अवलम्बन र अनुशरणबाट व्यक्तिगत हित सुखका साथै विश्व शान्ति प्राप्तिमा सकारात्मक योगदान पुग्ने विश्वास ।

खास्तोमान शाक्य

सम्पादक–"द स्क्रिप्ट"

Downloaded from http://dhamma.digital